
असार १, २०६३

# समय

राष्ट्रिय साप्ताहिक

## सैनिकको गाँस काटेर मनोमानी



# मित्रतामा फड्को

## नेपालमा बालश्रमविरुद्ध अभियान



प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र
भारतीय प्रधानमन्त्री डा. मनमोहन सिंह

सूचना विभाग




वर्ष ३, अंक ११०, जेठ २६–असार १, २०६३

**आवरण :** प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारतभ्रमण नेपाल–भारत सम्बन्धमा ठूलो फड्को सावित भएको छ। भारत सरकार र प्रधानमन्त्री डा. मनमोहन सिंहले लोकतन्त्रको स्थापनापछि नेपाली प्रधानमन्त्रीले गरेको भारत भ्रमणलाई खुब महत्त्व दिएका छन्। हतारमा भएको यो भ्रमणले शान्ति स्थापना र आर्थिक सुधारका लागि बाटोसमेत खुला गरेको छ २४




आवरण : भारतका राष्ट्रपति एपिजे अब्दुल कलामसँग प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला। *तस्वीरः सूचना विभाग*

## विशेष रिपोर्ट

सिपाहीको गाँस काटेर पोसाएको कल्याणकारी कोषबारे केही सोध्नसमेत सक्दैनन् तिनै सिपाहीहरू पनि ! ३२

यार्सागुम्बा माओवादी, ठूला व्यापारी र तस्करहरूका लागि वरदान भएको छ १६

## रिपोर्ट

अब स्वायत्तता होइन, साम्यवाद २०

## अपराध

नयाँ गुन्डा गिरोह जन्मिएको हो त ? २२

## बालश्रम विशेष

अबोधहरूमाथिको सामाजिक शोषण अझै उस्तै छ ३७

## खेलकुद

यसपालिको विश्वकपको कसले कुम्ल्याउला ? ब्राजिल, इङ्ल्यान्ड, अर्जेन्टिना वा जर्मनी ? ४६



साइबरसंसारडटकम

रंग : पूजा प्रधान र उनको भावभंगिमा : बोल्ड, ब्युटीफुल र चार्मिङ पनि ! ५४


सम्पादकीय ........ ५
प्रारम्भ ........ ७
डाँक ........ ८
मुलुक ........ ११
आर्थिक टिपोट ........ ४३
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८


समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४

समय
साप्ताहिक
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.द्वारा**
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
फोंछे, न्यूरोड
फोन नं. २०१०८२१

## सम्पादकीय

# सरकारका लागि चेतावनी

**सर्वोच्च अदालतले** अपेक्षित तथा संविधानसम्मत हिसाबले शाही सरकारका तीनजना मन्त्रीहरूलाई रिहा गरेको छ। विधिको शासनबाट निर्देशित हुनु पर्ने सामान्य मर्यादा बेवास्ता गर्दै प्रतिशोधको भावनाबाट प्रेरित हुनु कुनै पनि प्रजातान्त्रिक सरकारका लागि शोभनीय मानिँदैन। र, खास गरी गिरिजाप्रसाद कोइराला सरकार लोकतान्त्रिक आन्दोलनको शक्ति र बलमा सत्तामा पुगेकोले कानुनको मर्यादा र सीमालाई अतिक्रमण नगर्नु उसको अर्थ र कर्तव्य दुवै हो।

सुरक्षा कानुनअन्तर्गत थुनामा राख्नु पर्ने कुनै उचित र पर्याप्त कारण नभएकाले सर्वोच्चले उनीहरूको रिहा आदेश जारी गर्दा प्रजातान्त्रिक व्यवस्था शासकको हुकुममा छैन, कानुनको सर्वोच्चताबाट निर्देशित हुन्छ भन्ने प्रमाण पनि सर्वत्र पुगेको छ। तर, रिहा हुने पूर्वमन्त्रीहरू खासगरी रमेशनाथ पाण्डे राजनीतिक अपराधी र संविधान उल्टाउने षड्यन्त्रकारीमध्येका हुन् भन्ने कुरामा मुलुक आश्वस्त छ। मुलुक र प्रजातन्त्रविरुद्ध तथा आफ्नो निजी स्वार्थ र राजनीतिका लागि सरकारी ढुकुटी र पदीय दुरुपयोग गरेको आरोप मात्र हैन, अनेकौं प्रमाण उपलब्ध हुँदाहुँदै पनि सरकारले हतारमा र असान्दर्भिक कानुनअन्तर्गत पाण्डेहरूलाई गिरफ्तार गरेर एकातिर कानुन उल्लंघन गरेको थियो भने अर्कोतिर रायमाझी आयोगको अधिकार तथा निर्दिष्ट दायित्वलाई अपहरण गर्ने कोसिस गरेको थियो।


समय

शाही सरकारका केही पूर्वमन्त्रीहरूको गिरफ्तारी तथा जनपद तथा सशस्त्र प्रहरीका उपल्लो तहमा प्रतिशोध प्रेरित निलम्बनले सरकार आयोगलाई शिखण्डीका रूपमा प्रयोग या दुरुपयोग गर्न त चाहन्न भन्ने प्रश्न उठ्नु अस्वभाविक हैन।

प्रजातन्त्रमा गल्तीबाट सिक्नै पर्ने या सिक्न पाइने अवसर हुन्छ। तर, प्रतिनिधिसभा पुनःस्थापना भएको वर्तमान अवसरमा सर्वोच्च अदालतको स्वतन्त्र हैसियतलाई कुण्ठित गर्ने हिसाबले शाही सरकारका मन्त्री रिहा प्रसंगलाई महाभियोगको विषय बनाउने केही असहिष्णु र धम्कीपूर्ण स्वर पनि सुनिन थालेका छन्, संसद्को उन्मुक्तिको नाजायज फाइदा उठाउँदै। सर्वसत्ता र सर्वोच्चता आफैमा ग्रहण गर्न पुगेको प्रतिनिधिसभाका लागि पनि चुनौती हो यो - माघ १९ पछिका राजाकै शैलीमा उनको विकल्प बन्ने या कानुनको सर्वोच्चताप्रति समर्पित जनताको प्रतिनिधि थलोका रूपमा ऐतिहासिक भूमिका निर्वाह गर्ने ? शाही मन्त्रीहरू रिहाइ प्रकरणमा सर्वोच्चको यो फैसलाबाट उचित र सकारात्मक पाठ सिकेर आयोगको त्रास देखाउँदै सुरक्षानिकायहरू खास गरी जनपद र सशस्त्र प्रहरीभित्र नातावाद, कृपावाद र गैर- व्यवसायिकतालाई प्रश्रय मिल्ने प्रकृतिका केही कार्यलाई सुधार नगरेमा प्रधानमन्त्री कोइरालालाई अन्ततोगत्वा गृह मन्त्रालयद्वारा ठूलो आघात पुग्ने निश्चितप्रायः छ।

संसदीय प्रजातन्त्रमा जवाफदेहिता महत्त्वपूर्ण धर्म हो, सत्ता र विपक्षमा बस्ने कुनै पनि सदस्यको। शाही मन्त्री गिरफ्तारीमा देखा परेको त्रुटिलाई ध्यानमा राख्दै रायमाझी आयोगको अधिकार क्षेत्रमा हस्तक्षेप हुने गरी भएका सबै अन्य निर्णय फिर्ता लिँदै आयोगले स्वतन्त्रता र विनापूर्वाग्रहपूर्ण तरिकाले काम गर्ने वातावरण सिर्जना गर्नु आवश्यक छ सरकारले। ■




## समय साता

**जेठ १८**

- भाषिक अधिकारको माग गर्दै काठमाडौंमा नेवार समुदायद्वारा विरोध ऱ्याली ।
- काठमाडौंमा गरिने माओवादीको आमसभालाई सफल बनाउन सयौं सवारीसाधन माओवादी नियन्त्रणमा, हजारौं यात्रु अलपत्र ।

**जेठ १९**

- माओवादीद्वारा राजधानीमा व्यवस्थित विशाल जनसभा, लाखौं नागरिकको माओवादीको सहभागिता, वार्ताप्रति माओवादी सकारात्मक भएको दावी ।
- युरोपेली संघद्वारा राजाको शासनलगत्तै स्थगन गरिएको सहयोग फुकुवा, थप सहयोग गर्न संघ तयार ।
- शाही सरकारले सञ्चारक्षेत्रमा लागू गरेको एकद्वार विज्ञापन नीति खारेज ।
- मुगुको गमगढीमा भएको आगलागीमा सात घर नष्ट, लाखौंको धनमालको क्षति ।

**जेठ २०**

- कंगोमा अपहृत नेपाली सैनिक मुक्त,
- एमालेका नेता वामदेव गौतमद्वारा राजालाई दरवार छोडेर नागरिक बन्न आग्रह ।

**जेठ २१**

- जनताको जितबाट गरिएको प्रतिनिधिसभाको घोषणालाई मूर्तरूप दिन ल्याउन लागिएको प्रतिनिधिसभा नियमावली एक्कासि स्थगित ।
- नजरबन्दमा रहेका पूर्व तीन मन्त्री रमेशनाथ पाण्डे, श्रीसशमशेर राणा र निक्षशमशेर राणा सर्वोच्च अदालतको आदेशमा रिहा ।

**जेठ २३**

- प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमणका बेला भारतसँग विभिन्न क्षेत्रको विकासका लागि ७५ अर्ब रुपैयाँ सहयोगको लागि आग्रह गरिने नेपाल सरकारद्वारा जानकारी ।
- पाल्पामा भएको जिप दुर्घटना र बझाङमा भएको बस दुर्घटनामा गरी एघार जनाको मृत्यु ।
- दक्षिण कोरियामा कामदार पठाउने विवाद सुल्झाउन सरकार आफै कामदार छनोट गर्न अग्रसर ।

**जेठ २४**

- प्रधानमन्त्रीको गिरिजाप्रसाद कोइराला सद्भावना भ्रमणका क्रममा भारत प्रस्थान, कोइरालाको ऐतिहासिक स्वागत ।
- १ करोड ७६ लाख रुपैयाँ बराबरको सेतो हेरोइनसहित नाइजेरियाली नागरिक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ ।



**निधन :** दिल्ली सम्झौतापछि २००७ सालको राणा-कांग्रेस संयुक्त सरकारमा मधेसको प्रतिनिधित्व गर्दै कांग्रेस कोटामा यातायातमन्त्री बनेका पुराना राजनीतिज्ञ भद्रकाली मिश्रको १७ जेठमा ८७ वर्षको उमेरमा भारतको राँचीमा निधन भयो । २००७ सालपछिको एक दशकको अस्थिर राजनीतिक वातावरणमा कांग्रेस, जनकांग्रेस, प्रजापरिषद् हुँदै कांग्रेसको जिम्मेवार पदमा रहेर काम गरेका मिश्र लामो समयको राजनीतिक निष्क्रियतापछि ०४७ सालको संविधानअन्तर्गत गठित राजपरिषद्का प्रथम सभापनि हुन् ।




## महँगो तिर्खा कि शोख ?

एक दिनको तीन सय रुपैयाँ ज्याला पाउने यी भरियाले सगरमाथा आधारशिविरबाट झर्दा बोटलको दुई सय रुपैयाँ पर्ने कोक नै घुट्काए । आखिर महंगो तिर्खा कि शोख ?

■ तस्वीर: भास्वर ओझा




## ताली पनि दबाबमा ?

*समय*को वर्ष ३, अंक १०९ मा 'दबाब र त्रास' रिपोर्ट पढेपछि एकतर्फी रूपमा माओवादीको आलोचना गरेजस्तो लाग्यो । कुनै पनि राजनीतिक दलले आफ्नो सभा सम्मेलनमा सहभागी हुन जनतालाई आग्रह गर्छन्, यसलाई नौलो मान्न मिल्दैन । माओवादीले पनि यही गरेका हुन् ।

यदि माओवादीको दबाबको भरमा आमजनता माओवादीको जनसभामा गएका भए माओवादी नेताको भाषण हुँदा ताली बजाएर समर्थन गर्ने थिएनन् । पक्कै पनि हरेक उपस्थितलाई ताली बजाउन पनि माओवादीले दबाब दिएका होइनन् । वार्तामा आउन लागेका विद्रोही पक्षको मात्र दोष देखाएर जनतासामु भ्रम फैलाउनु राम्रो नहोला कि !

**सञ्जीव बगाले**
कलंकी- १४, काठमाडौं

## मनपर्दी नाम परिवर्तन

लोकतन्त्रको बहालीसँगै मुलुकमा राजा र राजतन्त्रसँग जोडिएका नामहरू परिवर्तन भइरहेका छन्, जुन असाध्यै राम्रो कदम हो । शाही नेपाली सेना नेपाल सेनामा रूपान्तर हुनु, श्री ५ को सरकार नेपाल सरकार बन्नुले आन्दोलनकारी नेपालीको भावनाको कदर भएको छ ।

तर, पछिल्लो समयमा राजा-महाराजा वा उनीहरूका परिवारका सदस्यको नाम जुधेका जुनसुकै ठाउँ, संस्था, शैक्षिक निकायको नाम परिवर्तन गर्ने लहड चलेको छ । *समय*को १०९ अंकमा यसैगरी क्याम्पसहरूको नाम परिवर्तन गरिएकोबारे रिपोर्ट पढ्दा मलाई आफूले सोचेको कुरा नै लेखिदिएको जस्तो लाग्यो । सरकारले कुनै नियम बनाएर यस्ता पुराना नाम परिवर्तन गरे त ठिक छ, नत्र उत्तेजित भएर आफैं जे मन लाग्यो त्यही नाम राख्नु परिवर्तनका लागि परिवर्तनमात्र हुनेछ । भनौं न, रत्नराज्यलक्ष्मी क्याम्पसको नाम त नेपाल मानविकी क्याम्पस राखियो रे, अब पृथ्वीनगर गाविसको नाम के राख्ने ? रत्ननगर नगरपालिकाको नाम के राख्ने ? मन्त्रिपरिषद्को पछिल्लो विस्तारमा मन्त्री बनेका ज्ञानेन्द्रबहादुर कार्कीको नाम कसरी परिवर्तन गर्ने ? राजकुमार, युवराज, पारस, ज्ञानेन्द्र नाम भएकाहरूले के गर्ने ?

राष्ट्रिय जीवनमा अर्थ राख्ने नामहरू परिवर्तनको तुक भए पनि सबै नाम हचुवाका भरमा फेर्नुको कुनै तुक छैन जस्तो लाग्छ ।

**केशव उप्रेती**
भद्रपुर, झापा




## फुटबल संघको स्पष्टीकरण

*समय* वर्ष ३, अंक १०९ मा खेलकुदको बारेमा छापिएको रिपोर्टमा फुटबल संघको ध्यानाकर्षण भएको छ । निम्न बुँदाहरू स्पष्ट पार्न चाहन्छौं ।

- एसियाली फुटबल महासंघबाट नियमित बार्षिक कुनै पनि आर्थिक सहयोग प्राप्त नहुने व्यहोरा अनुरोध छ , पत्रिकामा उल्लेख भए अनुरूप प्राप्त रकम एएफसी प्रेसिडेन्टकपको सञ्चालनको लागि प्राप्त भएको हो । साथै एएफसीबाट तोकिएको निश्चित कार्यक्रम निश्चित अवधिको लागि मात्र अनुदान प्राप्त हुने व्यहोरा अनुरोध छ ।
- प्रेसिडेन्टकपका लागि शिक्षा तथा खेलकुद मन्त्रालयबाट प्राप्त रकमको २९ लाख मध्ये २० लाख मात्र खर्च भएको भन्ने सम्बन्धमा सो रकम प्रतियोगिता सञ्चालन तथा दशरथ रंगशालाको भौतिक पूर्वाधार तथा निर्माणका लागि प्राप्त भएकोले २०, ४१, १८८/६८ खर्च भएको र बाकी रकम प्रतियोगिता सञ्चालन दौरान खर्च भएको अनुरोध गर्दछु । संघलाई परिषद मार्फत रकम प्राप्त भएकोले संघले राष्ट्रिय खेलकुद परिषद्मा हिसाब किताब बुझाएको अनुरोध गर्दछु ।
- खेलाडीको मासिक तलबका सम्बन्धमा प्रतिवयक्ति मासिक दुई हजारको दरले वार्षिक ४ लाख ८० हजार हुन आए पनि १ लाख ८० हजार मात्र देखिएकोमा खेलाडीहरूलाई एक मुष्ट रकम दिदा केही राहत मिल्ने भएकोले ५/६ महिनामा एकै चोटी प्रदान गरिने गरेकोले आाव ०६१/६२ मा साउनसम्म भुक्तानी भैसकेको र बाकी आव ०६१/६२ मा भाद्रदेखि पौषसम्म भुक्तानी गर्दा १ लाख ८० हजार भएको र बाकी माघदेखि आव ०६२/६३ मा देखिने व्यहोरा अनुरोध गर्दछु ।
- एन्फा कोकाकोला फुटलका सम्बन्धमा कार्यक्रम २०५५ मा भएपनि तत्कालिन महासचिवले



लिएको पेस्की फर्स्योट आव ०६१/६२ मा गरेको हुदा सो रकम लेखा परिक्षण प्रतिवेदनमा देखिन आएको हो ।
- फिफाले लेखेको पत्रको सम्बन्धबारे संघको विवादित अवस्थाका बेलामा फिफाले आफ्नो प्रतिनिधि मार्फत संघको हिसाब बुझ्न चाहेकोले केपीएमजी कै प्रतिनिधि मार्फत लेखा परिक्षणसमेत गरिएको थियो । संघमा उत्पन्न विवादका कारण दुई ठाउमा अफिस (सातदोबाटो र कुपण्डोल) भएकोले केपीएमजीका प्रतिनिधिले लेखा परिक्षण प्रतिवेदन तयार गरी फिफामा पठाई ८ हजार ४ सय ४ अमेरिकी डलर बेरुजु देखाएको थियो ।
- जापान फुटबल संघ र शिक्षा तथा खेलकुद मन्त्रालयबाट पठाएको रकमका बारेमा बाँकी रहेको पैसा जुनियर लिग ए डिभिजन लिग फुटबल प्रतियोगितामा खर्च गरिएको अवगत गराउँछौं ।

प्रतियोगिताका क्रममा घाइते खेलाडीहरूलाई कल्याणको ब्याजबाट औषधोपचार गरिँदै आइएको छ । आहाराको सवालमा प्रशिक्षणलाई मद्देनजर गरी आवश्यक क्यालोरी खुवाउँदै आएको छ । २०५९ सालमा संघले फुटबलमा राखिएको एन्फा एकेडेमी अन्तर्गत खेलाडीहरूले एकेडेमी छोडेको नभई केही गुनासोका कारण सो एकेडेमी नै काठमाडौं स्थानान्तरण गरिएको जानकारी गराउँछौं ।

**ललितकृष्ण श्रेष्ठ**
प्रवक्ता अखिल नेपाल फुटबल संघ

## यही हो लोकतन्त्र ?

*समय* अंक १०८ मा सेना र प्रहरीमा रहेको दासप्रथाबारे पढेर मन कटक्क काटियो । लाखौं रुपैयाँ खर्च गरेर मुलुकले उत्पादन गर्ने एउटा सिपाहीलाई ठूलाबडाको घरमा भाँडा माझ्न, लुगा धुन, बगैंचा गोड्न लगाइने यथार्थले थाहा हुन्छ- मुलुकमा लोकतन्त्र आए पनि सुरक्षानिकायहरूमा आएकै रहेनछ !

लोकतन्त्र आएको यतिका दिन बितिसक्दा पनि सरकारले सेना-प्रहरीमा रहेको दासप्रथा हटाउन कुनै पहल नगरेको देख्दा अझ दुःख लागेको छ । झन्डै १५ हजार सेना र प्रहरीका तल्लो तहका



सिपाहीहरू ठूलाबडाको व्यक्तिगत सेवामै खटिनुपर्छ भन्ने थाहा छैन कि क्या हो, सरकारमा बसेकाहरूलाई ? स-साना विषयमा पनि छलफल गरेर नथाक्ने प्रतिनिधिसभामा पनि अहिलेसम्म पनि यसबारे खासै चासो नउठाइएको देख्दा जनआन्दोलनको भावना नेताहरूले नबुझेको रै'छ कि जस्तो लागेको छ। मेजर, कर्णेल र जर्नेललाई घरेलु नोकर पूर्ति गर्न मुलुकले वार्षिक २ अर्ब खर्च गर्नुपर्दा पनि किन कोही बोल्न नसकेको हो ?

हुनत सरकार सेनासँग डराएको पछिल्ला घटनाक्रमले प्रस्टै देखाएका छन्। प्रहरी र सशस्त्रका प्रमुखहरूलाई कारबाही गरे पनि सरकारले सेनाप्रमुख र बलाधिकृतलाई कारबाही गर्ने आँट गर्न नसकेको प्रस्टै देखियो। जनतामाथि अनावश्यक दमन गर्ने, लोकतन्त्रको चाहना राख्ने नेपालीहरूलाई बुट, कुन्दा र लाठीले दबाउन खोज्ने जत्थाको नेतृत्व गर्ने सेनाप्रमुखसम्मलाई त कारबाही गर्न नसक्ने सरकारबाट सर्वसाधारणले सेना-प्रहरीमा रहेको दासप्रथा हटाउन कुनै पहल थालिएला भनेर कसरी आशा गर्ने ?

■ **विक्रम कार्की**
मैतिदेवी, काठमाडौं

## *समय*लाई धन्यवाद

*समय*को वर्ष ३, अंक १०८ मा छापिएको किरण भण्डारीको राष्ट्रसेवा कि दासता भन्ने रिपोर्ट पढ्दा नेपाली सुरक्षा क्षेत्रमा कानुनी कमैया देखायो। यो रिपोर्टका लागि *समय*लाई धन्यवाद। लोकतान्त्रिक व्यवस्थामा राज्यपक्षबाट तलब लिने पियनदेखि विशिष्ट व्यक्तिसम्म कर तिर्ने जनतासामु उत्तरदायी बन्नु पर्ने बेला कमैयाप्रथा रहेको सुरक्षाफौजभित्रको व्यवस्था अन्त्य गर्न सक्नु पर्छ, सरकारले।

अब सेना संसद्को मातहतमा रहेकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८, नेपाल अधिराज्यको संविधानको धारा ९७ र ९८ संशोधन गरेर प्रजातन्त्रपछिका सेनाका अधिकृतस्तरका पदाधिकारीहरूको सम्पत्ति छानबिन गरेर कारबाही गर्नु पर्छ।

■ **ओमप्रसाद उपाध्याय**
भृकुटीनगर, नेपालगन्ज

## खबरदारी जारी छ

जेठ ४ को *समय* हात पर्‍यो। उपप्रधानमन्त्री केपी ओलीको अन्तर्वार्ता समेत पढ्ने मौका पाइयो। अब नेताहरूले खुट्टा कमाउँदैनन् भन्ने ओलीको भनाइप्रति अलिकति प्रतिवाद गर्न मन लाग्यो। ०४६ पछिका नेताहरू पनि आन्दोलनबाटै आएका हुन्। पहिले खबरदारी नगरेकाले नै पजेरो र टनकपुर संस्कृति आएको हो। त्यसैले नेताहरूलाई खबरदारी गर्न जरुरी छ।

■ **जी गौली**
जुम्ला, हाल नेपालगन्ज






लाहानस्थित प्राविधिक शिक्षालयमा कृषि विषय अध्ययनरत महिला विद्यार्थीहरू

# कृषि शिक्षामा महिला आकर्षण

**रोजगारीको अवसर** मात्र नभएर शिक्षापछि आत्मनिर्भर बन्न सकिने प्राविधिक शिक्षामा महिलाहरूको आकर्षण बढ्दै गएको छ।

पूर्वाञ्चलमा हाल सरकारीस्तरबाट धनकुटा र सिरहामा रहेका शिक्षालयले कृषि विषयमा शिक्षा प्रदान गरिरहेका छन् भने मोरङमा निजीस्तरबाट संचालित मदन आश्रित स्मृति प्रतिष्ठानले यसैमा शिक्षा दिइरहेका छन्। कृषि शिक्षामा सरकारीस्तरबाट धनकुटा उत्तरपानीमा संचालित शिक्षालयले कोटा प्रणालीअन्तर्गत ८०, लाहानले ९६ र निजीस्तरको मदन आश्रित प्रतिष्ठानले ८० जना विद्यार्थीलाई तालिम दिइरहेका छन्।


पूर्वाञ्चल क्षेत्रमा कृषि शिक्षामा पछिल्लो समयमा महिलाको सहभागिता उल्लेख्य रूपमा बढेको छ। कोटा प्रणालीअन्तर्गत २० प्रतिशत मात्र महिलालाई छुट्याइएकोमा हाल महिला विद्यार्थीको संख्या कोटाभन्दा बढी रहेको तथ्यांकले देखाएको छ। अहिले धनकुटामा ३५, मोरङमा ३५ र लाहानमा ५० जना महिला विद्यार्थी अध्ययनरत छन्।

पशुपालन र बाली विज्ञान विषयमा अध्यापन गराइने कृषि शिक्षामा महिलाहरू मुख्यतः बाली विज्ञानतर्फ आकर्षित भएको लाहान प्राविधिक शिक्षालयका शिक्षा संयोजक राजेश्वर महतो बताउँछन्। शिक्षा पछि रोजगारी निश्चित भएकोले पनि यसमा महिलाको आकर्षण बढेको उनको भनाइ छ। महिलाहरूलाई प्राविधिक शिक्षातर्फ आकर्षित गराई दक्ष र आत्मनिर्भर बनाउने उद्देश्यले प्राविधिक शैक्षिक संस्थाले छात्रवृत्ति र आरक्षण कोटासमेत छुट्याएका छन्। मोरङले २५, लाहान र धनकुटाले ५० प्रतिशत आरक्षणको व्यवस्था गरेकाले महिलाहरू कृषि शिक्षामा झन् आकर्षित भएका छन्। सीमित प्राविधिक शिक्षालयको अभावमा शिक्षा दिन असम्भव नै भए पनि महिला विद्यार्थीको संख्यामा अत्यधिक बढेको मदन आश्रित स्मृति प्रतिष्ठानका प्राचार्य मनीष ठाकुर बताउँछन्।

प्राविधिक शिक्षा लिएका महिलाहरूलाई गैरसरकारी संस्थामा रोजगार पाउन सहज हुने कारणले यसमा महिला आकर्षण बढ्दै गएको हो। कृषि शिक्षा लिई सिरहाकै एक गैरसरकारी संस्थामा कार्यरत वीणा न्यौपाने तालिमपछि रोजगारीको समस्या नहुने बताउँछिन्। 'महिला भनेर हेला दृष्टिले हेर्ने प्रचलनका कारण समस्या भएको हो, तर सक्षम हुने हो भने महिलाको लागि पुरुषको भन्दा अवसर कम छैन', उनी दंग पर्छिन्।

■ **नारायण खड्का/सिरहा** (तस्वीर पनि)



# नांगो पैतालामा राजा


किसानका राजा भारवीर

**उनले बहुमूल्य** रत्नजडित श्रीपेच लगाएका छैनन्, अघिपछि कसैले सुरक्षा दिएका पनि देखिँदैन। बस्नलाई दरवार र यताउता जान कुनै सवारीसाधन छैन। तैपनि, उनी राजा हुन्। नांगो पैतालाका भरमा उनी आफ्नो राज्यका जनतासँग भेटघाट गर्छन् र उनीहरूका समस्या बुझ्छन्। उनको मौखिक आदेशमा राज्यको शासन व्यवस्था चल्छ। मुद्दामामिलामा उनकै निर्णय अन्तिम हुन्छ र उक्त निर्णय गाउँलेले हार्दिकतासाथ शिरोपर गर्छन्।

झापाको पूर्वोत्तर मागुरमाडीमा पाइने किसान जातिको राज्यमा अहिले भारवीर किसान राजा छन्। उनी सामान्य साक्षर छन्। मुलुकको ऐन-कानुनको त के कुरा गर्ने, उनले संविधानको अनुहार नै देखेका छैनन्। तैपनि मुद्दा किनारा लगाउने र सजाय तोकिदिने काम उनैबाट हुने गरेको छ। राज्यभित्र उठेका मुद्दा सोझै उनीकहाँ आउँदैनन्। मुद्दामामिला सबैभन्दा पहिले राज्यका मन्त्रीसमक्ष पेस हुन्छ। मन्त्री अहिले डुमा किसान छन्। राजा र उनलाई सहयोग गर्न राज्यमा पाँचजना सिपाही रहेको जानकारी दिन्छन्, डुमा। मन्त्री र सिपाही समेत ऐन-कानुनबारे बेखबर छन्।

लगभग ३ हजारभन्दा बढी मुद्दा किनारा लागिसकेको यो राज्यमा मुद्दा छिन्ने प्रक्रिया भने भिन्न छ। डुमाका अनुसार समुदायमा कसैले कोहीमाथि अन्याय गऱ्यो र सम्बन्धित पक्षले उजुरी हाल्यो भने दुवै पक्षलाई राजाको आदेशमा सिपाहीले पक्राउ गर्छन्। त्यसपछि दुवै पक्षका कुरा सुनेर मन्त्रीबाट निर्णय दिइन्छ। यदि निर्णय दिन नसके उक्त मुद्दा राजासमक्ष मन्त्रीले पेस गर्छन्। पेस भएको मुद्दामाथिको निर्णय राजाले स्वविवेकले दिने गर्छन् र त्यो नै अन्तिम फैसला हुन्छ। राजा भारवीरका अनुसार दोषीलाई जरिवाना पनि तोकिएको हुन्छ। आफू राजा हुनुअघि पूर्वजहरूले जरिवाना स्वरूप जाँडरक्सी ल्याउन लगाउने प्रचलन रहेको उल्लेख गर्दै भारवीर भन्छन्, 'हाल आएर चलनमा परिवर्तन गरिएको छ।' उनका अनुसार दोषी देखिए १ सय ५१ रुपैयाँ जरिवाना गरिन्छ अहिले।

यो रकम गरिब किसान जातिको उत्थानका लागि खर्च गरिने बताउँछन्- किसान समुदाय विकास प्रतिष्ठानका अध्यक्ष जोगी किसान। उनका अनुसार यो क्षेत्रका मुद्दा अहिलेसम्म बाहिरिएका छैनन्। निःशुल्क अहोरात्र खट्ने राजा, मन्त्री र सिपाहीको कुनै तलब छैन। उनीहरूलाई पारिश्रमिकको लोभलालच पनि छैन। राजा भारवीर भन्छन्, 'पैसाको मोहभन्दा जातीय परम्परा जगेर्ना गर्ने लोभ छ हाम्रो।' राज्यमा न कुनै करको व्यवस्था छ, न अन्य राज्यका जस्ता भौतिक पूर्वाधार। २०५८ को राष्टिय जनगणनाअनुसार किसानको कुल जनसंख्या २ हजार ८ सय ७६ जना रहेको थियो।

■ **मदन खरेल/झापा** (तस्वीर पनि)

# गाँउ-गाँउमा छलफल

**मुलुक संविधानसभा** निर्वाचनमा जाने भएपछि राज्यबाट सधैं बहिष्कृत दलितहरू संविधानसभामा दलितहरूको एजेन्डाका बारेमा गाउँ गाउँमा छलफलमा जुट्न थालेका छन्। जातीय छुवाछूत चरमरूपमा रहेको सुदूरपश्चिमको डोटीका दलितहरू आफ्ना समस्यालाई राजनीतिक दृष्टिकोणबाट हेर्नु पर्ने माग गर्दै जिल्ला सम्मेलन सिलगढीमा सम्पन्न गरेका छन्।

जातीय छुवाछूतको मारमा परेर सार्वजनिकस्थलको प्रयोगबाट वञ्चित यहाँका दलितहरूले अब बन्ने संविधानमा दलितहरूलाई समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी गर्दै विद्रोहको अधिकारसमेत दिनु पर्ने निष्कर्ष निकालेका छन्। सम विकास केन्द्र डोटीले आयोजना गरेको जिल्ला सम्मेलनमा सात सय प्रतिनिधि सहभागी थिए। उनीहरूले दलित भएकै कारण मठमन्दिरमा पूजा गर्न नपाएको, सार्वजनिक धारा प्रयोग गर्न नपाएको तथा औषधोपचारमा बन्देज लगाउने गरेकोलगायतका समस्या छलफलमा राखेका थिए।

सम्मेलनको उद्घाटन गर्दै समाजशास्त्री डा. कृष्णबहादुर भट्टचनले २ सय ३८ वर्षदेखि शोषणमा पर्दै आएका दलितहरूको उत्थानमा राज्य सचेत नभएकाले दलित आन्दोलन सशक्त रूपमा जारी राख्नु पर्ने बताएका थिए। सधैं राज्य संचालनमा सीमित जातिको वर्चस्व रहेकोले अबको संविधानले सबै जातिको प्रतिनिधित्व हुने राज्य संरचना तयार पार्नु पर्नेमा जोड दिए। भट्टचनले संविधानसभाले उत्पीडितहरूको समस्या समाधान गर्ने हो भने समावेशी, सहमतीय र संघीय शासन प्रणाली लागू गर्नु पर्ने पनि बताए।

कार्यक्रमका अर्का अतिथि छुवाछूतविरुद्ध वकिलहरूको अभियान नेपालका कार्यकारी निर्देशक रत्नबहादुर वागचन्दले दलितहरूको हकअधिकारको ग्यारेन्टी राज्यले नगर्ने हो भने दलितहरू छुट्टै दलित राज्यको लागि सशक्तरूपमा आन्दोलित हुनु पर्ने बाध्यात्मक अवस्था आउने भएकाले राज्यले समानुपातिक प्रतिनिधित्वका साथै हरेक निकायमा आरक्षण लागू गर्नु पर्ने बताए।

■ **गोविन्द परियार/डोटी**






# जुम्लामा असिनाले बाली सखाप



**वर्षभरिको उब्जनीले** तीन महिना पनि खान नपुग्ने जुम्लामा यस पटक असिनाले बाली नै नष्ट भएपछि रारालिहीका स्थानीय बासिन्दा भोकमरीको पीडा खेप्नु पर्ने चिन्ताले सताइएका छन् । जेठको पहिलो साता वर्षिएको असिनाले रोप्नका लागि तयार बीउ क्षति भएको छ । वर्षभरिको अन्न उत्पादनले जुम्लीलाई तीन महिना पनि धान्न मुस्किल पर्छ । यसमाथि वर्षे बाली लगाउने समयमा परेको असिनाले रोप्न तयार वीउसमेत नष्ट भएपछि स्थानीय बासिन्दाहरू रनभुलमा पर्न थालेका छन् ।

स्थानीय बासिन्दा धर्म बताउँछन्, 'बाली लगाउने बेलामा असिना परेपछि अब हामी भारत जानुबाहेक अरू उपाय छैन ।' बर्सेनि अन्नकै अभाव व्यहोर्नु पर्ने बाध्यताले यहाँका युवा हिउँद काट्न भारत पलायन हुने गरेका छन् । हालैको असिनाले गर्दा यसपालि भारत पलायन हुनेहरूको संख्या बढ्ने अनुमान लगाउन थालिएको छ ।

पश्चिमी जुम्लामा रहेको रारालिही, घोडेमहादेव, मालिकाठाँटा र कुडारी गाविसलाई असिनाले बढी प्रभाव पारेको छ । अहिले रोप्नका लागि धानको वीउको अभाव देखिन थालेपछि स्थानीय बासिन्दाहरू असिना नपरेको छिमेकी गाविसमा गएर बचेको धानको वीउमागेर अलि अलि भने पनि रोपाईं गर्न थालेका छन् ।

■ डिल्ली पाण्डे/जुम्ला (तस्वीर पनि)





*Mana Thapa*
Fashion Designer

**Princess**
The Boutique

G.P.O. Box 8761, Lazimpat, Kathmandu
(Front of Everest Bank Ltd.)
Phone : 4444-988, Mobile: 98510-48875
Email : princessboutique@hotmail.com

Our Services: *All kinds of Dress Material, Desinging, Stitching, Embroidery & Read-made*

## रोयल बाल बचत खाता



**बढी ब्याजदर**
दैनिक मौज्दातमा ६.५०% ब्याजदर

**दीर्घकालिन बचत**
ईच्छा अनुसार १०, १५ र २० बर्षे बचत योजना

**सानो बचत योजना**
रू ३००/- वा बढी बचत गर्न सकिने

**भुक्तानी**
अवधि समाप्त पश्चात् एकमुष्ठ भुक्तानी दिइने

**कर्जा सुविधा**
अवधिको बीचैमा रकम आवश्यक परेमा कूल मौज्दातको ७०% रकम कर्जा सुविधा लिन सकिने जस अन्तर्गत दिइने ब्याजदर भन्दा १% थप ब्याज कायम गरिने

**पूर्वतरलिकरण**
कम्तिमा १ वर्ष रकम जम्मा गरिसकेपछि वित्तीय संस्थालाई १५ दिन अगावै सूचना दिई कूल मौज्दातको १% शुल्क लिई पूर्वतरलीकरण गर्न सकिने

विस्तृत जानकारीको लागि
**रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाईनान्स लि.** (वित्तीय संस्था)
पो. ब.: २४०६२, दरबार मार्ग, काठमाडौं, नेपाल
फोन नं. ४२४२९००, फ्याक्स नं. ९७७-१-४-२३१३४७
ई-मेल : rmbank@mos.com.np, वेभ : www.royalmerchant.com

बच्चाको नाममा खाता खोलिने र बच्चाको उमेर १८ वर्ष पुगेपछि उक्त खाता निज आफैंले संचालन गर्न सकिने ।



रुद्र खड्का

▲ ज्वरोका कारण थला परेकी सुर्खेत, घाटगाउँकी यी महिलाले औषधीको अभावमा उपचार गर्न सकेकी छैनन्

# स्वास्थ्यकर्मी नदेखेको वर्षौं भो

**बल्लतल्ल ६ महिनापछि** जिल्ला जन-स्वास्थ्य कार्यालयले पठाएको जीवनजलका दुई सय पोका दुई दिनमै सकिए । सदरमुकाम वीरेन्द्रनगरदेखि एक दिन टाढाको घाटगाउँमा सर्वसाधारण कोही झाडापखालाले सताइएका छन् त कोही ज्वरोबाट पीडित ।

झन्डै ५ हजार जनसंख्यामध्ये अधिकांश कुनै न कुनै रोगबाट बिरामी र कुपोषित छन् । सबैको अनुहार नियास्रो र निरास देखिन्छ । गाउँमा कोही नौलो मान्छे देख्नेबित्तिकै स्वास्थ्यकर्मीको टोली आएको हो कि भनेर हौसिने सर्वसाधारणले गाउँमा डाक्टर त के स्वास्थ्यकर्मीको पनि अनुहार नदेखेको वर्षौं भयो ।

एकातिर कर्णाली नदी र अर्कोतिर भेरी नदीले घेरिएर टापु बनेको घाटगाउँ उप-स्वास्थ्यचौकीमा दुई वर्षदेखि दरबन्दी अनुसारका अहेव छैनन् । भएका चार कर्मचारीमध्ये यति खेर एक मातृशिशु कार्यकर्ता नै गाउँकी सर्वेसर्वा चिकित्सक बनेकी छन् । उनकै सेवा र वर्षको दुईपटक जिल्ला स्वास्थ्यले पठाइदिने दुई चारवटा औषधीका प्याकेट सर्वसाधारण जनताले सरकारबाट पाउने स्वास्थ्य सुविधा भएका छन् ।

कर्णाली नदी र भेरी नदीले घेरिएको र ती दुवै नदी वारपार गर्नलाई अहिलेसम्म पुल बन्न नसक्दा समयमा स्वास्थ्य सेवा पाउन नसकेका सर्वसाधारणले गाउँमा झाडापखाला र रुघाखोकीको लहर चले पनि यस्ता सामान्य रोगका औषधी र सेवा पाउन सकेका छैनन् । एक महिनादेखि ज्वरोले सताइँदै आएका स्थानीय रामबहादुर राजी भन्छन्, 'सर्वसाधारणले कहिले पनि उप-स्वास्थ्यचौकीले दिने सेवा लिन पाएका छैनन् ।' कहिले स्वास्थ्यकर्मीको अभाव त कहिले औषधीको अभाव भोग्दै आएका यो दुर्गम बस्तीका सर्वसाधारणले यति खेर औषधी र स्वास्थ्यकर्मीको अभाव भोगिरहेका छन् ।

घाटगाउँ उप-स्वास्थ्यचौकीमा दरबन्दी भएका अहेव दुई वर्षदेखि अनुपस्थित भए पनि ग्रामीण स्वास्थ्य कार्यकर्ता र मातृशिशु कार्यकर्ताले गाउँलेलाई सक्दो सेवा पुऱ्याएका थिए । अघिल्लो साता माओवादीले अवैध यौनसम्पर्कको आरोपमा ग्रामीण स्वास्थ्य कार्यकर्ता भक्तबहादुर बैरलाई कब्जामा लिएपछि मातृशिशु कार्यकर्तालाई सबै भार थोपरिएको छ ।

दुईतर्फी युद्धविरामका बेला माओवादीले ४० वर्षीय बैरलाई स्थानीय एक युवतीसँग अवैध यौनसम्पर्क गरेको आरोपमा कब्जा लिँदा युद्धविरामप्रति गम्भीर नभएको आरोप पनि माओवादीलाई लागेको छ । तर, माओवादी कार्यकर्ताहरू भने जनसरकार गठन भएका स्थानमा माओवादी शासन चल्छ भनिरहेको स्थानीय बासिन्दा बताउँछन् ।

माओवादी घाटगाउँ जनसमिति प्रमुख रणबहादुर रावल अवैध काम गर्नेलाई कहिले पनि नछोड्ने दाबी गर्दै ग्रामीण स्वास्थ्य कार्यकर्ताले स्थानीय एक युवतीसँग यौनसम्पर्क राखेको खुलासा भएपछि ६ महिनाको लागि श्रमकैदमा लिइएको जानकारी दिन्छन् ।

उक्त उपस्वास्थ्य चौकीकी मातृशिशु कार्यकर्ता जगतकुमारी शाही अहेव दुई वर्षदेखि अनुपस्थित भइरहेको बताउँदै एकजना ग्रामीण स्वास्थ्य कार्यकर्तालाई माओवादीले कब्जामा लिएका र एकजना पियनले राजीनामा दिएका कारण सर्वसाधारणलाई उपचार त परै जाओस् सामान्य सल्लाह दिन पनि नसकेको दुखेसो पोख्छिन् ।

■ रुद्र खड्का/घाटगाउँ (सुर्खेत)


## मकालु यातायातको बस सेवा

कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# किरा टिप्ने मेला

■ राजेश घिमिरे/डोल्पा (तस्वीर पनि)

**डोल्पामा यार्सागुम्बाको आम्दानी ठूलै छ, तर त्यसको फाइदा गरिबभन्दा बढी ठूला व्यापारी, माओवादी र तिब्बतीहरूलाई भएको छ ।**

**यति बेला** डोल्पाका गाउँहरूमा स-साना दुधे केटाकेटी र घर कुर्ने बूढापाकाहरूमात्र भेटिन्छन् । 'आँखा देख्न सक्ने र बल भएका जति त किरा टिप्न पाटन (लेकाली मैदानहरू)तिर लागिहाले नि', परिला गाउँकी ५७ वर्षीया दुर्गादेवी बुढाले भनिन् । घरमा वयस्क उनी एकजना मात्र भएकीले वस्तुभाउको गोठालो लाग्ने, घरधन्दा गर्ने र घरमा रहेका केटाकेटी हेर्ने कामले भ्याइ नभ्याइ छ ।

स्कुलहरूमा पनि सन्नाटा छ, किरा टिप्ने अनौपचारिक बिदाका कारण एक महिनाका लागि बन्द छन्, ती स्कुल । आदर्श मावि जुफालका शिक्षक कृष्णबहादुर भण्डारी भन्छन्, 'यहाँको मुख्य कमाइ नै त्यही किरा हो, बन्द गरे नि खोले नि विद्यार्थी आउने होइनन्, उनीहरू सबै नै पाटनतिरै लागेका छन् । हामी स्कुल खोल्छौं, कहिले विद्यार्थी आउलान् भनेर कुरेर बस्छौं ।'

मुलुककै सबैभन्दा अप्ठेरो एयरपोर्ट जुफालको सानो बजार र सदरमुकाम दुनै बजारमा माओवादीको चहलपहल छ । उनीहरू पनि चामल चाउचाउ, बाक्ला ज्याकेट, स्लिपिङ ब्याग, औषधी र पाललगायत बन्दोबस्तीका सामान खरिद गर्न व्यस्त छन् । उनीहरूलाई पनि अबका एक डेढ महिना किरा संकलनको रेखदेख गर्न पाटनमै बस्नु पर्नेछ किनकि किरा उनीहरूको पनि आम्दानीको मुख्य स्रोत हो ।

अहिले मेला लागेको छ, पाटनहरूमा, किरा टिप्ने मेला । स्थानीय भाषामा किरा, जरा,



यार्सागुम्वा टिप्न आएकी एक डोल्पाली

# माओवादीको यार्सागुम्बा कर

**'राज्य सत्ताबाहेक** अरू सबै भ्रम हो' नाराका साथ माओवादी जिल्ला वन तथा जडिबुटी संरक्षण-व्यवस्थापन विभाग, डोल्पा भेरी कर्णाली स्वायत्त प्रदेशले यार्सागुम्बाको व्यापारका लागि अनुमतिपत्र, राजस्व र भन्सारको समेत व्यवस्था गरेको छ । यार्सागुम्बा खरिद गर्न चाहनेले डोल्पा जनसरकारका कावा प्रमुख लोकबहादुर चलाउनेद्वारा हस्ताक्षरित आफ्नो फोटोसहितको अनुमतिपत्र लिनु पर्छ । यसका लागि उनीहरूले आवश्यक नियमकानुन पनि तर्जुमा गरेका छन् । व्यापारीका लागि तीन वर्ग तोकिएको छ । श्रेणी 'क'मा २१ किलोभन्दा बढीको व्यापार गर्ने, श्रेणी 'ख'मा ६ किलोभन्दा बढीको व्यापार गर्ने र श्रेणी 'ग'मा ५ किलोसम्मको व्यापार गर्नेलाई राखिएको छ । वर्गअनुसार लाग्ने शुल्क यस्तो छः

| वर्ग | दर्ता शुल्क | धरौटी | कर | अन्तरजिल्ला भन्सार कर | अन्तरदेशीय भन्सार |
|---|---|---|---|---|---|
| क | १० हजार | २ लाख | १५ हजार | २ हजार | ५ हजार |
| ख | ५ हजार | १ लाख | १५ हजार | २ हजार | ५ हजार |
| ग | २ हजार | २५ हजार | १५ हजार | २ हजार | ५ हजार |


हालसालै टिपिएको यार्सागुम्बा

जीवनबुटी, यार्चागुम्बो भनिने यार्सागुम्बा टिप्ने मुख्य मौसम सुरु भएको छ, जेठको पहिलो सातादेखि । यो मेला असारको अन्तिम सातासम्म जारी रहन्छ । यार्सागुम्बा टिप्नका लागि डोल्पावासी मात्र नभएर स्थानीयहरूले औलेल भनेर हेप्ने रुकुमभन्दा तल्लो भेगका मानिसको घुइँचो पनि उत्तिकै छ ।

तिनै औलेलहरूमध्येका हुन्, १६ वर्षीय भूपेन्द्र बुढा । उनी आफ्ना २५ जना साथीका साथ रुकुमको मुसिकोटबाट भेरीको तिरैतिर ८ दिन हिँडेर दुनै आइपुगेका छन्, पाटन पुग्न उनीहरूले अझै कम्तीमा दुई दिन हिँड्नै पर्छ । भूपेन्द्र भन्छन्, 'पोहोर त साथीहरूले खर्च कटाएर ३०-३५ हजार जनही लगेका थिए । हेरौं यसपालि के हुन्छ ?'

डोल्पाकै पहाडाबाट १४ जनाको समूह लिएर आएका नाइके जनलाल केसी पनि उत्तिकै आशावादी छन् । 'तीन हजारको पाल नै किनियो, ५ हजार त रासनमै गयो, हेरौं अब कति कमाइन्छ ?', जनलाल भन्छन् ।

यस्ता अनेकौं मानिसको तथ्यांक राखेर बसेका छन्, माओवादीहरू । रह गाउँ जनसरकारका उपप्रमुख कृष्ण महत भन्छन्, 'डोल्पाका पाटनहरूमा झन्डै ७० हजारजति मानिस होलान् । हाम्रो (माओवादीको) तथ्यांकअनुसार रुकुम, जाजरकोटलगायत सिन्धुपाल्चोक, रामेछापदेखि वैतडीसम्म १९ जिल्लाका मानिस यार्सागुम्बा टिप्न डोल्पामा भेला भएका छन् । हामीले बाहिरबाट आउनेलाई सामान्य प्रवेश शुल्क राखेका छौं, प्रतिव्यक्ति बीस रुपैयाँ ।'

माओवादीहरू डोल्पाभरिबाट यार्सागुम्बामार्फत वर्षमा कति पैसा उठछ भन्ने तथ्यांक दिन रुचाउँदैनन् । तर, उनीहरू आम जनताभन्दा यार्सागुम्बाका ठेकेदारहरूबाट एकमुष्ठ 'कर' उठाउन बढी इच्छुक देखिन्छन् ।

नेपाल सरकारका प्रतिनिधिमूलक संस्थाहरूले यसमा चासो राखे पनि बोल्न र नियन्त्रण गर्न सक्ने स्थिति छैन । एक सरकारी कर्मचारी नाम गोप्य राखिदिन आग्रह गर्दै भन्छन्, 'सदरमुकाम वरपरबाहेक अन्यत्र हाम्रो अझै पनि पहुँच छैन, चासो राखेर पनि केही हुनेवाला छैन ।'

त्यसो त पहिले प्रतिबन्धित यो जडिबुटीलाई कानुनी बाटोबाट लान प्रेरित गर्न सरकारले २० हजार रुपैयाँ प्रतिकिलो राजस्व तोकेर खुला गरेको थियो । त्यो पनि धेरै भयो भनेर गत वर्ष मात्रै राजस्व आधा घटाएर १० हजार रुपैयाँ प्रतिकिलो कायम गऱ्यो । नेपालभरिको आँकडा हेर्ने हो भने नेपालमा औपचारिक रूपमा बर्सेनि ३० क्विन्टल यार्सागुम्बा उत्पादन हुन्छ । वन विभागको गत वर्षको प्रतिवेदन हेर्दा ७६ किलोग्रामको मात्रै सरकारी राजस्व दाखिला भएको देखिन्छ । यो कुल उत्पादनका २.५३ प्रतिशतमात्रै हो । यसैबाट पनि सरकारलाई १३ लाख ७२ हजार रुपैयाँ राजस्व प्राप्त भयो । गत वर्ष स्थिति झनै नाजुक रह्यो । त्यति खेर साढे चार किलो यार्सागुम्बा संकलन भएको सरकारी तथ्यांकमा उल्लेख गरिएको छ, जसबाट ८९ हजार रुपैयाँ मात्र राजस्व उठेको देखिन्छ ।

राजस्व घटेर पनि स्थानीय बासिन्दालाई खासै फाइदा भने भएको छैन । डोल्पामा कार्यरत एक विकासे कार्यकर्ता भन्छन्, 'पाटन क्षेत्रमा राज्यविहीनताको अवस्था छ । त्यसैले यहाँ सर्वसाधारणले यार्सागुम्बाबाट फाइदा उठाउन सक्ने अवस्था छैन । फाइदा त केवल माओवादी र ठूला व्यापारीलाई मात्र छ । माओवादीले पनि यसलाई आफ्नो प्रमुख आर्थिक मेरुदण्डका रूपमा विकसित गरेका छन् ।'

विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ)को से-फोकसुन्डो राष्ट्रिय निकुञ्ज हेर्ने उत्तरी हिमाल संरक्षण आयोजना दुनैका गौतम पौडेल भन्छन्, 'हामी यसै छ भन्न सक्ने स्थितिमा छैनौं किनकि मुलुकमा सशस्त्र द्वन्द्व बढेपछि हामीलाई ती क्षेत्रमा जाने अनुमति पनि नभएकाले पोहर परारका वर्षमा अनुगमन गर्न सकेनौं । अहिले स्थिति सहज भएपछि


डोल्पाको पहाडा गाँउबाट यार्सागुम्वा टिप्न आएको १४ जनाको समूह नाइके जनलाल केसी (वायाँ) र उनको समुह

ी बाला





◂ आफ्ना २५ जना साथीका साथ रुकुमको मुसिकोटबाट भेरीको तिरतिरै ८ दिन हिँडेर दुनै आइपुगेका छन्, १६ वर्षीय भूपेन्द्र बुढा । पाटन पुग्न उनीहरूले अझै कम्तीमा दुई दिन हिँड्नै पर्छ । तैपनि हरेस नखाएका भूपेन्द्र (बायाँ) भन्छन्, 'पोहोर त साथीहरूले खर्च कटाएर ३०-३५ हजार जनही लगेका थिए । हेरौं यसपालि के हुन्छ ?'



एक दिनमा ७५ वटा भन्दा बढी यार्सागुम्बा टिपेर दंग परेका सोमेन्द्रप्रसाद महत । ▸

हामीले अनुसन्धान थालेका छौं । त्यसले पक्कै पनि केही कुरा अगाडि ल्याउँछ ।'

सामान्यतया यहाँका बासिन्दाले तागत बढाउन, रोगव्याधिबाट बच्न र बलियो हुनका लागि परम्परागत रूपमा प्रयोग गर्दै आएको यो जडिबुटीको माग तिब्बतमा नेपाली *भियाग्रा* (यौनवर्धक औषधी)का रूपमा प्रचारित भएपछि बढेको हो । 'सुरु सुरुमा त अलि अलि मान्छे आए, भाउ पनि ठिकै थियो, तर २०५३ सालदेखि त यहाँ मान्छेको ओइरो नै लाग्न थालेको छ । यसपालि त निकै बढेका छन्', रहका गाजस उपप्रमुख कृष्ण महत भन्छन् ।

'प्रकृतिबाट अत्यधिक रूपमा यार्सागुम्बा निकालेपछि केही असर त पक्कै परेको होला, तर स्थानीय मानिसको भनाइ मान्ने हो भने यसको उत्पादन घट्नुको सट्टा हरेक वर्ष बढ्दै गएको छ', डब्लुडब्लुएफका गौतम भन्छन् ।

डब्लुडब्लुएफकै सुमन थापा भन्छन्, 'यार्सागुम्बा टिप्न जानेहरूले लाने चाउचाउ, बिस्कुट आदिका खोल फ्याँकिएका र अत्यधिक मानिसको चहलपहलका कारण पाटनहरूमा फोहर निकै बढेको हुनु पर्छ ।'

## सजिलो छैन

एउटा यार्सागुम्बा ६०-७० रुपैयाँसम्ममा बेच्न पाउने आसमा मानिसको ओइरो पाटनतिर लागे पनि यसको खोजी त्यति सजिलो भने छैन । चार हातखुट्टा टेकेर लेकाली घाँस केलाउदै खोज्नु पर्छ, यार्सागुम्बा । 'तेज आँखा र बलियो भाग्य चाहिन्छ, कसैले एक दिनमा एक डेढ सय टिप्छन् भने कसैको भागमा एउटा पनि पर्दैन । पोहर मैले एक दिनमा एक सयवटा टिपेँ, मेरो साथीले जम्मा दसवटा । भएन त भाग्यको खेल ।' यार्सागुम्बा टिप्न माझफालतिर लम्केकी १४ वर्षीया मीना शाही भन्छिन् ।

कम लुगा र चाउचाउजस्ता पोषणरहित खानेकुराका भरमा लेकमा पुग्दा ज्यानै जाने सम्भावना पनि हुन्छ । त्यसमाथि कम उचाइबाट आएकालाई लेक लागेर पनि मृत्यु हुने सम्भावना रहन्छ । जेठको तेस्रो सातासम्म डोल्पाका पाटनहरूमा लेक लागेर दुईजना, लडेर एकजना र झै-झगडामा परी एक गरी चारजनाको ज्यान गएको छ । 'यार्सागुम्बाको पैसाले यसपाला घरजम गरौंला भनेको लेक लागेर बेखर्ची पो भइयो', नाकबाट रगत चुहाउँदै रह गाविसतिर झरेका रुकुमका चन्द्र केसीले भने ।

पाटनबाट फर्कने अधिकांशको भनाइमा यसपालि यार्सागुम्बा कम पाइएको छ । त्यसले लेकमा पुगेकाहरू ढुंगा लडाउँदै छन् । उनीहरूको विश्वासमा ढुंगा लडाएपछि भूत तर्सिन्छ र पानी पर्छ । पानी परेपछि यार्सागुम्बा जमिनबाहिर आउन थाल्छ ।

स्थानीय बासिन्दामा यार्सागुम्बाको महत्व कति धेरै छ भने माओवादीले पनि जेठ ६ गते दुनैमा आयोजना गरेको सभाका लागि उर्दी जारी गरे, 'एक घर एक मानिस नत्र यार्सागुम्बा टिप्न पाइँदैन ।' तीस हजारजति जनसंख्या भएको डोल्पामा उनीहरूको यो फरमानका कारण त्यो दिन दुनैमा झन्डै ५ हजार मानिस जम्मा भए । उनीहरूलाई माओवादीको भाषणमा भन्दा पनि पाटन जान सामल जम्मा गर्नमा बढी चासो देखिन्थ्यो । त्यो दिन दुनैका अधिकांश पसल रित्तिए । त्यही सभाका लागि जेठको पहिलो सातामा सुरु हुने यार्सागुम्बा टिप्ने मेलामा पाटन जान पाएका थिएनन् डोल्पावासी । उनीहरूले तोकेको मिति जेठ ११ देखिमात्र यार्सागुम्बा टिप्ने अनुमति पाए ।

## पैसाको खेल

वनस्पति र किराको अजीवको समिश्रण यार्सागुम्बामा ठूलै पैसाको खेल हुन्छ । डोल्पाका साहुहरू यार्सागुम्बा टिप्न जानेहरूलाई पहिलै पेस्की दिन्छन्, खोजेर ल्याएर बुझाएपछि हिसाब किताब हुन्छ । त्यसपछि स-साना सिँगाने केटाकटी फुटी, कोक मात्रै होइन, बियरका बोतल बोकेर बजारतिर हल्लिरहेका देखिन्छन् । उनीहरूको सुविधाका लागि दोकानदारहरू खच्चडमा सामान बोकाएर पाटनतिर पाल टाँगेर दोकान खोल्न पुग्छन् । त्यस्तै दोकान खोल्न हिँडेका एक व्यापारी भन्छन्, 'त्यहाँ हिसाब गजबको हुन्छ । किरा टिप्नेहरू बजार झर्ने कि त्यही सामान किन्ने दोधारमा हुन्छन् । धेरैजसोले चाहिँ एउटा यार्सागुम्बा दिन्छन्, एउटा चाउचाउ वा बिस्कुट लिन्छन् । १५ रुपैयाँको चाउचाउ ५०-६० रुपैयाँको यार्सागुम्बासँग साँटिएपछि । भएन त काइदाको फाइदा !'

यार्सागुम्बाको मौसममा लुटपाटका घटना पनि उत्तिकै हुन्छन् । स-साना लुटपाटको त हिसाब नै हुँदैन, २०६१ सालमा दुनैका एक व्यापारीको तिब्बत पठाउन लागेको ५ करोडको यार्सागुम्बा लुटियो । २०६२ मा साल्दाङमा हिसाब किताब नमिलेपछि माओवादी, स्थानीय व्यापारी र तिब्बतीहरूबीच ठूलै झडप भयो ।

'उत्तरी डोल्पातिर राज्यको उपस्थिति छैन् । त्यहाँ कि त माओवादी सक्रिय छन् कि तिब्बती । बजारमा ६०-७० मा बिक्री हुने यार्सागुम्बा तिब्बतीहरूले १ सय ६० भन्दा माथिको दाम दिन्छन् । त्यसैले धेरै कमाउन चाहनेहरू त्यतैतिर ओइरिन्छन् । दुनै बजारमा बेच्नेहरू त कि औलेल हुन् कि स-साना केटाकेटी', स्थानीय एक व्यापारी भन्छन्, 'हामीले पनि यहाँ संकलन गरेर लाने उतै हो ।'

व्यापारीहरूको अनुमानमा डोल्पामा २०६२ सालमा कम्तीमा १ हजार ५ सय किलो यार्सागुम्बा संकलन भएको थियो । एक किलोमा कम्तीमा पनि दुई हजारवटा यार्सागुम्बा अड्छ । यो हिसाबले डोल्पाका गरिबका पोल्टामा पैसाको खोलो बगेको अनुमान गर्न सकिन्छ, तर त्यसो होइन । यो मामिलालाई राम्रैसँग नियालिरहेका अर्का एक विकासे कार्यकर्ता भन्छन्, 'यहाँ मंसिरदेखि खाद्यान्न संकट सुरु हुन्छ । अनि गरिबहरू यार्सागुम्बाको मौसममा तिर्ने सर्तमा ऋण लिन्छन् र त्यसको साँवा ब्याज रुपैयाँमा भन्दा पनि यार्सागुम्बाको संख्याका आधारमा तिर्नु पर्ने हुन्छ । अन्ततः सावाँ ब्याज तिर्दा एउटा यार्सागुम्बाको उनीहरूले २०-२५ रुपैयाँभन्दा बढी पाउँदैनन् । परिणाम गरिब गरिबै भइरहेका छन्, धनी झन् धनी ।' ■



▲ एचआईभी संक्रमितलाई काउन्सिलिङ गर्दै

# हेलाले चर्केको व्यथा

**जन्म दिने आमा जिउँदै छन्,** हरेक सजिला र रमाइला क्षणमा साथ दिने दाजुभाइ तथा बहिनीको कमी छैन, अनि साथी-संगीहरू प्रशस्त छन् । तैपनि नेपालगन्ज फुलटेक्रा निवासी ४२ वर्षीय रमेश (नाम परिवर्तन)ले पाँच वर्षदेखि न आमाले दिएको खाना खाएका छन्, न बाल्यकाल सँगै बिताएका बहिनी र दाजुको साथमा रमाइलो गर्न पाएका छन् । २३ वर्षको उमेरदेखि दुर्व्यसनको लतमा फसेका रमेशलाई एचआइभी संक्रमण भएपछि परिवारले घर निकाला गर्दा कहिले पिँढीमा त कहिले बाटो अनि कहिले ससुरालीमा गुजारा चलाउनु परिरहेको छ । 'पाँच वर्षअघि एचआइभीको संक्रमण फेला परेपछि परिवारले अन्य सदस्यलाई रोग सर्छ भन्ने आशंकामा घर निकाला गर्‍यो', उनी भन्छन्, 'जति बुझाउँदा पनि आफ्नै परिवारले सही कुरा नबुझेपछि एचआईभी संक्रमित भएको मान्छे अझ कमजोर भएको छु ।'

उनलाई मात्र होइन, उनका तीन छोरा र पत्नीलाई पनि घरबाट निकालिएको छ । जसले गर्दा उनको जीवनमा अर्को दुर्दशा सुरु भएको छ । उनी भन्छन्, 'अधिकांश समय ससुरालीमा बस्न बाध्य भए पनि त्यहाँ गरिने दुर्व्यवहार खप्न सजिलो छैन ।'

ससुरालीमा अपमान चुपचाप सहनुभन्दा कुनै विकल्प नभएको बताउने उनको अनुभवमा एचआइभी-एड्सबारे अशिक्षित मात्र होइन, शिक्षित र सम्पन्न मान्छेको धारणा पनि नकारात्मक छ ।

'पाँच वर्षअघि नेपालगन्जको एक अस्पतालमा जाँच गराइरहेका बेला एचआइभीको संक्रमण देखा परे लगत्तैदेखि उक्त अस्पतालका स्वास्थ्यकर्मीकै व्यवहारसमेत भिन्न हुन पुगेको थियो', विगतको घटना सम्झँदै उनी भन्छन्, 'अहिले पनि अवस्था उस्तै छ, एचआइभी संक्रमितले खान पाओस्-नपाओस् कसैले ध्यान दिँदैन, उल्टै छिःछिः र दूरदूर गर्ने काम भइरहेको छ ।' एचआइभीको संक्रमित भए पनि संक्रमणबाट बच्न सफल पत्नीको श्रम र मायाले आफू बाँचिरहेको बताउँछन् उनी ।

कामको सिलसिलामा भारतको सिमला गएका बेलामा एचआइभी संक्रमण भएको अनुमान लगाउने बर्दियाका केबी सिंह (नाम खुला गर्न चाहने)ले गाउँलेले दिने मानसिक तनावका कारण घर छोडेको एक वर्ष भयो । बर्दियामा पत्नी र तीन सन्तान छोडेर नेपालगन्जमा बसिरहेका सिंहलाई पटक-पटक गाउँ फर्कन मन लागे पनि समाजले गर्ने दुर्व्यवहारका कारण गाउँ फर्कन समस्या भएको छ । उनी भन्छन्, 'अहिले पनि समाजले गर्ने दुर्व्यवहारका कारण घर फर्कन सकिरहेको छैन ।'

एचआइभीको संक्रमणपछि पत्नीसँग यौनसम्पर्क भई बच्चा जन्मे पनि आर्थिक समस्याका कारण उनीहरूको जाँच गर्न नसकेको बताउँछन्, सिंह । कमाउन गएका बेला एचआइभीबाट संक्रमित भएपछि सुरुका दिनमा रोग पत्ता लगाउनको लागि मात्र नेपाल-भारतका विभिन्न स्वास्थ्य संस्थामा धाउँदा जग्गाजमिन नै बेच्नु परेको बाध्यता पनि सुनाउँछन्, उनी ।

'यहाँ नबुझेका तल्लोस्तरको मान्छेदेखि जाने-बुझेको दाबी गर्नेहरूले पनि संक्रमितलाई राम्रो दृष्टिले हेर्दैनन्', अछामकी मथुरादेवी कुँवर (नाम परिवर्तन) भन्छिन्, 'कतिपय स्वास्थ्य संस्थाले नै एचआइभी संक्रमित फेला पारेपछि नराम्रो नजरले हेर्छन् ।' नेपालमा माथिल्लो निकाय नै एचआईभी/एड्स पीडितहरूको बारेमा स्पष्ट हुन नसकेको कुँवरको आरोप छ ।

कामको खोजीमा अत्यधिक मात्रामा भारत पस्ने मध्य र सुदूरपश्चिमका थुप्रै ग्रामीण बस्तीमा अहिले पनि दुर्व्यवहार हुने डरले कयौं एचआइभी संक्रमितहरू रोग लुकाएर बसेको हुन सक्छन् । 'समाजले एचआईभी/एड्स संक्रमितलाई पनि अर्को कुनै बिरामीलाई जसरी नै हेर्नुको साटो शंकाको नजरले हेरेपछि कयौँले रोग लुकाएका हुन सक्छन्', भेरी अञ्चल अस्पतालका वरिष्ठ चिकित्सक तथा नेपाल यौनरोग तथा एड्स अनुसन्धान केन्द्र (एन सार्क)का अध्यक्ष डा. जीराज शाक्य भन्छन्, 'अहिलेसम्म समाजले एचआइभी-एड्सको बारेमा सही जानकारी नपाएकाले संक्रमितहरूले समस्या भोगिरहेका हुन् ।'

मध्य तथा सुदूरपश्चिमका २४ जिल्लामध्ये अहिलेसम्म १८ जिल्लामा मात्र सरकारी तथा गैरसरकारी संस्थाको तर्फबाट एचआइभी संक्रमित पत्ता लगाउने प्रयास भएको छ ।

■ **रुद्र खड्का/नेपालगन्ज** (तस्वीर पनि)

'यहाँ नबुझेका तल्लोस्तरको मान्छेदेखि जाने-बुझेको दाबी गर्नेहरूले पनि संक्रमितलाई राम्रो दृष्टिले हेर्दैनन्', अछामकी मथुरादेवी कुँवर भिन्न भन्छिन्, 'कतिपय स्वास्थ्य संस्थाले नै एचआइभी संक्रमित फेला पारेपछि नराम्रो नजरले हेर्छन् ।'



▲ खुम्बुवान नेता गोपाल किराँती

**कुनै बेला माओवादीविरुद्ध नै खनिएको खुम्बुवान राष्ट्रिय मोर्चा संस्थापक गोपाल किरातीको यो अभिव्यक्ति उति नै उदेकको लाग्छ, जति 'स्वायत्तता हासिल भए साम्यवादको पछि नलाग्ने' भक्तराज कन्दङ्वाको कथनले तीन वर्षअघि पूर्वको जातीय राजनीतिमा नयाँ तरंग ल्याएको थियो ।**

■ ओमआस्था राई/धरान (तस्वीर पनि)

# पुगेन स्वायत्तताले

'सरकारले जातीय स्वायत्तता र आत्मनिर्णयको अधिकार देओस्, हामी हतियार छाड्छौं', ०५९, माघ १५ गते दोस्रोपटक युद्धविराम हुँदा सार्वजनिक भएका लिम्बुवान राष्ट्रिय मोर्चाका अध्यक्ष भक्तराज कन्दङ्वाले भनेका थिए, 'हामी साम्यवादको पछि पनि लाग्दैनौं ।'

उही उद्देश्यले उस्तै मोर्चा बनाएर माओवादीमा लागेका गोपाल किरातीको भनाइ कन्दङ्वाको भन्दा भिन्न नहुने आमअपेक्षा थियो । तर, १० वर्षको अन्तरालमा किरातीको नाममात्र हैन, उद्देश्य पनि निकै महत्त्वाकांक्षी भइसकेको रहेछ । २०६३, जेठ १० गते सार्वजनिक भएका किरातीले भने, 'जातीय स्वायत्तता र आत्मनिर्णयको अधिकार त न्यूनतम माग भइसक्यो, अब हामी साम्यवादका लागि लड्छौं ।'

२०४९, भदौ ५ गते खम्बुवान राष्ट्रिय मोर्चा (खरामो) गठन गरी सशस्त्र संघर्षको खाका कोर्न सुरु गर्दा किरातीका लागि स्वायत्त राज्य नै दूरदराजको सपना थियो । सशस्त्र संघर्षका लागि माझ किरातका युवालाई उक्साउन उनी यिनै सपना बाँड्थे । तर, १० वर्षमा परिस्थितिले यस्तो कोल्टे फेऱ्यो कि उनी त्यो सपनालाई 'न्यूनतम माग' भन्न थालेका छन्, जसलाई उपयोग गर्दै साम्यवादको लडाइँ लड्ने उनको अर्को सपना छ ।

'अब म पक्का माओवादी भइसकें', किराती भन्छन् । कुनै बेला माओवादीविरुद्ध नै खनिएको खरामो संस्थापकको यो अभिव्यक्ति उति नै उदेकको लाग्छ, जति 'स्वायत्तता हासिल भए साम्यवादको पछि नलाग्ने' भक्तराज कन्दङ्वाको कथनले तीन वर्षअघि पूर्वको जातीय राजनीतिमा नयाँ तरंग ल्याएको थियो ।

भनिन्छ, यही तरंगको प्रेरणामा दरवार कन्दङ्वालाई 'पल्लो किरातका सुवास घिसिङ' बनाउन चाहन्थ्यो । माघ १९ को घोषणापछि दरवार भारतले सुवास घिसिङलाई 'दार्जीलिङ गोर्खा पार्वत्य परिषद्' दिएर गोर्खाल्यान्डको आन्दोलन मत्थर पारेझैं कन्दङ्वालाई अर्ध स्वायत्तताको जालमा फसाउने र उनको साथ छुट्दा स्वभाविक रूपले कमजोर हुनजाने माओवादीको पूर्वी संरचना नष्ट पार्ने सुरमा थियो भन्ने चर्चा नचलेको हैन ।

कन्दङ्वाको कथन किन पनि नयाँ तरंग पैदा गर्ने खालको थियो भने उनको लिम्बुवान राष्ट्रिय मोर्चा (लिरामो)को जन्म माओवादी विद्रोहकै पृष्ठभूमिमा भएको थियो । माओवादीले आफ्नै पहल र प्रेरणामा बनाएको जातीय मोर्चाको अध्यक्षले मूल पार्टीको लक्ष्यप्रति निरपेक्ष रहँदै 'यति पाए पुग्ने' भन्नु दुर्लभ अभिव्यक्ति थियो ।

तर, गोपाल किरातीले खरामो गठन गर्दा माओवादी विद्रोह सुरु भएकै थिएन । विगतमा माओवादी र खरामोबीच सधैं सुमधुर सम्बन्ध पनि रहेन । कतिपटक त यी दुई सशस्त्र विद्रोहीबीच नै भिडन्तको स्थिति पैदा भयो । त्यसैले खरामो संस्थापकले स्वायत्ततामा चित्त नबुझाउने र साम्यवादको लक्ष्य प्राप्त नभएसम्म लड्ने भन्नु पनि अर्कोखालको दुर्लभ अभिव्यक्ति बनेको छ ।

## अस्थिर सम्बन्ध

२०५४, साउनमा भोजपुर र संखुवासभाका संस्कृत विद्यालयमा बम पड्काई सशस्त्र विद्रोह सुरु गरेको खरामोले २०५५ सालमा मालेमावाद मान्ने घोषणा गऱ्यो । २०५७ सालमा माओवादीले प्रचण्डपथ विकास गऱ्यो । प्रचण्डपथमा 'मुन्धुम विचारधारा'को सकारात्मक पक्ष समाहित गर्ने सहमतिपछि माओवादी र खरामोबीच कार्यगत एकता सुरु भयो । यद्यपि, 'मुन्धुम विचारधारा'का सकारात्मक पक्ष केलाउन बाँकी नै छ ।

यो कार्यगत एकता एक वर्षमै अझ विकसित बन्यो । खरामो र माओवादीकै जातीय मोर्चाको रूपमा रहेको लिरामोबीच २०५८, असोज २८ गते एकीकरण भयो । र, किरात राष्ट्रिय मोर्चा जन्मियो । तर, किरामोको संरचनामा खरामो लामो समय अटाउन सकेन । २०५९, असार

१९ गते किरामोबाट छुट्टिँदै खरामोले आफूलाई किरात वर्कर्स पार्टी (किवपा)को रूपमा प्रस्तुत गऱ्यो । त्यस बेला किवपाले छुट्टै छापामार राख्ने विषयमा मतभेद हुँदा माओवादीसँग एकता तोडेको बताएको थियो ।

तर, यथार्थ अर्कै रहेछ । किवपा गठन हुँदा महासचिव बनेका गोपाल किरातीले यसपटक खुला राजनीतिमा आउँदा छुट्टै छापामार राख्ने विषयमा नभई माओवादी उपेक्षाका कारण एकीकरण तोडेको भेद खोले । 'किरामो बन्यो, तर माओवादीले हामीलाई भूमिका र जिम्मेवारी दिएन', किरातीले भने, '१० महिनासम्म पर्ख्यौं, तर हामीले कुनै जिम्मेवारी नपाएपछि किवपा बनायौं अनि मात्रै माओवादी चेतेछन् ।'

'चेतेको माओवादी'ले फेरि किवपालाई आफ्नो हातमा लिने प्रयास गऱ्यो । अनि, एक वर्षपछि नै किवपा मोर्चाकै रूपमा माओवादीमा विलय भयो । किवपा महासचिव किरातीलाई माओवादीको पोलिटब्युरो सदस्य बनाइयो । तर, 'विज्ञान मान्नेले कसैलाई शतप्रतिशत विश्वास गर्न नसक्ने' किरातीको कथनले अझै खरामो र माओवादी सम्बन्धमा देखिएको अस्थिरता पूरै नामेट नभएको छनक दिन्छ । आखिर उनले कुनै बेला भनेकै थिए, 'हामी किरातीले माओवादीलाई जहिल्यै पनि ४९ प्रतिशत विश्वास र ५१ प्रतिशत शंका गर्नुपर्छ ।'

### हतियारको हौवा

माओवादीबाट अलग भएर किरात वर्कर्स पार्टी (किवपा) बनाउँदा खरामो कार्यकर्ता संगम (जो अहिले निष्क्रिय छन्)ले आफूहरूसँग सरकारी सेनाकै स्तरमा आधुनिक हतियार रहेको दाबी गरेका थिए । माओवादीमा एकीकृत हुनुअघि पनि खरामोले यस्तै प्रचार गर्थ्यो, तर त्यो हौवामात्रै भएको पोल खुलेको छ ।

माओवादी केन्द्रीय सदस्य गोपाल किरातीका अनुसार त्यो बेला खरामोसँग बढीमा आठ सय थान भरुवा बन्दुक, ५२ थान कटुवा, १० वटा सिक्सर र आधा दर्जन २२ भोरको बन्दुकमात्रै थियो । तर, हतियारको बढाइचढाइ प्रचारले कतिसम्म प्रभाव पारेको थियो भने खरामोसँग एकता प्रक्रिया सुरु हुँदा माओवादीका सोलु-सल्लेरी ब्रिगेड कमान्डर संग्राम 'अब सेनालाई सिध्याइने भो' भन्दै उत्साहित बन्न पुगेका थिए ।

खरामोले त्यति हतियार पनि निकै मेहनत गरेर आर्जेको थियो । सशस्त्र संघर्षको तयारी सुरु हुँदा खरामोको सम्बन्ध आसामका विद्रोही समूहसँग गाँसिएको थियो । गोर्खाल्यान्ड आन्दोलनका एक कमान्डर (जो पछि केही वर्ष छत्रे सुब्बाका सहयोगी रहे)ले खरामोलाई आसामका विद्रोही समूह एनएससिएन र एनएससिएन (के)को सम्पर्कमा पुऱ्याएका थिए । तिनैमध्ये एक विद्रोही समूहले खरामोलाई उपहारस्वरूप आधुनिक हतियार दिन लागेको थियो ।

तर, त्यो विद्रोही समूहलाई नेपालसम्म हतियार ल्याउन लाग्ने खर्च खरामोले व्यहोर्नु पर्ने सहमति भएको थियो । खरामोले चन्दा असुलीबाट आर्जेको ८४ हजार रुपैयाँ त्यो समूहका प्रतिनिधि बुनो आंगामीलाई दिएको थियो । तर, दुर्भाग्यवश आसामबाट हतियार ल्याउँदै गर्दा भारतीय प्रहरीको कारबाहीमा आंगामी मारिए । बल्लतल्ल जुटाएको ८४ हजार रुपैयाँ खेर जाँदा खरामोले त्यो बेला निकै ठूलो आर्थिक क्षति महसुस गरेको थियो ।

त्यसपछि खरामोले चन्दा उठाएर कम्तीमा २० थान एसएलआर, १० थान एके-४७ र ५० हजार गोली जोहो गर्ने कोसिस गऱ्यो । तर, पैसा जुटाउन सकेन । त्यसैले भोजपुरका कृषि विकास बैंक लुटी केही भरुवा बन्दुक किन्यो । गाउँलेसँग रहेका बन्दुक पनि लुट्यो । 'प्रशासनले गाउँलेको हतियार खोस्न थालेपछि हामीलाई झन् सजिलो भयो', किराती भन्छन्, 'गाउँलेले प्रहरीलाई दिनु पर्ने हतियार हामीलाई नै दिन थाले ।' माओवादीसँग एक हुनुअघिको युद्धमा बन्दुक, गोली किन्न २२ लाख रुपैयाँ खर्च भएको किराती बताउँछन् । 'एकताको बेला हामीसँग १ लाख ६५ हजार रुपैयाँ थियो', किराती भन्छन्, 'त्यो सबै हामीले माओवादीलाई बुझायौं ।' ■


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**
**बखुण्डोल, ललितपुर**
**फोनः ५५२८०९१, ५५४२२४५, ५५४५६८०**
**पोष्ठ बक्स, ६९५८, काठमाडौं**
**ईमेल : info@radiosagarmatha.org**

## मिलनको दाबी

मेरो समूहको नाम स्पाइडर ग्रुप हो ।
म नेपालबाहिर छु र यहीँबाट मेरो समूह संचालन गर्छु ।
मेरो समूहमा १९ जना छन्, उनीहरूले एक-अर्कालाई चिन्दैनन् ।
सेना, प्रहरी र माओवादी छाडेकाहरूलाई मिलाएर मैले आफ्नो समूह बनाएको छु ।
मेरा समूहका दुईजना सदस्य दिल्लीमा पनि छन् ।
पैसा असुल्छु, तर लागूऔषध, चेलीबेटी बेचबिखन र लुटपाटको काममा म कहिले लाग्दिनँ ।
एउटा नर्सिङ होममा पैसा असुल्न जाँदा भर्खरै मेरो एकजना भाइ समातिएको छ ।



# मिलन: नेपाली दाउद ?

**के हो 'स्पाइडर ग्रुप' र को हुन् सन्दीप पाठक र मिलन लामा ? नेपालको अपराध संसारमा भर्खरै सुनिएका यी नामबारे प्रहरीसँग केही जानकारी भए पनि त्यो पर्याप्त छैन तर, पछिल्ला बैंक डकैती, लुटपाट र डा. दीक्षितमाथिको आक्रमणमा एउटै गिरोहको हात रहेको र त्यो सन्दीप र मिलन समूह नै भएको प्रहरीको आशंका छ ।**

■ **सुवास देवकोटा/काठमाडौं**

**काठमाडौं मेडिकल** कलेजका अध्यक्ष तथा वरिष्ठ बालरोग विशेषज्ञ डा. हेमांग दीक्षितमाथि वैशाख २१ गते बानेश्वर हाइटमा गोली प्रहार गर्ने गिरोह आफ्नो नेतृत्वको भएको मिलन लामा 'पासाङ' नामका व्यक्तिले दाबी गरेका छन् । 'नो नम्बर' (सम्भवत: विदेश)बाट *समय*सँग टेलिफोनमा कुरा गर्दै उनले मोटो रकम असुल्ने उद्देश्यले उक्त गोली काण्ड गराएको बताए । प्रहरीले पनि 'स्पाइडर ग्रुप' नामको आपराधिक समूहको उक्त घटनामा संलग्नता पाइएको बताएको छ र त्यसका नाइके सन्दीप पाठक वा मिलन लामा भएको आशंका गरेको छ ।

उपत्यका अपराध अनुसन्धान शाखाका प्रमुख प्रहरी उपरीक्षक केशव अधिकारी अनुसन्धानको निष्कर्ष तत्काल सार्वजनिक गर्दा अपराधी चनाखो हुने उल्लेख गर्दै भन्छन्, 'सन्दीप पाठक वा मिलन लामाको विषयमा हामीलाई केही जानकारी प्राप्त भएको छ, तर त्यसबारे सम्पूर्ण तथ्य तत्काल बाहिर ल्याउने पक्षमा हामी छैनौं ।'

के हो 'स्पाइडर ग्रुप' र को हुन् सन्दीप पाठक र मिलन लामा ? नेपालको अपराध संसारमा भर्खरै सुनिएका यी नामबारे प्रहरीसँग केही जानकारी भए पनि त्यो पर्याप्त नभएको प्रहरीको भनाइले स्पष्ट पार्छ । पछिल्ला बैंक डकैती, लुटपाट र डा. दीक्षितमाथिको आक्रमणमा एउटै गिरोहको हात रहेको र त्यो सन्दीप र मिलन समूह नै भएको प्रहरीको आशंका छ । तर, मिलन भने काठमाडौं मेडिकल कलेजकै अर्का संचालक बिएस राणामाथि २०६२ पुस ४ को गोली प्रहारको प्रयास, डेढ वर्षअघि त्यही कलेजमा बम विस्फोटनको प्रयास र डा. दीक्षितमाथिको आक्रमण मात्रै आफ्नो समूहले गराएको बताउँछन् । तर, सन्दीप पाठक आफै वा आफ्नो गिरोहका सदस्य भएको रहस्य भने उनी खोल्दैनन् । पछिल्ला समयमा बैंकहरूमा भएका लुटपाटका घटनामा भने आफ्नो संलग्नता नरहेको उनको दाबी छ ।

निजी लगानीका स्वास्थ्य संस्था र त्यसका संचालकहरूसँग लाखौंकरोडौं रुपैयाँ मागिएको र नदिए ज्यान मार्ने धम्की दिइएका घटना यसअघि नै पटक पटक सार्वजनिक भएका छन् । यसअघि त्यस्ता धम्कीका केही घटना सार्वजनिक भए पनि

डा. दीक्षितमाथि आक्रमणपछि आफूसँग रकम मागिएको र धम्की दिइएको बताउने हिम्मत उनीहरूले गर्न सकेका छैनन्। एक प्रतिष्ठित चिकित्सक नाम नछाप्ने सर्तमा भन्छन्, 'लाखौं रकम माग गर्दै मलाई पनि विदेशबाट फोन आएको छ, नरम स्वरमा बोल्ने उसले मागिएको रकम नदिए डा. दीक्षित बनाइदिने धम्की दिने गरेको छ।'

निजी लगानीका स्वास्थ्य संस्था जस्तै वैदेशिक रोजगार व्यवसायी पनि यो गिरोहबाट अत्यधिक पीडित छन्। नेपालबाहिरबाट टेलिफोन गरेर करोडौं रकम माग्ने गरिएको र डा. दीक्षितमाथि आक्रमण गरिएको दिन 'वैशाख २१' सम्झन धम्की दिने गरिएको बताउँछन्, उनीहरू। उनीहरूका अनुसार अहिले यो व्यवसाय यस्तै धम्कीका कारण पीडित र त्रस्त बनेको छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष एलपी सावा भन्छन्, 'बामे सर्न थालेको यो व्यवसायलाई यस्तो धम्कीले संकटमा पार्ने सम्भावना देखिएको छ।'

## को हुन् मिलन लामा ?

गोपीकृष्ण हल, चावहिलमा २०५२ तिर टिकटको कालोबजारी गरेर आपराधिक जीवन सुरु गरेका मिलनको स्थायी ठेगाना सिन्धुली कमलामाई नगरपालिका-११ भिमान बजार हो। टिकट कालोबजारी गरेको दुई महिनामै त्यहाँको नाइके बन्न सफल उनको आर्थिक उन्नति आश्चर्यलाग्दो छ। ३० वर्ष ननाघेका मिलन त्यसलगत्तै सिंगापुर गए र एक वर्षपछि करोडपति भएर फर्किए। त्यसपछि त सिंगापुर जानु र आउनु उनका लागि पानी पँधेरो नै भयो। अहिले पनि मिलन सिंगापुरमै रहेको र त्यहीँबाट गिरोह संचालन गरिरहेको अनुमान गरिएको छ। यद्यपि, मिलनको धम्की पाएका पीडितहरू नेपालबाहिरबाट टेलिफोन आएको भान पार्न खोजे पनि 'स्याटेलाइट फोन'मार्फत अपराधीले यहीँबाटै फोन गरिएको हुन सक्ने अनुमान गर्छन्।

निकै महत्त्वाकांक्षी स्वभावका मिलनको दुई वर्षअघिसम्म काठमाडौं दरबारमार्गमा तयारी पोसाक र जुत्ता पसल थियो। तर, सोझो व्यवसायभन्दा आपराधिक काम र त्यसैबाट नाम कमाउन रुचाउने मिलनले निकै कम मूल्यमा उक्त पसल बिक्री गरेको उनलाई चिन्नेहरू बताउँछन्। उनीहरूका अनुसार तेस्रो मुलुकमा बसेर भारतमा आपराधिक गिरोह संचालन गरिरहेका दाउद इब्राहिमबाट प्रभावित मिलनले गिरोह संचालन तयारीका निम्ति पछिल्लो समय पनि निकै पटक सिंगापुर र मलेसिया ओहोरदोहोर गरेका थिए। डा. दीक्षितमाथि भएको आक्रमणको १५ दिन अघिदेखि उनी काठमाडौंबाट गायब भएको पनि उनीहरू उल्लेख गर्छन्।

मिलनलाई चिन्नेहरूका अनुसार मेहनतविना कमाएको करोडौं रुपैयाँको ठूलो अंश मिलनले क्यासिनोमा जुवा खेलेर सके। आपराधिक गिरोह संचालन गर्ने धुनमा पहिलेदेखि रहेका उनलाई पैसा सकिएपछि छिटै पैसा कमाउने नयाँ काम थाल्न प्रेरित गरेको पनि उनीहरूको अनुमान छ। अन्तर्राष्ट्रिय गिरोहको ढाँचामा पैसा असुल्ने शैली थालेका मिलनले कुनै अन्तर्राष्ट्रिय गिरोहसँग संलग्न रहे नरहेको भने *समय*सँगको वार्तामा खोलेनन्। ■

# लुटपाटमा प्रहरी नै !



▲ नविल बैंक जोरपाटीको लुटिएको काउन्टर

**नबिल बैंक** जोरपाटी शाखा लुटपाटमा संलग्न भएको अभियोगमा दुईजना प्रहरी पक्राउ परेपछि राजधानीमा केही दिनदेखि चलेको अनियन्त्रित लुटपाटमा प्रहरी संलग्नताको हल्ला तथ्यको नजिक पुगेको छ।

वडाप्रहरी कार्यालयमा बौद्धमा कार्यरत प्रहरी जवानद्वय लक्ष्मीनारायण यादव र राजेश यादव पक्राउ परेपछि प्रहरीको अपराधमा संलग्नता पुष्टि भएको छ। गस्तीमा निस्केका जवान राजेशले नबिल बैंक लुटपाट हुँदा शंकास्पद भूमिका निर्वाह गरेकाले उक्त दिन नै पक्राउ गरिएको थियो भने जवान लक्ष्मीनारायणलाई पनि घटनामा संलग्न पाइएपछि तीन दिनपछि पक्राउ गरिएको थियो।

बैंक लुटपाटको मास्टर प्लान बनाउन अभियुक्तद्वय प्रहरीले महत्त्वपूर्ण भूमिका खेलेको खुलासा भएको छ। राजधानीका आपराधिक गिरोहलाई संरक्षण गर्नसमेत उनीहरू लागी परेको थाहा भएको छ। प्रहरी जवानद्वय लक्ष्मीनारायण र राजेशलाई पक्राउ गरी अहिले अनुसन्धानको लागि उपत्यका अपराध अनुसन्धान शाखा हनुमानढोकामा थुनिएको छ। अनुसन्धान प्रक्रियालाई चुस्ततासाथ अघि बढाइएमा अपराधमा संलग्न थप प्रहरीसमेत तानिन सक्ने प्रबल सम्भावना रहेको एक प्रहरी अधिकारी बताउँछन्। प्रहरी सूत्रका अनुसार अभियुक्त जवानद्वयले लुटपाटमा आफ्नो संलग्नता रहेको कुरा बयानमा स्वीकार गरेका छन्।

नबिल बैंक लुटपाटपछि लुटेराहरूलाई भगाउनसमेत तिनीहरुको हात रहेको पाइएको छ। यसअघिका शृंखलाबद्ध घटनामा समेत उनीहरूको नाम जोडिएको छ। प्रहरी जवानद्वयले बैंक डकैतीको क्रममा आपराधिक गिरोहको लागि सुराकीको काम गर्ने तथा हतियार उपलब्ध गराएर सहयोग पुर्‍याएको रहस्योद्घाटन भएको छ। अभियुक्तहरुमाथि थप अनुसन्धान जारी राखेको र कानुनबमोजिम कारबाही हुने अपराध अनुसन्धान शाखाले जनाएको छ। बैंक डकैती र डा. हेमांग दीक्षित आक्रमणमा संलग्न भएको आशंकामा प्रहरीले अहिलेसम्म डेढ सयभन्दा बढी व्यक्तिलाई पक्राउ गरी अनुसन्धान गरिरहेको जनाएको छ। अधिकांश अपराधीको नाम पत्ता लागिसके पनि अनुसन्धान टुंगोमा नपुगी नाम सार्वजनिक नगरिने अनुसन्धान शाखाले जनाएको छ।

जेठ-४ को प्रतिनिधिसभाको घोषणापछि राजधानीमा आपराधिक घटनाको वृद्धिसँगै आमजनतामा जीउधनको चिन्ता बढ्यो। साथै सामाजिक वातावरण नै अराजक मोडमा उभिन पुग्यो। दिनदहाडै चोरी, डकैती, हत्याका घटनामा बढोत्तरी भए पनि प्रहरीप्रशासन यस्ता घटना रोक्न अक्षम भएपछि आम जनतामा प्रहरीको भूमिका पनि शंकास्पद बनेको थियो। दुई सातामै लुटेराको समूहले चारजना सर्वसाधारण नागरिक हत्या अनि दुईवटा बैंकलगायत दर्जनौं घरबाट करोडौं लुट्दा पनि अपराधीलाई किन प्रहरीले पक्रन सकेन भन्ने प्रश्न अझै पनि निरुत्तरित छ। आपराधिक घटनामा प्रहरीको संलग्नताको विषय बारम्बार उठे पनि प्रहरी होइन भनेर प्रमाणित गराउन नसकेकोले पनि प्रहरीप्रशासनमा शुद्धीकरण कुरा उठ्न थालेको छ।

एक प्रहरी अधिकारी आफ्नो संगठनमा पनि आपराधिक मानसिकता व्यक्ति रहेकाले अपराधीहरूको ग्याङसँग उनीहरूको मिलेमतो रहने गरेको बताउँछन्। त्यसैगरी अपराधशास्त्री माधव आचार्य अपराधमा प्रहरीको संलग्नतालाई राजनीतिक परिवर्तनसँग जोडेर हेर्छन्। उनी भन्छन्, 'हिजो जे गरेर भए पनि प्रतिगमनलाई टिकाउन लागेका प्रहरीले अहिले क्रान्तिपछिको अवस्था स्वीकार गरेका छैनन्। त्यसैले राजनीतिक तरलताको फाइदा उठाएर तिनीहरू लुटपाट र हत्यामा संलग्न भएका हुन सक्छन्।'

■ **छत्र कार्की/काठमाडौं**



एजेन्सी

**कोइरालाको भारत भ्रमणले ऐतिहासिक उपलब्धी हासिल गरेको छ । हतारमा भएको यो भ्रमणले नेपालको पछिल्लो विकासक्रमप्रति भारतीय साथ र सद्भावना हासिल गरेको छ भने भारतको भूमिका नकारात्मक हुनसक्ने माओवादीलगायत अन्य शक्तिको आशंकासमेत दूर गरिदिएको छ ।**

# कसियो सम्बन्ध

■ **युवराज घिमिरे/नयाँ दिल्ली**

**भारत भ्रमणका लागि** विमानस्थल प्रस्थान गर्नुभन्दा तीन घन्टाअघि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले एउटा सन्देश पाए- उनलाई स्वागत गर्न भारतीय प्रधानमन्त्री मनमोहन सिंह आफैं इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल आउन सक्नेछन् । कसैले यसलाई नेपाली प्रधानमन्त्रीप्रति भारतको दुर्लभ स्वागतका रूपमा लिए भने कसैले सिंहले परम्परा तोड्न खोजेको आँकलन गरे ।

सिंह विमानस्थल आए पनि, भारतीय समयानुसार ५:१५ मा आफ्ना नेपाली समकक्षीको स्वागतका लागि । सिंहले कोइरालालाई 'ऐतिहासिक नायक र दक्षिण एसियाका नेता'को उपाधि दिए । 'म तपाईंले भनेजस्तो होइन महामहीम, कृपया मलाई जस्तो छु, त्यस्तै रहन दिनुस्', कोइरालाले दस मिनेटको कुराकानीका क्रममा विनम्रतापूर्वक भने ।

तर, गम्भीर छलफल भोलिपल्ट अर्थात जेठ २४ गते बुधवार भयो, करिब ९० मिनेटसम्म । पहिलो ४५ मिनेट प्रधानमन्त्रीहरूबीच र बाँकी समय कोइरालाको टिमसँग, जसको नेतृत्व लिए अर्थमन्त्री डा. रामशरण महतले । अन्त्यमा भारत नेपाललाई १० अर्ब रुपैयाँको आर्थिक सहयोगका लागि तयार भयो, जसमध्ये १ अर्ब ५० करोड सहयोगका रूपमा र ७ अर्ब २० करोड सुलभ ऋणका रूपमा । भारतले नेपाललाई दिँदै आएको वार्षिक सहयोग १ अर्ब ४ करोड रुपैयाँबाट बढाएर २ अर्ब ४० करोड पुऱ्याउने सहमति पनि गऱ्यो ।

प्रधानमन्त्री कोइराला स्वास्थ्योपचारका लागि जेठ २२ गते बैंकक जाने घोषणा हुँदा सम्भवतः उनलाई के थाहा थिएन भने भारत भ्रमणमा आउने उनको इच्छालाई दक्षिणतिरबाट त्यति प्राथमिकता हासिल हुनेछ । भारतीय प्रधानमन्त्री सिंहले उनलाई तत्काल सद्भावना भ्रमणमा आउने निमन्त्रणा दिए । तर, अवश्य पनि नेपालकै हिसाबले सबै संयन्त्र र परिस्थितिहरू मिलेको भन्ने अवस्था थिएन ।

सरकारले फिर्ता बोलाइसकेका दिल्लीस्थित राजदूत कर्णध्वज अधिकारीलाई शुक्रवारको क्याबिनेट बैठकले भ्रमणपूर्व मुलुक फर्काउने निर्णय गऱ्यो। अधिकारी सोमवार नेपाल फर्के, विधिवत् र पारम्परिक बिदाइविना। त्यस्तै दूतावासको माथिल्लो तह पूर्ण रिक्त भएको अवस्थामा परराष्ट्र मन्त्रालयका उपसचिव तारा पोखेललाई 'साउ डे अफेयर्स'का रूपमा पठाइयो भने सहसचिव दिनेश भट्टराईलाई भ्रमण दलकै सदस्यका रूपमा त्यहाँ आवश्यक अन्तरक्रिया र व्यवस्थाका लागि दिल्ली पठाइयो, जेठ २२ गते सोमबार।

आखिर यति हतारमा यो यात्रा किन तय भयो ? नेपालबाट राज्यप्रमुख वा सरकार प्रमुखका तहमा भारत यात्रा नभएको झन्डै तीन वर्ष हुनु आफैमा अस्वाभाविक हो। असोज १८ गतेपछि शेरबहादुर देउवाको भ्रमण भए पनि भारत यात्राका लागि खुट्टा उठाइसकेका राजा ज्ञानेन्द्रको चाहना कहिल्यै पूरा हुन सकेन। यता प्रजातन्त्रको पुनःस्थापना, नेपालको धराशायी हुन लागेको अर्थतन्त्र र माओवादीसँगको वार्ताका सन्दर्भमा भारतबाट अपेक्षित सहयोगका लागि पनि प्रधानमन्त्रीको यात्रा अपरिहार्य भएको देखिन्छ।

## भ्रमणअघि

प्रधानमन्त्रीको भारत भ्रमणप्रति सात दल गठबन्धनको एक घटक जनमोर्चा नेपालका नेता एवं सांसद लीलामणि पोखरेल र उनको दलले आशंका व्यक्त गरेको थियो जुन माओवादी नेताहरूसँग मेल खान्छ। दीनानाथ शर्माले पनि भ्रमणप्रति आशंकापूर्ण मन्तव्य व्यक्त गरेका छन्। गत साता राजधानीमा भएको सभामा विशेष केन्द्रीय कमान्डले जारी गरेको पर्चामा माओवादीले 'विस्तारवादी भारत र साम्राज्यवादी अमेरिका नेपालमा सेरेमोनियल राजतन्त्रको नाउँमा सामन्ती राजतन्त्रलाई निरन्तरता दिने अभियानमा लागेको' आरोप लगाएको थियो। धेरै समयपछि माओवादीले भारतलाई विस्तारवादी घोषित गरेको यो तथ्यले प्रधानमन्त्रीको भारत भ्रमणले माओवादीमा थप आशंका पैदा गरेको देखिएको छ।

तर, सरकारले भने प्रधानमन्त्रीको भारत भ्रमणलाई अनपेक्षित र शंकाको रूपमा लिन नहुने धारणा व्यक्त गरेको छ। भ्रमणका क्रममा भएको उपलब्धीले यसलाई पुष्टिसमेत गरेको छ। 'यो सद्भावना यात्रा मात्र हो', उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री खड्गप्रसाद ओलीले भनेका थिए। सम्भवतः नेपालभित्र सदाझैं उच्चस्तरीय भारत भ्रमणलाई लिएर व्यक्त हुने गरेको आशंका र अनिश्चिततालाई ढाक्न पनि त्यस्तो अभिव्यक्ति आएको देखिन्छ। अहिले खास गरी 'आर्थिक प्याकेज' आवश्यक भएको र त्यसका लागि अर्थमन्त्री डा. महतलाई भारत पठाउने प्रधानमन्त्रीको इच्छा तत्काल टुंगियो, सिंहको निम्तो पाएपछि।

आर्थिक सहयोगको मागलाई सहज रूप दिलाउन भारतले प्रजातन्त्र पुनःस्थापनापछि देखाउँदै आएको रवैयाले पनि सहज बनाएको थियो- खासगरी 'हिमालयन मार्सल प्लान'को घोषणापछि।

> **भारतले नेपाली सेनालाई हतियार आवश्यक परेमा निजामती सरकारको आग्रह र मागबमोजिम ऊ निर्देशित हुने आश्वासन पनि दिएको छ। तर, त्यसले वार्ता तथा शान्ति प्रक्रियालाई प्रतिकूल रूपमा प्रभावित गर्न नहुनेमा दुवै पक्षको समान मान्यता रहेको थियो।**

## भारतको असन्तुष्टि

तर, भारतीय पक्षको तीव्र असहमति पनि कोइराला र उनको ६ मन्त्रीसहितको टोलीले व्यहोर्नु पऱ्यो। खासगरी प्रतिनिधिसभामा सत्ताधारी गठबन्धनकै तर्फबाट भारत नेपालको सार्वभौमिकताप्रति संवेदनशील नभएको र ऊसँग अहिले सन्धि सम्झौता गर्न नहुने सुझाव आएपछि भारतले त्यसप्रति कडा आपत्ति जनाएको थियो। 'हामी सहयोग र विश्वासको नयाँ वातावरण बनाउन तयार भइरहेको अवस्थामा यस्ता टिप्पणीले निरास तुल्याएको छ', भारतीय कुटनीतिक सेवाका एक वरिष्ठ अधिकारीले *समय*लाई बताए।

त्यसैलाई आधार बनाएर भारतले सुरुमा जलविद्युत् परियोजनाबारे कुनै पनि वार्ता गर्न आफू तयार नभएको क्षणिक अडान पनि लिएको थियो। तर, प्रधानमन्त्री कोइरालाको भावना र सांसदहरूको त्यस्तो आशय नभएको, प्रतिनिधिसभा अस्तित्वमा रहेको तथा सदन बहुमत तथा पूर्ण उत्तरदायी रहेको सरकारले मुलुकलाई प्रतिनिधित्व गर्ने डा. महतको स्पष्टीकरणपछि भारत करिब ६० करोडभन्दा बढीको जलविद्युत् प्याकेज दिन तयार भएको थियो।

अवश्य पनि कोइरालाको भारत यात्राले उनलाई विवादमा नल्याएको हैन अतीतमा, प्रधानमन्त्रीका रूपमा सन् १९९१ डिसेम्बरको यात्रामा उनले टनकपुर समझदारीमा हस्ताक्षर गरेका थिए भने त्यसको नौ वर्षपछि अर्थात् सन् २००० जुलाई-अगस्तको यात्रामा भारतीय मोटर खरिदलाई लिएर मुलुकमा उनीप्रति आक्रोश चर्किएको थियो। तर, माघ १९ गतेयता प्रजातन्त्र पुनःस्थापना तथा राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनको विरोधमा भारतलगायत अन्तर्राष्ट्रिय जगत्सँग उनको बढेको मित्रता अनि माओवादीसँग गरेको बाह्रबुँदे समझदारी तथा अहिले जारी माओवादीसँगको शान्ति वार्ताबारे पनि भारतसँग छलफल गर्नु उनका लागि आवश्यक भएको अनुमान गर्न सकिन्छ।

खासगरी सरकार-माओवादी वार्ताका लागि दुई पक्षबीच सहमतिपछि बनेको पच्चीसबुँदे आचारसंहितामा उल्लेखित वार्तामा राष्ट्रसंघीय भूमिका खोजिनेबारे भारतले स्पष्ट हुन चाहेको पनि बताइएको छ। यद्यपि, कोइरालाले हतियार व्यवस्थापन तथा पछि संविधानसभा निर्वाचनमा पर्यवेक्षण प्रक्रियामा राष्ट्रसंघको भूमिकालाई भारतले स्वीकार गरेको आश्वासन लिन सफल भएका छन्। शान्ति प्रक्रिया 'मोनिटरिङ' र त्यहाँ राष्ट्रसंघ वा कुनै तेस्रो पक्षभन्दा नेपालको नागरिक समाज-प्रबुद्धवर्गमा सहमतिमा आधारित आन्तरिक पक्ष रहेमा भारतीय संवेदनशीलता सम्बोधन हुने उसले प्रस्ट पारेको छ। प्रधानमन्त्री कोइरालाले नेपाल भारतीय संवेदनशीलताबारे सचेत रहने आश्वासन दिएर त्यो आशंका मेटाएका छन्, तत्कालका लागि।

त्यस्तै माओवादीले र भारतस्थित उसका केही मित्र शक्तिहरूले प्रत्यक्ष रूपमा र केही अन्तर्राष्ट्रिय संस्थाहरूमार्फत भारतमा थुनिएका नेपाली माओवादीहरू खासगरी किरण वैद्य र सिपी गजुरेलको रिहाइको प्रसंग उठाउँदै आएकोमा यसपटक माओवादी आग्रहमा सरकारले भारतसँग त्यो प्रसंग उठाएको छ। भारतले नेपालमा शान्ति र वार्ता प्रक्रियामा सघाउ पुऱ्याउन उसले कानुनसम्मत कदमहरू उठाउने आश्वासन दिएर आवश्यकतानुसार ती नेताहरूलाई रिहा गर्न सकिने संकेत दिएको छ।

भारतमा त्यहाँको कानुन उल्लंघन भएको तथा कानुन व्यवस्था र सुरक्षालाई खतरा पुग्ने खालका गतिविधि गरेबापत केहीलाई आफैले गिरफ्तार गरी थुनेको र केहीलाई सरकारको अनुरोध वा आग्रहमा गिरफ्तार गरी बुझाएको थियो।

नेपालमा विद्यमान कानुन व्यवस्थाको स्थिति, सरकारले माओवादीसमक्ष आफ्नो आधिकारिता प्रस्तुत गर्न नसकेको र सुरक्षाकर्मीहरूको गिर्दो मनोबल प्रजातन्त्रका लागि अन्ततोगत्वा घातक हुनसक्ने चरम खालका अभिव्यक्ति प्रस्तुत गरे पनि भारतले नेपाली सेनालाई हतियार आवश्यक परेमा निजामती सरकारको आग्रह र मागबमोजिम ऊ निर्देशित हुने आश्वासन पनि दिएको छ। तर, त्यसले वार्ता तथा शान्ति प्रक्रियालाई प्रतिकूल रूपमा प्रभावित गर्न नहुनेमा दुवै पक्षको समान मान्यता रहेको थियो।

भारतले नेपालका लागि खासगरी स्वास्थ्य, शिक्षा,

**कोइरालाको निमन्त्रणालाई स्वीकार गर्दै अनुकूल समयमा नेपाल भ्रमण गर्ने मनमोहन सिंहको घोषणाले उच्चस्तरीय अन्तरक्रियाले निरन्तरता पाउने देखिन्छ भने विकाससम्बन्धी आयाम नेपालको राजनीतिको महत्त्वपूर्ण प्राथमिकता बन्ने पनि देखिन्छ ।**



एजेन्सी

ग्रामीण विकास तथा भौतिक पूर्वाधार निर्माणमा सहयोग वृद्धि गर्ने आश्वासन पनि दिएको छ । त्यसैगरी यस वर्षभन्दा पनि बढी अर्को वर्ष नेपालमा विद्युत् आपूर्ति अवस्था बिग्रने सम्भावनालाई ध्यानमा राख्दै तत्काल आपूर्ति व्यवस्था सुचारुबारे पनि सहमति भएको थियो ।

खासगरी यो सद्भावना भ्रमण भएकोले 'विवादका विषयहरू' नउठाउने मान्यताअनुरूप प्रधानमन्त्री कोइराला सन् २००० मा दिल्ली जाँदा उठेको कालापानीसम्बन्धी संयुक्त आयोग र सन् १९५० को सन्धि समीक्षासम्बन्धी दुईतर्फका परराष्ट्र सचिवस्तरीय समीक्षासम्बन्धी विषयहरूले खासै चासो वा महत्त्व पाएनन् ।

कोइरालाको निमन्त्रणालाई स्वीकार गर्दै अनुकूल समयमा नेपाल भ्रमण गर्ने मनमोहन सिंहको घोषणाले उच्चस्तरीय अन्तरक्रियाले निरन्तरता पाउने देखिन्छ भने विकाससम्बन्धी आयाम नेपालको राजनीतिको महत्त्वपूर्ण प्राथमिकता बन्ने पनि देखिन्छ ।

वास्तवमा नेपालले खोजेको नरम ब्याजका बारेमा भारतले अनेक सम्भावनाका खोजी गरेको पनि बुझिन्छ । नेपाललाई ऋणमा डुबेको मुलुकहरूको श्रेणी (एचइपिसी)मा राख्न अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) र विश्व बैंकले सिफारिस गरेका थिए, शाही सत्ताकालमा । तर, त्यसमा संलग्न हुने प्रतिबद्धता नदेखाइएकाले सम्भवतः भारतले तत्काल त्यस श्रेणीअन्तर्गत नेपाललाई दिन सक्ने 'सफ्ट लोन'का सर्तहरू परिवर्तन भएका थिए । त्यसबाट नेपालले अन्य विधा र वैदेशिक सहयोग तथा विश्वसनीयतामा त्यसका कारण धेरै गुमाउने हुनाले त्यस श्रेणीअन्तर्गत कुनै सहुलियत नलिने मान्यता डा. महत स्वयंले राखेका पनि थिए । भारतीय उद्योगीहरूसँगको अन्तरक्रिया तथा त्यसपूर्व सरकारमार्फत पनि नेपाली टोलीले भारतीय पुँजी निवेशलाई बढी मात्रामा स्वागत गर्न ऊ इच्छुक रहेको बताएको थियो ।

भारत भ्रमणका क्रममा प्रधानमन्त्री कोइरालाले आफ्नो 'नायक-छवि' समकक्षी डा. सिंहलाई केही सीधा अनुरोध गर्नसमेत प्रयोग गरे, 'नेपाल संकटमा छ, त्यसैले सहमति भएका विषयहरू सहज रूपमा कार्यान्वयन भए खुसी हुने थिएँ ।' त्यसबाहेक भारतले लगाउँदै आएको चार प्रतिशत कर हटाउनुलाई पनि आफूले चाहेजति भएको रूपमा नेपालले लिएन । तर, स्पष्ट रूपमा यसले भारतको के चाहना र संकेत प्रकट गरेको छ भने भारतले शान्ति स्थापना र आर्थिक समृद्धिको नेपालको वर्तमान आवश्यकताको पहिचान गरेको छ । 'हाम्रो भ्रमणका दुईवटा उद्देश्य छन्, शान्ति र आर्थिक सुधार', डा. महतले भने । उनका अनुसार माओवादीलाई हतियार बिसाउन र चन्दा अभियान स्थगन गर्न जे शक्ति र सामर्थ्य प्रयोग गर्नु पर्छ, त्यसका लागि समेत भारतलाई नेपाल सरकारले आग्रह गरेको छ ।

शान्ति प्रक्रिया सफल पार्न भारतसँग नेपालले गरेको आग्रहका रूपमा यसलाई हेरिएको छ । केही दिनयता माओवादीका अभिव्यक्ति भारतप्रति एकदमै आक्रामक देखिएका छन् । माओवादीका अध्यक्ष प्रचण्डले कतिसम्म भनेका छन् भने भारतले अहिले चलिरहेको शान्ति प्रक्रियामा समेत अवरोध पुऱ्याउन सक्छ ।

डा. सिंहका सुरक्षा सल्लाहकार एमके नारायणन् र गृहमन्त्री शिवराज पाटिलले प्रधानमन्त्री कोइरालासँग बुधवार दिल्लीस्थित इम्पेरियल होटलमा गरेको कुराकानीमा यो डर व्यक्तसमेत गरेका छन् । दिल्ली भ्रमणमा निस्कँदा कोइरालालाई माओवादीले भारतसँग आफ्ना १ सय ५० नेता-कार्यकर्ता (किरण वैद्य र सिपी गजुरेलसहित) लाई मुक्त गराउनसमेत दबाब दिएका थिए ।

भारत सरकारले नेपालको शान्ति प्रक्रियाप्रति भने उच्च चासो व्यक्त गरेको छ । भारतले नेपाल सरकारलाई के सम्झायो भने सुरक्षा अंगको मनोबल गिर्न दिनु भने बुद्धिमानी हुँदैन । भारतले अहिले चलिरहेका जलस्रोत परियोजनाहरूमा सहयोग गर्न सहमति व्यक्त गरे पनि कुनै नयाँ परियोजना सुरु गर्ने कुरा भने गरेन, ताकि कोइरालाले नेपालमा कुनै अविश्वासको सामना गर्नुनपरोस् । तर, भारत शान्ति प्रक्रियामा संयुक्त राष्ट्रसंघको सोझो र महत्त्वपूर्ण भूमिकाविरुद्ध देखिएको छ किनभने यसले संयुक्त राष्ट्रसंघको भौतिक उपस्थिति निम्त्याउने निश्चित हुन्छ ।

हतियार व्यवस्थापन र संविधानसभा निर्वाचनको पर्यवेक्षणका लागि संयुक्त राष्ट्रसंघको भूमिकाका लागि भारत सकारात्मक रहेको विश्वास गरिन्छ । तर, भारत युद्धविरामको अनुगमनका लागि संयुक्त राष्ट्रसंघको उपस्थितिविरुद्ध देखिएको थियो ।

कोइरालाले मुलुकको आर्थिक सुधार र शान्तिलाई महत्त्वपूर्ण प्राथमिकता दिएका छन्, भारत भ्रमणका क्रममा । तर, मुलुकमा यसले कस्तो प्रतिक्रिया हासिल गर्छ भन्नेमा धेरै कुरा निर्भर गर्छ । भारत भ्रमणमा कोइरालाले पाएको उपलब्धी र सकारात्मक सङ्केतलाई नेपालभित्रैका शक्तिले भने कुन हिसाबले हेर्नेछन् भन्नेले यसको सफलता निर्देशित गर्ने स्पष्ट छ । ■


सूचना विभाग

# आर्थिक आश्रयको खोजी

■ मधुसूदन पौडेल/काठमाडौं

**सवा अर्ब रुपैयाँको** चामल भारतीय किसानसँग बेसाएर यो वर्ष नेपालीले आफ्नो गुजारा चलाउनेछन् । नेपाल राष्ट्र बैंकद्वारा भखरै सार्वजनिक गरिएको 'माइक्रो इकोनोमिक सिच्युएसन-२००६'का अनुसार ७१ करोड रुपैयाँको तरकारी र २१ करोड रुपैयाँको चिनी भारतबाट खरिद गरेर मात्रै यो वर्षको आवश्यकता टर्नेछ ।

औद्योगिक उत्पादनमा भारतसँग रहेको परनिर्भरता अब कृषिजन्य उत्पादनमा पनि बढ्दै गएको छ । अघिल्लो वर्ष सन् २००४/०५ मा १४ करोड रुपैयाँको चामल भारतीय बजारबाट भित्रिएकोमा यो वर्ष ७ सय ७२ प्रतिशतले वृद्धि हुँदै १ अर्ब २८ करोड रुपैयाँ पुग्ने अनुमान गरिएको छ । यो वृद्धि चिनीमा ४ सय १३ प्रतिशत र तरकारीमा करिब १५ प्रतिशत छ ।

औद्योगिक उत्पादन ओह्रालो लागेको अवस्थामा कृषि उत्पादनको खरिदमा डरलाग्दो वृद्धिले भारतसँग नेपालको व्यापार घाटा चुलिएको छ । यसले नेपालीको सीमित आम्दानी विदेशिएको त छँदै छ, नेपाली किसानका खेत पनि बाँझै रहन थालेका छन् । साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भायरमेन्ट (साउती)का अध्यक्ष एवं व्यापार मामिलाविज्ञ डा. पोषराज पाण्डे भन्छन्, 'भैंसी पाल्नुको सट्टा दूध किनेर खानु पर्ने अवस्थामा पुगेका छन्, नेपाली किसान ।'

जेठ २३ देखि सुरु भएको प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमणमा द्विपक्षीय व्यापारलाई मुख्य एजेन्डा बनाउनु पर्ने आग्रहका साथ नेपाली उद्यमीहरूको एउटा टिम सामेल छ, भ्रमण दलमा । तर, यो वर्ष मात्रै भारतसँग ३८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको नेपालको व्यापार घाटा कम गर्ने कुनै ठोस योजना छैन, उनीहरूसँग ।

पछिल्लो समयमा नेपाल-भारत व्यापारमा देखिएको सबैभन्दा ठूलो समस्या भारतीय कृषि उत्पादनको नेपालमा खुला प्रवेश हो । भारतीय सरकारले प्रत्यक्ष अनुदानमार्फत आफ्ना किसानलाई निकै माया गरेर उत्पादन गरिएका कृषि उपजको बजार बनेको छ, नेपाल । त्यसलाई संरक्षण गरेको छ, नेपाल-भारत वाणिज्य सन्धिले । किनभने भारतीय कृषि उत्पादनको नेपाल प्रवेशमा नेपालले भन्साररहित सुविधा उपलब्ध गराएको छ । आधुनिक प्रविधि, सरकारको प्रत्यक्ष सहयोग र व्यवसायिक कृषि उत्पादनका अगाडि नेपाली किसानका उत्पादन टिक्न सक्ने अवस्था छैन । महँगो लागत पर्ने नेपाली उत्पादन विस्थापित हुँदै जाँदा भारतीय उत्पादनका लागि नेपाली बजार अरू फराकिलो बन्दै गएको छ । यस्तो अवस्थामा नेपाली किसानलाई बेरोजगार बन्न नदिन र भारतसँगको व्यापार घाटा न्यून गर्न नेपाली उत्पादनलाई संरक्षणको नीति अंगीकार गर्नु पर्छ, सरकारले ।

विश्व बजारमा प्रतिस्पर्धामा अगाडि बढ्दै गइरहेको भारतीय औद्योगिक उत्पादनको प्रभुत्व नेपालमा फैलिँदै गएको छ, खासगरी बितेको दशकमा माओवादी द्वन्द्वका कारण नेपाली औद्योगिक क्षेत्र रुग्ण बन्दै जाँदा । भारतबाट दैनिक आवश्यकताका वस्तुदेखि विलासिता र विद्युतीयदेखि विकास निर्माणका सामग्रीसम्म नेपाल आयात हुँदै आएका छन् । औषधी, रासायनिक मल, प्लास्टिक, कपडा, तयारी खाद्य पदार्थ लगायतका उत्पादनमा नेपाल मूल रूपमा भारतमै आश्रित छ । पेट्रोलियम पदार्थको आयातमा पनि नेपाल पूर्णरूपमा भारतमै आश्रित छ । यो वर्ष भारतबाट १९ अर्ब रुपैयाँको पेट्रोलियम पदार्थ नेपाल भित्रिने अनुमान गरिएको छ । पछिल्ला वर्षमा १४ अर्ब रुपैयाँभन्दा बढीको पेट्रोलियम पदार्थ नेपाल आयात हुँदै आएको छ । अन्तर्राष्ट्रिय बजारअनुसार मूल्य समायोजन गर्न नसक्दा नेपालले तेल व्यापारमा अर्बौं नोक्सानी व्यहोरेको छ । अहिले

पनि ५ अर्ब रुपैयाँभन्दा धेरै रकम भारतीय आयल निगम (आइओसी)लाई बुझाउन बाँकी छ।

अधिकांश कृषि उद्यमसँग जोडिएका उत्पादन र केही औद्योगिक उत्पादन नेपालबाट भारत निर्यात गरिँदै आएको भए पनि आयातको तुलनामा नेपाली उत्पादनको निकासी न्यून रहँदै आएको छ। नेपाली उत्पादनका लागि भारतीय बजार साँघुरिँदै गएको मात्रै छैन, विगतमा निर्यात हुने उत्पादन अहिले भारतबाट आयात हुन थालेका छन्, जसका कारण प्रतिवर्ष व्यापार घाटा बढ्दै जाने क्रम रोकिएको छैन। सन् २००२ मा २२ अर्ब रहेको व्यापार घाटा त्यसपछिका वर्षहरूमा क्रमशः २४ र २६ हुँदै यो वर्ष ३६ अर्ब पुग्ने देखिएको छ। जुन अघिल्लो वर्षको तुलनमा ३८ प्रतिशतले बढी हो। व्यापार घाटा बढ्ने र सशस्त्र द्वन्द्वका कारण भारतमा काम गर्ने नेपालीले कमाएको रकम घर नपठाउँदा नेपाल सरकारले भारतीय रुपैयाँको समेत संकट व्यहोर्दै आएको छ। राष्ट्र बैंकका अनुसार बितेका तीन वर्षमा करिब ३० करोडभन्दा बढी डलरसँग भारतीय रुपैयाँ साट्नु परेको छ।

प्रतिस्पर्धामा कमजोर रहेका नेपाली उद्योगका लागि भने भारतले लगाएको ४ प्रतिशतको एसिडीले पनि थप समस्या पारेको छ। त्यसैले नेपालले भारतसँग यो अवरोध हटाउन भारत सरकारसँग औपचारिक आग्रह गर्नेछ। नेपाल उद्योग परिसंघका अध्यक्ष विनोद चौधरी भन्छन्, 'नेपाली वस्तुको भारत निर्यातमा यसले थप अवरोध पुऱ्याएको छ।' व्यापारविज्ञ डा. पाण्डेको विश्लेषणमा भने भारतले नेपाली वस्तुको निर्यातमा मात्रै यो अवरोध हटाउन सक्ने अवस्था छैन। विश्व व्यापार संगठनको सदस्यको हैसियतमा उसले कुनै मुलुकलाई मात्रै छुटको सुविधा दिन सक्दैन। सबै मुलुकलाई छुट दिँदा उसका उद्योग संरक्षणमा नकारात्मक असर पर्न सक्छ।

प्रधानमन्त्री कोइरालाको भारत भ्रमणको अवसर छोपेर नेपालका उद्यमीहरूको आग्रहअनुसार भारतबाट नियमित विद्युत् आपूर्ति, सडक सञ्जाल र रेल्वे मार्गको सुदृढीकरण आदि विषयमा भारतको ध्यानाकर्षण गराइएको छ। नेपालको वर्तमान विद्युत् आवश्यकता पूरा गर्न भारतबाट १ सय मेघावाट बिजुली नेपालले लिनु पर्ने, वीरगन्जसम्म आउने रेल्वेमा तरल पदार्थ बोक्ने कन्टेनर सुविधा लिन र जोगवनी, सुनौलीसम्म रेल्वे सेवा विस्तारका लागि आग्रह गर्न उनीहरूले सरकारलाई आग्रह गरेका थिए।

### औद्योगिक विकासको अवसर

अल्प विकसित मुलुक (एलडिसी)को हैसियतमा नेपालमा औद्योगिक विकासको सम्भावना भने कायमै छ। खास गरी डब्लुटिओमा एलडिसीहरूले पाएको सुविधाको उपयोग गर्न सक्छन्, नेपालमा लगानी बढाएर बहुराष्ट्रिय कम्पनीहरूले। बहुराष्ट्रिय कम्पनीहरूले नेपालमा लगानी गर्दा उनीहरूले विकसित राष्ट्रलाई आफ्नो बजार बनाउन पाउँछन्। युरोपेली संघले 'एभ्री थिंक्स बट आर्मस्' (इबिए)अन्तर्गत एलडिसीका उत्पादनलाई खुला प्रवेशको अवसर दिएको छ। यो प्रावधानले हतियारबाहेकका एलडिसीका सबै उत्पादनले युरोपेली मुलुकमा बजार पाउनेछन्। हङकङमा सम्पन्न पछिल्लो डब्लुटिओ मिनिस्टरियल बैठकले एलडिसीका ९७ प्रतिशत उत्पादनलाई विनारोकटोक बजार दिन विकसित मुलुक तयार बनेका छन्। नेपालमा लगानी गर्ने बहुराष्ट्रिय कम्पनीहरूले यो सुविधा उपयोग गरी आफूले मुनाफा आर्जन गर्न सक्छन् र नेपालको औद्योगिक विकासमा योगदान।

यसका लागि नेपालमा औद्योगिक लगानीको वातावरण तयार पारिदिनु सरकारको कर्तव्य हो। दिगो शान्तिको वातावरण बनेको अवस्थामा नेपालमा वैदेशिक लगानी आकर्षित हुने सम्भावना कायमै छ। कच्चा पदार्थको सहज आपूर्ति, सस्ता मजदुरका कारण पनि विदेशी लगानी नेपालमा आकर्षित हुन सक्ने अवस्था छ। तर, व्यापारविज्ञ पाण्डेको विश्लेषणमा भ्रष्ट प्रशासनको अन्त्य र अवरोधरहित कानुनी प्रावधानमा सरकारले ध्यान पुऱ्याउनु आवश्यक छ। ■

## 'विनर'लाई सपोर्ट गर्नु पर्छ सरकारले



समय

■ **डा. पोषराज पाण्डे**
**व्यापारविज्ञ**

**नेपालको औद्योगिक विकासका लागि के विकल्प हुन सक्छन् ?**

हामीले संयुक्त लगानीका उद्योगहरूमा ध्यान दिनु जरुरी छ। यस्तो लगानी भित्र्याउँदा हामीले आधुनिक प्रविधि, पुँजी, व्यापारिक ज्ञान र बजार जस्ता कुरा पाउन सक्छौं, जसबाट नेपालको औद्योगिक विकासमा योगदान पुग्छ। संयुक्त लगानीको एउटा टुथपेस्ट कम्पनीले वार्षिक २५ करोड रुपैयाँको उत्पादन भारतमा निर्यात गरेको छ।

**तैपनि नेपालमा तुलनात्मक लाभका क्षेत्र हेर्न सकिन्छ ?**

यसमा मेरो अलि फरक धारणा छ। तुलनात्मक लाभका क्षेत्रहरू पहिचानका लागि मैले ६ महिना लगाएर एउटा अध्ययन गरुँला, तर बजार यति द्रुत छ कि परिवर्तन भइहाल्छ। त्यसैले के गर्दा ठिक हुन्छ भनेर हेर्ने काम निजी क्षेत्रलाई छोडिदिनु पर्छ। सरकारले जो 'विनर' बन्छ उसलाई सपोर्ट गर्नु पर्छ।

**अहिले कुन क्षेत्र छ त यस्तो ?**

चिया, मेडिसिन प्लान्ट, अलैंची र कफीलाई अहिले सरकारले सपोर्ट गर्नु पर्छ।

**भारतसँगकै व्यापारको प्रसंग हेर्दा हामीले के कुरामा ध्यान पुऱ्याउनु पर्ला ?**

नेपालले भारतलाई चीनसम्मको बजारमा पुग्न ट्रान्जिट सुविधा दिने भनेको छ। यसो हो भने भारत हुँदै पाकिस्तानसम्म चिया निर्यातको ट्रान्जिट सुविधा पनि लिन सक्नुपर्छ हामीले भारतसँग। बंगलादेशसम्मका लागि पनि किन हामीले वैकल्पिक रुट माग्न नसक्ने ? भारतसँगकै व्यापारको कुरा गर्दा भारतीय रुपैयाँको विनिमय दरमा पुनरावलोकन गर्नु जरुरी भएको छ। फेरि भारतसँग पनि व्यापार विविधिकरण गर्न सक्नु पर्छ।

**नेपालको व्यापार घाटा त बढ्दै गएको छ ?**

आयातमा जुन लेवलमा डाइभर्सिफाइ हुनु पर्थ्यो त्यो हुन सकिरहेको छैन। हाम्रो वाणिज्य नीति पनि भएन। एक्सचेन्ज रेटमा पनि पुनरावलोकन हुन सकेको छैन।

**के राष्ट्रिय उद्योगहरूलाई संरक्षणको आवश्यकता देख्नुहुन्छ ?**

केही हदसम्म संरक्षण हुनु पर्छ, तर त्यसको समयावधि तोकिनु राम्रो हुन्छ। नेपालको मुख्य क्षेत्र कृषि हो। कुल ग्राहस्थ उत्पादनमा यो क्षेत्रको योगदान धेरै छ। तर हामीले कृषिजन्य उत्पादनका आयात भन्साररहित बनायौं। हामीले भारत सरकारसँग बजेटरी सपोर्ट माग्न हुन्छ भने नेपाली किसानको सपोर्टका कुरा किन गर्न नसक्ने भारत सरकारसँग। मलाई के लाग्छ भने नेपाली कृषि क्षेत्रको विकासका लागि आयातमा कायम भन्साररहित व्यवस्थामा केही न केही विकल्प सोच्नु पर्छ। दीर्घकालीन व्यवस्थाका लागि सरकारले नीति बनाएर अगाडि बढ्नु राम्रो हुन्छ।

**तर सरकार त खुला बजार अर्थतन्त्र, डब्लुटिओ प्रावधान वा दाताहरू देखाएर कृषि क्षेत्रको सबै अनुदान फिर्ता लिइरहेको छ नि ?**

डब्लुटिओ प्रतिबद्धताअनुसार पनि सरकारले कुल उत्पादनको १० प्रतिशतसम्म अनुदान दिन सक्छ, कृषि क्षेत्रमा। तर, नेपालमा सबै अनुदान काटिएको छ। फेरि हङकङ मिनिस्टरियल बैठकले दाताहरूले सहयोग उपलब्ध गराउदा सर्त राख्न पाइँदैन भनेको छ। सरकारको भूमिका कम गर्दै जाने भनिएको होला, तर नेपालमा त सरकारले कृषि क्षेत्रप्रतिको सम्बन्ध नै अन्त्य गर्दै लगेको छ। ■




**कल्याणकारी कोषको औचित्य, पारदर्शिता र वैधानिकताबारे तल्ला दर्जाका सैनिकले वर्षौंदेखि प्रश्न उठाइरहेको भए पनि हाकिमको डरले उनीहरू प्रकट भने हुन सकेका छैनन् । मनोमानी ढंगले संचालन भइरहेको कोष उच्च सैनिक अधिकारी तथा दरवारियाको कामधेनु गाई भइदिँदा समेत टुलुटुलु हेर्न बाध्य सिपाहीहरूको पक्षमा राष्ट्रसंघले चासो देखाएपछि आशा जागेको छ ।**

■ किरण भण्डारी/काठमाडौं

# गाँस काटेर मनोमानी !

**शान्ति सेनामा** खटिएका सिपाहीको गाँस काटेर संचालन गरिएको सैनिक कल्याणकारी कोषबारे संयुक्त राष्ट्रसंघले गम्भीर चासो देखाएको छ । व्यक्तिलाई दिइएको पारिश्रमिक कटाएर कोष स्थापना गरी अपारदर्शी र तजबिजी ढंगले संचालन भइरहेको तीन दशकपछि संयुक्त राष्ट्रसंघले यसबारे विवरण मागेको हो ।

कल्याणकारी कोषको औचित्य, पारदर्शिता र वैधानिकताबारे तल्ला दर्जाका सैनिकले वर्षौंदेखि प्रश्न उठाइरहेको भए पनि हाकिमको डरले उनीहरू प्रकट भने हुन सकेका छैनन् । मनोमानी ढंगले संचालन भइरहेको कोष उच्च सैनिक अधिकारी तथा दरवारियाको कामधेनु गाई भइदिँदा समेत टुलुटुलु हेर्न बाध्य सिपाहीहरूको पक्षमा राष्ट्रसंघले चासो देखाएपछि आशा जागेको छ ।

राष्ट्रसंघको न्युयोर्कस्थित 'पिस किपिङ अपरेसन डिपार्टमेन्ट'ले शान्ति सेनामा कार्यरत नेपाली सैनिकको हात पर्ने पारिश्रमिकबारे दुई महिनादेखि जानकारी लिने काम जारी राखेको छ । स्रोतका अनुसार नेपालस्थित राष्ट्रसंघको आवासीय र राष्ट्रसंघीय मानवअधिकार आयोगको कार्यालयमार्फत मुख्यालयले जानकारी प्राप्त गरिरहेको छ ।

सैनिकको विषय कार्यक्षेत्र नपर्ने भए पनि इयान मार्टिनले नेतृत्व गरिरहेको आयोगलाई अनौपचारिक सूचना संकलन माध्यम बनाइएको जानकारी स्रोतले दिएको छ । मुख्यालयले माग गरेअनुरुपको सूचना पठाउने कार्य दुवै निकायले जारी राखेका छन् ।

'राष्ट्रसंघले कबोलेर दिएको पारिश्रमिकमा मनपरी गरेको गुनासो आएको भन्दै मुख्यालयले दर्जनौं जिज्ञासा राखेको छ ?', राष्ट्रसंघ स्रोत भन्छ, 'चैतको सुरुदेखि नै यसबारे जानकारी संकलन र प्रेषित गर्ने काम भइरहेको छ ।'

सेनाको पारिश्रमिकबाट कति प्रतिशत रकम कट्टी गरिन्छ ? कर कट्टी गरिएको हो कि सलामी ? ऐच्छिक रूपमा काटिन्छ कि अनिवार्य गरिएको छ ? कट्टी गर्नुअघि सम्बन्धितको स्वीकृति लिने चलन छ कि छैन ? लगायत मानवअधिकारका आधारभूत विषयबारे न्युयोर्कबाट जानकारी मागिएको छ ।

मानवअधिकार आयोगको कार्यालयले कोषसम्बन्धी सर्वोच्च अदालतमा विचाराधीन मुद्दाबारे समेत जानकारी लिइ केही साताअघि मात्र मुख्यालयमा पठाइसकेको छ । आयोगका प्रतिनिधिले कोषविरुद्ध रिट निवेदकका वकिल रणबहादुर थेवेसँग समेत जानकारी लिनुले राष्ट्रसंघको गम्भीरताको संवेदनशिलतालाई देखाएको छ ।

शान्ति सेनामा सेवा गरेबापत प्राप्त हुने पारिश्रमिकमा कुनै पनि मुलुकमा करसमेत लगाउन पाइँदैन, तर नेपालमा वर्षौंपिच्छे मनोमानी प्रतिशतमा कोषमा रकम काटिएकाबारे राष्ट्रसंघको ध्यानाकर्षण भएपछि उच्च अधिकारीबीच छलफल प्रारम्भ भएको छ । मुलुकको राजनीतिक परिवर्तनले अत्तालिएको सेना अन्तर्राष्ट्रिय वृत्तमा लाजगाल जोगाउन राष्ट्रसंघको औपचारिक प्रतिक्रिया आउनुअघि नै कोषबारे सार्वजनिक जानकारी दिने अभ्यासमा जुटेको थाहा भएको छ । सहायक रथी कुमार केसी सहितका केही अधिकारीहरू कोषको हिसाब किताब मिलाउन तल्लीन रहेको दाबी स्रोतले गरेको छ ।

कोषबारे जानकारी माग गर्दै सरकारविरुद्ध परेको रिट निवेदनमाथिको सुनुवाइमा लोकतन्त्र स्थापनापछि सर्वोच्च अदालतले देखाएको तदारुकताले पनि सेना कोषबारे यथार्थ विवरण सार्वजनिक गर्न बाध्य हुने स्थिति देखिएको छ । कल्याणकारी कोषका तथ्य सार्वजनिक हुनेबित्तिकै यसको संचालनमा भएको अनियमितताका पर्दाफास हुने निश्चित छ ।

सेनाका पूर्व अमल्दार अमरबहादुर थापा मगरले संविधानको धारा १६ बमोजिम सूचनाको हक प्रचलित गराई पाऊँ भनी दिएको निवेदनमाथि पट्यारलाग्दो ढिलासुस्ती भएकोमा वैशाख ११ को राजनीतिक परिवर्तनपछि अदालतले प्राथमिकतासाथ सुनुवाइ गरिरहेको छ । 'मन्त्रालयलाई सेनाको डर, सेनालाई राजाको डर र राजा जोडिने विषय भएकाले अदालत पनि अलमलमा थियो । लोकतन्त्र स्थापनापछि रिट सुनुवाइले गति लिएको छ', मगरका वकिल थेवेले *समय*सित भने । कोषका संरक्षक राजाको पूर्वस्वीकृतीविना एक पैसा पनि खर्च गर्न नपाइने नियम स्थापनाकालदेखि नै छ । रिटमा मन्त्रिपरिषद्, परराष्ट्र, रक्षा, कानुन मन्त्रालय, शाही नेपाली जंगीअड्डा र महालेखापरीक्षकको विभागलाई विपक्षी बनाइएको छ ।

कोषको संचालन जथाभावी ढंगले भएको र करोडौं रुपैयाँ अपचलन भएको भन्ने अनुमानलाई सेनाले यस विषयमा फिटिक्कै जानकारी नदिनुले झनै बल पुगेको छ । कोषको स्रोत र संचालन






विधिबारे जानकारी माग गर्दा सेनाले उपलब्ध गराउन चाहेन। सैनिक प्रवक्ता नेपालभूषण चन्दसँग सम्पर्क गर्दा आफ्नो कार्यक्षेत्रभित्र नपर्ने हुँदा सम्बन्धित निर्देशनालयमा सीधा प्रयास गर्नु पर्ने जवाफ दिए। कल्याणकारी निर्देशनालयका प्रमुख सहायक रथी कुमार केसी भने पटक पटक सम्पर्क गर्दासमेत सम्पर्कमा आउन चाहेनन्।

सिपाहीको रगत पसिनाको कमाइ कट्टी गरेर माथिल्ला दर्जाकाले मस्ती गर्छन् भन्ने आरोपलाई कोष संचालनबारे *समय*लाई प्राप्त केही तथ्यले पुष्टि गरेका छन्। नाम नबताउने सर्तमा केही सैनिक अधिकारीहरूले कोषको स्रोत, खर्चको विधि र तजबिजी व्यवस्थाबारे जानकारी दिएका छन्।

दोस्रो विश्वयुद्धमा भाग लिएबापत नेपाली सेनालाई प्राप्त क्षतिपूर्ति रकमबाट कोषको अवधारणाको बीजारोपण भएको बताइन्छ। सैनिक परिवारको उपचार हुने भद्रकालीस्थित त्रिचन्द्र अस्पताल त्यही रकमबाट स्थापना भएपछि यो अवधारणा संस्थागत भयो।

राष्ट्रसंघको आह्वानमा नियमित कार्यतालिकामा ठूलो संख्यामा शान्ति सेना पठाउन सुरु भएपछि २०३२ सालमा कोषको औपचारिक गठन भएको थियो। पारिश्रमिकका हिसाबले आकर्षक शान्ति सेना जान नपाउने सैनिक कर्मचारीले समेत लाभको केही अंश प्राप्त गरून् भन्ने उद्देश्यले बनाइएको कोष २९ वर्षसम्म तजबिजी ढंगले संचालन भयो। २०६१ सालमा सैनिक कल्याणकारी कोष नियमावली जारी भए पनि कोष संचालनमा राजाको भूमिका प्रधान नै रह्यो। राजाको नाम जोडिने हुँदा जतिसुकै अनियमित वा अपारदर्शी भए पनि प्रश्न उठ्न सकेको छैन। तल्लो दर्जा र जुनियर अधिकृतको समेत मन जित्ने मुद्दा हुँदाहुँदै पनि राजाको नाम जोडिने हुँदा राजनीतिक व्यक्तिहरू समेत अनियमितता र बेथितीका साक्षी बसे। कुनै सुधारको प्रयास भएन।

**शान्ति सेनामा सम्मिलित सैनिकहरूलाई राष्ट्रसंघले दिने तलबमा एकरूपता भए पनि सेनाले आफूखुसी पदअनुसार वितरण गर्ने प्रणाली २०३२ सालदेखि नै थालेको थियो। प्रजातन्त्र पुनर्स्थापनापछि पनि पारिश्रमिकबाट कटौती गरी कल्याणकारी कोषमा दाखिला गर्ने सिलसिला मात्र यथावत रहेन, तलबमा तहअनुसारको भेदभाव पनि कायमै रह्यो। साविकमा रहेको पदको चारवटा वर्गीकरणलाई ६० को दशकदेखि अधिकृत र अन्य गरी दुईमा मात्र सीमित राखिएको छ। ५० को दशकमा पारिश्रमिकवापत राष्ट्रसंघले प्रतिमहिना ९८८ डलर दिन्थ्यो, ६० को दशकमा बढाएर १०२८ पुऱ्याए पनि सेनाको भेदभाव भने यथावत छ :**

| तह | ५० को दशक | ६० को दशक |
|---|---|---|
| फलोअर्स | ४५० | ७७५ |
| अन्य दर्जा | ५२५ | |
| लप्टन-कप्तान | ६०० | ८५० |
| मेजरदेखि माथि | ६७५ | |

राजाको आडमा मनोमानी ढंगले चलेको कोषमा कति रकम छ ? सावाँ कति हो ? कति ब्याज कमायो ? कति रकम के कार्यमा खर्च भयो ? यी प्रश्नको उत्तर मिल्न सकेको छैन। २०५६ सालपछिको तेस्रो प्रतिनिधिसभाकालमा सार्वजनिक लेखा समिति र राज्य व्यवस्था समितिले यसको पारदर्शिताबारे प्रश्न उठाए। तर, त्यसबारे कुनै ठोस निर्णयमा नपुगी दुवै समितिमा कोषको विषय तुहिएको थियो।

रक्षा सचिव विष्णुदत्त उप्रेतीका अनुसार कोषबाट ओजस्वी काम गरिएका भए पनि अपारदर्शिताले गर्दा सबैको मनमा नानाथरि शंकाले डेरा जमाएका छन्। 'कोष संचालनमा सैनिक सचिवालयको पनि अहं भूमिका हुने हुँदा मन्त्रालय र सैनिक मुख्यालय ताकेता लाउन सक्ने अवस्थामा रहेनन्', उनी भन्छन्, 'अब रक्षाको भूमिका हुनेछ।'

कोषबारे सैनिक कर्मचारी र समाजमा परेको द्विविधा र आशंका मेट्न सत्यतथ्य बाहिर ल्याउने काममा लाग्ने उप्रेतीले बताए। 'यसका लागि ऐन नियममा गर्नु पर्ने आवश्यक सुधारको कार्यमा हामी जुटिसकेका छौं', उनले भने।

कोषको प्रमुख स्रोत शान्ति सेनामा सम्मिलित हुनेको पारिश्रमिक कट्टी हो। सहायक स्रोतको रूपमा शान्ति सेनामा जाने गण गुल्मले लगेको पोसाक लुगाफाटा, हतियार, गोलीगट्ठा, सवारीसाधनबापत प्राप्त हुने क्षतिपूर्ति रकम रहेको छ।

पारिश्रमिक कट्टीको कुनै निश्चित नियम छैन। तैपनि सुरुको वर्षदेखि अहिलेसम्मको प्रवृत्ति हेर्ने हो भने कट्टी हुने प्रतिशत घट्दो छ। राष्ट्रसंघले सबै तहका लागि समान पारिश्रमिक दिने भए पनि सेनाले भुक्तानी दिँदा अधिकृत तहकालाई बढी र तलकालाई कम दिने गरेको छ। पछिल्ला वर्षहरूमा भेदभाव न्यून गर्दै लगिएको भने पनि अधिकृतस्तर र अन्यमा भेदभावको खाडल यथावतै छ। पारिश्रमिक र विभिन्न शिर्षकमा कति भत्ता पाइन्छ भन्नेबारे अधिकांश अनभिज्ञ छन्।

धेरै वर्ष लेवनानमा मात्र खटिएको नेपाली सेना नब्बेको दशकपछि विभिन्न देशमा जिम्मेवारी पाउन थाल्यो । अहिले ३ देखि ४ हजार सैनिक विभिन्न मिसनमा खटिने गरेकाले स्वभाविक रूपमा कल्याणकारी कोषमा जम्मा हुने कुल रकममा धेरै गुणा वृद्धि भएको छ ।

मिसनमा प्रयोग गर्ने सर-सामान खरिद गर्न सरकारी बजेट खर्च गर्ने र राष्ट्रसंघबाट प्राप्त रकम राजस्वमा दाखिला नगरी कल्याणकारी कोषमा जम्मा गरेर वर्षौंदेखि अनियमितता भइरहेको छ । यसरी सरकारी राजस्वको करोडौं रकम घुमाउरो बाटो हुँदै कोषमा पु¥याइएको छ ।

'सेनाको पारिश्रमिकबाट कट्टी हुने रकमभन्दा पनि ठूलो अनियमितता वन्दोवस्ती खरिदमा हुने गरेको छ', पूर्व कर्नेल प्रदीप कार्की भन्छन्, 'सरकारको पैसाले सामान किन्ने राष्ट्रसंघले दिएको क्षतिपूर्ति राजस्व दाखिला नगरी सैनिक कोषमा जम्मा गरेर कमिशनको लोभमा आफूखुसी खर्च गर्ने चलन छ ।' ट्रुप्स पठाउँदा सरकारी बजेटबाट खरिद गरिएको सामानको क्षतिपूर्तिको रकम राजस्वमा जम्मा गरेर सुधारको थालनी गर्नु पर्ने उनको सुझाव छ । अपवादको रूपमा केही मिसनमा चाहिने सामग्री कोषको रकमबाट खर्च गरिएको छ । कोष संचालनका लागि कल्याणकारी निर्देशनालय हुँदै राजासम्म पुग्नु पर्ने हुँदा दरवारको निजी प्रयोगमा समेत खर्चिएका उदाहरण धेरै छन् । 'सैनिक अस्पताल छाउनीमा राजाको उपचारका लागि भिभिआइपी कक्षको निर्माण गर्नसमेत सिपाहीको कमाइ प्रयोग भएको छ', लामो समय अस्पतालमा कार्यरत पूर्व मेजर मणि पनेरु भन्छन्, 'कक्ष बनाउँदा साढे २ करोड खर्च देखाई राजाको नाम बेचेरसमेत घोटाला गरिएको छ ।'

राजाको उपचार वा अफिसर्स क्लब वा सैनिक अधिकृत श्रीमती संघका लागि सिपाहीको पारिश्रमिकबाट करोडौं खर्चने म्यान्डेट कोषका स्वघोषित संचालकहरूलाई कसले दियो ? कोषको रकमको चरम दुरुपयोगको ज्वलन्त उदाहरण प्रधानसेनापति श्रीमती अध्यक्ष हुने सैनिक अधिकृत श्रीमती संघ हो । संघलाई पाँच वर्षमा मात्र ५ करोड दिइएको छ । लेखापरीक्षण समेत नगरिने उक्त रकम 'रानी सा'प'हरूको पेवा सरह मानिन्छ ।

रगत, पसिना बगाउने सिपाहीको स्वीकृति नलिई हाकिमहरूका लागि स्विमिङ पुल वा टेनिस कोर्ट बनाउन पाइन्छ कि पाइँदैन ? यसबारे सेना र रक्षा मन्त्रालयसँग जवाफ छैन ।

कोषबाट संचालन भएका भनिएका छात्रवृत्ति, जग्गा सुविधा, ऋण लगानी, आवास सुविधा, बिमा, स्वास्थ्योपचार जस्ता कोषबाट संचालित कार्यक्रमका अधिकांश फाइदा सैनिक अधिकृतहरूले लिएका छन् । 'कोषमा ५ प्रतिशतभन्दा कम योगदान हुने अधिकृतले अत्यधिक फाइदा लिइरहेका छन्', पनेरु भन्छन्, 'सैनिक अधिकृतको मनोरञ्जनका लागि क्लब बनाउँदा करोडौं खर्चेको उदाहरणले दुरुपयोगको तस्वीर देखाउँछ ।'

कोषको उचित व्यवस्थापन र पारदर्शिताको पक्षमा पैरवी गर्नेहरू पनि विभिन्न शीर्षकमा पैसा

### कोष संचालन संरचना

राजा (संरक्षक)

↓

रक्षा मन्त्रालय (नाम मात्रको)

↓

प्रधानसेनापतिको संयोजकत्वमा व्यवस्थापक समिति

↓

बलाध्यक्षको संयोजकत्वमा संचालक समिति (रथी रुक्मांगत कटुवाल)

↓

सैनिक कल्याणकारी योजना निर्देशनालय (सहायक रथी कुमार केसी )

# बहादुर अमर

**भूतपूर्व अमल्दार** अमरबहादुर थापा मगरलाई भेट्नेबित्तिकै एकजना व्यक्ति हारगुहार गरेर रुन थाल्यो । के भयो भनेर सोध्न नपाउँदै त्यो व्यक्ति लडिबुडी गर्न थाल्यो । एकैछिनमा थाहा भयो विचरा पूर्व सैनिक रहेछ, सिपाहीबाट अवकाश पाएको । आफूले चाकरी गरिरहेको जर्नेलले अन्याय गरेपछि न्याय माग्न ऊ ४ वर्षअघि अमरबहादुरको ढोकामा आइपुगेको थियो ।

नेपाल राष्ट्रिय स्वतन्त्र भूतपूर्व सैनिक परिषद्का अध्यक्ष अमरबहादुरलाई अहिले उसको नाम सम्झना छैन, ठेगाना थाहा छ, मकवानपुर कमाने ।

राजदरबारका पूर्व सैनिक सचिव ऋषिकुमार पाण्डेको सिफारिसमा जागिर खाएको त्यो सिपाहीले नोकरीको १८ वर्ष उनकै कमानेको मौजामा बिताएको रहेछ, तालिम सकेपछि उसको जागिर भन्नु नै सरकारी तलबमा पाण्डेको कमैया



तेजबहादुर बस्नेत

बस्नु । स्वास्नी छोराछोरीको पसिना पनि जर्नेलको खेतीमा सिञ्चिएबापत केही कट्ठा जमिन दिने वाचा गरेका रहेछन् पाण्डेले । तर, बीस वर्ष खेतीमा जोतिइसकेपछि पाण्डेले उसको परिवारलाई नंगा निकालिदिए । केही उपाय नलागेपछि ऊ अमरबहादुरकहाँ आइपुग्यो । कबोलेअनुसारको जग्गा दिनु, होइन भने गरिबको वास उठाएकोमा कारबाही हुन्छ भनेर परिषद्को लेटर प्याडामा चिठ्ठी प्रेषित गरे अमरबहादुरले जर्साबलाई ।

त्यसअघि नै घरमा राखिएका सैनिक कामदार हटाउ भनी क्षेत्रपाटीको घर घेराउ गरेका अमरबहादुरलाई पाण्डेले राम्ररी चिन्दथे । अमरबहादुरको चिठी पाएपछि पाण्डे आफूले हलीझैं कजाएर राखेको सिपाहीलाई ४ कट्ठा जमिन दिन बाध्य भए ।

जर्नेल भूतपूर्व अमल्दारसँग लत्रिनुपरेको उक्त कथा झट्ट सुन्दा पत्याउन गाह्रो लाग्छ । तर, अमल्दार अमरबहादुरले सेनाको पेन्सन पकाएर जागिर छोडेको २७ वर्षमा यस्ता धेरै साहसिक काम गरेका छन् । २०१७ सालमा जागिरका क्रममा पूर्व २ नं जिरीबाट काठमाडौं आएका उनी सेनाको तल्लो दर्जामा हुँदा पनि कहिल्यै पनि हाकिमको घरमा खटिएनन् । २०२० सालतिरै बालाजु ब्यारेकका मेजरको रनर बस्न भनिए पनि उनले त्यसो भए जागिर खान्नँ भन्दिए ।

उनको जीउ डालदेखि लोभिएका हाकिमहरूले कुनै कारबाही गरेनन्, बरु तालिम मास्टर बनाइदिए । कडा अनुशासनका नाममा अवाक बस्नु पर्ने जागिरमै पनि चित्त नबुझेको कुरो आँकलैरै छाड्ने अमरबहादुर २०४२ सालदेखि सेनाका तल्ला दर्जाका कर्मचारीको अधिकारका लागि लडिरहेका छन् । उनको एक्लो अभियानमा अहिले १० हजारभन्दा बढी सदस्य




तेजबहादुर बस्नेत

**'लोकतन्त्र स्थापनापछि कोषविरुद्धको रिट सुनुवाइले गति लिएको छ'**

निकासा गराएर खर्च गर्दा ठूलो घोटाला हुने दाबी गर्छन्। सरकारी रकम होइन भन्ने तर्क दिंदै लेखापरीक्षण नगर्ने कोषको वास्तविक मालिक सिपाहीको कुनै मञ्जुरी नलिइ गरिने खर्चमा व्यापक हिनामिना हुने धेरैले ठोकुवा गर्छन ।

नियमले राजालाई संरक्षक बनाएको छ भने कोषमा अत्यधिक भाग जम्मा गर्ने सैनिक कर्मचारीलाई सेनाका ठालुहरूले नचाहेको खण्डमा यसबाट संचालित सुविधाबाट समेत वञ्चित गर्न सक्ने अधिकारसमेत जर्नेलहरूले सुरक्षित राखेका छन्। नियमावलीको (१४) मा 'यस नियमावलीबमोजिम प्रदान गरिने सुविधा तथा सहुलियत अधिकारको कुरा होइन' भनी उल्लेख हुनुले कुन हदसम्म तजबिजी रहेछ भन्ने प्रस्ट भएको छ। सेनासम्बन्धी अन्य फाइलजस्तै कल्याणकारी कोषबारे समेत रक्षा मन्त्रालयमार्फत राजाकहाँ जाहेर हुने गर्दथ्यो। तर, अहिलेसम्म रक्षालाई त्यसबारे खासै जानकारी हुँदैनथ्यो। तर, परिवर्तनपछि सेनाले मन्त्रालयको मनितो गर्न थालेको छ। वर्षौंदेखि गोप्य राखेको विषय सेनाले जेठ पहिलो साता मन्त्रालयलाई पठाएको छ, जसमा कोषको परिचय र केही अधुरा जानकारी छन्।

विवरणअनुसार कोषको कुल मौज्दात ४ अर्ब ९ करोड ७८ लाख नेपाली रुपैयाँ र ६ करोड ७० लाख १० हजार डलर छ। डलरलाई समेत नेपालीमा रूपान्तरण गर्दा कोषको कुल रकम ९ अर्ब ६९ करोड रुपैयाँ हुन्छ। कोषको रकम स्ट्यान्डर्ड चार्टर्डबाहेक सबै बैंकमा जम्मा गरिएको छ।

कल्याणकारी कोषको जानकारी माग गरेर अनवरत लागिरहेको परिषद्ले उल्लेख गरेको रकमभन्दा अहिले सेनाले उपलब्ध गराएको विवरणको अंक धेरै कम छ। 'हाम्रो अनुमानमा कोषमा ५० अर्ब रुपैयाँभन्दा बढी हुनु पर्छ', अमर बहादुर भन्छन्, 'सही हिसाब किताब दिनेबित्तिकै तीस वर्षका सबै आर्मि चिफ र उनीभन्दा माथिका फन्दामा पर्ने हुँदा हिसाब लुकाएको हुनु पर्छ, तर हामी छोड्दैनौं।' २०६२ चैतसम्म ५२ हजार २ सय ५३ जाना शान्ति सेनामा गएकामा अधिकृत कर्मचारीको संख्या ५ प्रतिशतभन्दा कम छ।

शान्ति सेनामा जाने निम्नस्तरका कर्मचारीलाई अवाक् बनाएर पैसा लिने तर माथिल्ला दर्जाका सम्मिलत हुने राष्ट्रसंघकै अन्य कार्यक्रममा जानेको भने कुनै रकम नकाटिने अन्यायले पनि ठूलो प्रश्नचिन्ह खडा गरेको छ। निमुखालाई शोषण गर्ने सामन्ती संस्कार यसबाट प्रस्ट भएको छ। 'शान्ति सेनामा जाने सिपाहीको भाग काट्ने तर अब्जरभेसनमा वा फोर्स कमान्डर बनेर जाने हाकिमको एक पैसा नकाट्नुले सेनाको माथिल्लो दर्जाको नियत छर्लङ हुन्छ।

अहिलेको चल्तीको दरअनुसार प्रतिदिन ३५ डलरभन्दा कम पारिश्रमिक हुने सिपाहीले भाग काटेर कोषमा दाखिला हुने, तर राष्ट्रसंघकै सेवामा १ सय ५० देखि ५ सय डलरभन्दा बढी पारिश्रमिक पाउने अब्जरभर वा फोर्स कमान्डरको नकाटिने भेदभावले कोषको ध्येय ठूला हाकिमको कल्याण गर्नु मात्र भएको पुष्टि हुन्छ। कोष संचालनबारे आन्तरिक रूपमा बनेको नियमको समेत पूर्ण रूपमा बेवास्ता भएको जानकारहरू बताउँछन्। कोषको सावाँ रकम खर्च नगर्ने र ब्याजबाट समेत कम्तीमा बीस प्रतिशत सावाँमा थप्दै जानै नियम केही वर्षदेखि कागजमा मात्र सीमित भएको छ। सावाँ मास्ने क्रममा यही आर्थिक वर्षभित्र राष्ट्रिय वाणिज्य बैंकको मुद्दती खातामा रहेको १६ करोड खर्च गर्ने तयारी पूरा भएकोमा राजनीतिक परिवर्तनले त्यसमा पूर्णविराम लागेको छ। ■

बनेकोमा गर्व गर्छन् उनी। सुरुको दस वर्ष एक्लै कराउँदै हिँडेका अमरबहादुर समान दसैं पेस्की, सुरक्षा गार्ड, विधवालाई पूरा पेन्सन, अपांगलाई पूरा तलबजस्ता मुद्दामा कुदे।

२०५१ सालदेखि संगठित रूपमै उनले अभियान अघि बढाए। शान्ति सेनाबाट फर्कंदा कट्टी हुने रकम फिर्ता गर्नुपर्ने, निजामतीसरह औषधोपचारको पैसा पाउनुपर्ने, घरायसी कामदार बनाएर राखिएकालाई फिर्ता गर्नुपर्ने, श्रम शोषण गर्न नपाइने जस्ता माग तेर्स्याएर आन्दोलनका क्रममा पटक-पटक गरी ५५ दिन आमरण अनशन बसे। पहिलोपटक २०५३ माघमा १३ दिन आमरण अनशन बसेका अमरबहादुर आफ्नो मागमा आश्वासनअनुसार सुनुवाइ नभएपछि २०५६ मा फेरि २३ दिन भोकै बसेका थिए।

यसैबीच सेनालाई घरायसी कामदार नबनाउ भन्दै उनीहरूले पूर्व प्रधानसेनापति धर्मपालवरसिंह थापा, सैनिक सचिव पाण्डेसहित केही जर्नेलको घर घेराउ गरे। हटाउने वचन दिए पनि हाकिमको घरमा कामदारको अवस्था उस्तै भएकाले मौका मिल्नासाथ फेरि जर्नेलहरुको घर घेर्ने योजनामा छन् उनी। हिम्मतिला कामले हौसिंदै गएका अमरले ०५७ देखि शान्ति सेनाबाट फर्केकाको कट्टी गरिएको रकम सम्बन्धितले पाउनुपर्ने माग अघि सारे। पूर्व सैनिकहरूलाई आह्वान गरे। उनीसँग ऐक्यबद्धता जनाउँदै झण्डै १० हजारले निवेदन दिएका छन्। तलब दिने संयुक्त राष्ट्रसंघ र पाउने सिपाही दुवैको स्वीकृति नलिई सैनिक नेतृत्वले आफूखुसी रकम काटेको भन्दै त्यो फिर्ता पाउनुपर्ने माग उनको छ।

रक्षामन्त्री, प्रधानमन्त्री कार्यालय, निवास पटक पटक घेर्दा आश्वासनका पोका धेरै पाए तर शान्ति सेनाको कट्टी भएको रकम त परको कुरा सूचनासमेत पाएका छैनन् उनले। रक्षा सचिवले कोषसम्बन्धी जानकारी दिन मिल्दैन भनेर चिठ्ठी थमाइदिएपछि उनले संघर्षको मोडेल परिवर्तन गरे, न्यायिक लडाइँ। २०५८ असार १८ गते सर्वोच्चमा रिट गए सूचनाको हकअनुसार शान्ति सेना र कोषको जानकारी माग गरेर ।

तत्कालीन अधिवक्ता (अहिले सर्वोच्च अदालतका न्यायाधीश) बलराम केसीको सल्लाहअनुसार अदालती लडाइँ अघि बढ्यो। दुई वर्षको ढिलासुस्तीपछि मात्र पहिलो सुनुवाइ भयो। तत्कालीन प्रधानन्यायाधीश गोविन्दबहादुर श्रेष्ठको इजलाशबाट सम्झौता पत्र, महालेखाको प्रतिवेदन, परराष्ट्र मन्त्रालयसहितलाई सोसम्बन्धी जवाफ दिन आदेश भयो।

कल्याणकारी कोषको विषय सीधै राजासँग जोडिने हुँदा विपक्षीले उत्तर दिन चाहेनन्। त्यसपछि २ वर्षभन्दा लामो अवधिका नौवटा सुनुवाइमा अदालतले सेना र विभिन्न मन्त्रालयलाई आदेश गरिरह्यो, उनीहरूले कुनै हालतमा जवाफ पठाएनन्। तैपनि अमरबहादुर र उनका वकिल रणबहादुर थेवेले हार खाएनन्। २०६२ भदौ ७ गते अनुपराज शर्मा र शारदाप्रसाद पण्डितको इजलासले १५ दिनभित्र अदालतले आदेश गरेअनुसार जवाफ नपठाए न्याय प्रशास ऐनअनुसार कारबाही गर्ने चेतावनी दिएपछि मात्र यो मुद्दा बामे सर्न थालेको हो। फेरि पनि सरकारी पक्षले झूटो बोल्दै परराष्ट्र मन्त्रालय र लेवनानको मिसनबीच भएको सम्झौता मात्र पठायो।

६ महिनाको अलमलपछि पुनः सर्वोच्चका न्यायाधीशद्वय रामनगिना सिंह र राजेन्द्रकुमार भण्डारीले प्रत्येक मिसनका लागि संयुक्त राष्ट्रसंघसँग भएको छुट्टाछुट्टै मिसनको सम्झौता, महालेखा प्रतिवेदन, संयुक्त राष्ट्रसंघको पत्र पठाउनु भन्ने किटानी आदेश र बदलिएको राजनीतिक परिस्थितिले रिटको किनारातिरको रफ्तार द्रुत हुँदै गइरहेको छ।

बलराम केसीले सुरु गरेको रिटमा सुवासचन्द्र नेम्वाङ (वर्तमान सभामुख)ले समेत बहस गरिदिएका छन्। अमरबहादुरलाई थेवेका साथै अर्का वकिल सम्वोजन लिम्बूले पनि साथ दिइरहेका छन्। ■



समय

# एजेन्डा :
# हतियार व्यवस्थापन

**यसै साता** हुने सरकार-माओवादी दोस्रो वार्तामा दुवै पक्ष आ-आफ्ना एजेन्डा प्रस्तुत गर्ने र त्यसलाई टुंग्याउने योजनामा छन्। सरकारी वार्ताटोली युद्धविराम अनुगमनका लागि संयुक्त राष्ट्रसंघलाई आमन्त्रण र नेपालकै मानवअधिकारवादी सम्मिलित राष्ट्रिय अनुगमन टोली निर्माणमा वार्ता केन्द्रित गर्न चाहिरहेको छ भने माओवादी वार्ताटोली राजनीतिक विषय टुंग्याउन जोड दिने योजनामा छ।

प्रतिनिधिसभा विघटन, अन्तरिम संविधान निर्माण र अन्तरिम सरकार गठनबारे निर्णय गर्नु पहिलो आवश्यकता भएको उल्लेख गर्दै माओवादी वार्ताटोली सदस्य दीनानाथ शर्मा भन्छन्, 'राजनीतिक मुद्दाको छिनोफानो प्रमुख हो, युद्धविराम अनुगमन संयन्त्र निर्माण गौण हो।'

सरकारी वार्ताटोली पनि आगामी वार्तामा राजनीतिक विषयमा प्रवेशै नगर्ने पक्षमा छैन। युद्धविराम अनुगमन संयन्त्रको निर्माणपछि राजनीतिक एजेन्डामै वार्ता हुने बताउँछन्, सरकारी वार्ताटोली सदस्य तथा पर्यटनमन्त्री प्रदीप ज्ञवाली। अनुगमन संयन्त्रको अभावका कारण युद्धविराम आचारसंहिता कार्यन्वयनमा समस्या र अन्योल देखिएकाले त्यो आवश्यक भएको उल्लेख गर्छन्, उनी। आगामी वार्तामा माओवादीको हतियार व्यवस्थापन र संविधानसभा निर्वाचन प्रक्रियालाई आफ्नो राजनीतिक एजेन्डा बनाउने सरकारको योजना छ।

संविधानसभा निर्वाचन प्रक्रियाबारे छलफल गर्न भने माओवादी पनि आतुर देखिन्छ। वार्ता छिटै टुंग्याउनु पर्छ र प्रतिनिधिसभा विघटनपश्चात् अन्तरिम संविधान र सरकार निर्माण गरेर संविधानसभा निर्वाचन गराइहाल्नुपर्छ, माओवादीको जोड छ। प्रतिनिधिसभा विघटनमा सहमत नभए पनि सरकार संविधानसभा निर्वाचन प्रक्रिया टुंगो लगाउन तथा अन्तरिम संविधान र सरकार निर्माणबारे छलफल गर्न असहमत छैन। तर, अहिले सबैभन्दा विवादास्पद बनेको प्रतिनिधिसभा विघटनको मुद्दा कसरी टुंगो लाग्ला त ? सरकारी वार्ता टोली सदस्य मन्त्री प्रदीप ज्ञवाली भन्छन्, 'प्रतिनिधिसभालाई निष्क्रिय पार्नु बीच बाटो हुन सक्छ।' ज्ञवालीको बीच बाटोबारे छलफल गर्न असहमत नदेखिए पनि प्रतिनिधिसभा नियमावली जारी गरिनु संविधानसभा निर्वाचनको मिति पर सार्ने 'षड्यन्त्र' मानिरहेको छ, माओवादी ।

**■ सुवास देवकोटा/काठमाडौं**



## बालश्रमविरुद्ध विश्व दिवस- १२ जुन

# नेपालमा बालश्रमविरुद्ध अभियान



**हालसालै गरिएको एक अध्ययनबाट*** विश्वभरिका ५-१७ वर्ष उमेरका २१ करोड ८० लाख बालबालिका बालश्रमिकको रूपमा कार्यरत छन्। यीमध्ये अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले परिभाषित गरेको निकृष्टखाले काम गर्ने बालबालिकाको संख्या १२ करोड ६० लाख छ।

नेपालको जीवनस्तर सर्वेक्षण २०५९ अनुसार करिब १८ लाख बालश्रमिक छन्। देशमा बढेको द्वन्द्वले यसको संख्या झन् बढेको छ। ५ देखि १४ वर्ष उमेरका झन्डै १० लाख बालश्रमिक रहेको अनुमान छ।

सन् १९९२ मा अन्तर्राष्ट्रिय श्रम संगठनले बालश्रम उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रम (आइपेक) कार्यान्वयनमा ल्यायो। यसको उद्देश्य बालश्रमविरुद्ध विश्वव्यापी अभियान संचालन गर्ने थियो।

यो उद्देश्यभित्र बालबालिकाको बेचबिखन, ओसारपसार, बालमजदुरी, बाँधा बालश्रम तथा जबर्जस्ती यौनजन्य काममा उपयोग नगर्ने थियो।

### नेपालमा आइएलओ/आइपेक

सन् २००६ को फेब्रुअरीमा आइएलओ/आइपेक कार्यक्रमको दशक पूरा भएको छ। नेपाल सरकारको अनुरोधमा आईएलओ/आइपेकले बालश्रमविरुद्ध कार्य गर्न एक समझदारी कायम गरेको छ। अहिले कार्यान्वयनमा रहेको यो समझदारी आगामी सन् २००९ को अगस्टसम्म जारी रहनेछ।

नेपाल सरकारले आइएलओको महासन्धि नं. १३८ (काममा न्यूनतम उमेरसम्बन्धी) र निकृष्ट प्रकारका बालश्रम उन्मूलन गर्ने महासन्धि १८२ दुवैको अनुमोदन गरिसकेको छ। बालश्रम नियन्त्रण र उन्मूलनसम्बन्धी १३८ सन्धि जसमा श्रम गर्न हुने न्यूनतमा उमेर र सन्धिको दफा १८२ जसमा निकृष्ट काम पर्दछन्। दुवै खाले सन्धि अनुमोदन गरेर प्रतिबद्धता जनाइसकेको छ।



नेपालमा आइपेक संचालनमा आएपछिको एक दशकमा महत्त्वपूर्ण काम भएका छन्। विभिन्न प्रकृतिका १५० भन्दा बढी कार्यक्रम संचालन गरिएका छन्। सरकारी निकाय, नगरपालिका जस्ता स्थानीय निकाय, रोजगारदाताका संगठन, ट्रेड युनियन तथा गैरसरकारी संस्थासँग मिलेर काम गरिरहेको छ। नेपाल समयबद्ध तरिकाले बालश्रम उन्मूलन गर्ने कार्यक्रम संचालन गर्ने तीन मुलुकमध्ये एक हो। अन्य देशमा तान्जानिया र एल साल्भाडोर हुन्।

### घरेलु बालश्रमिक

नेपालमा घरेलु बालश्रमिकहरू बढ्नुको प्रमुख कारण अभिभावकहरूको गरिबी तथा आफ्ना बालबालिकाहरूका लागि शिक्षा र अवसरमा पहुँच नहुनु नै हो। त्यसैले अधिकांश यस्ता बालश्रमिक खतरनाक काम तथा घरेलु काममा पिसिएको अवस्था छ। यस्ता बालश्रमिकमध्ये केहिले आफ्नो अभिभावकले प्रदान गर्नेभन्दा राम्रो खानलाउन पाउँछन्। तर, अधिकांश मनोवैज्ञानिक रूपमा हीनताबोध गर्छन्, अभिभावकबाट टाढा भएकोले माया पाउँदैनन्। एक्लोपन तथा कामको बोझ, दुर्व्यवहार तथा कुटपिट जस्ता व्यवहारका कारण उनीहरू पीडित भएको अवस्था छ।

नेपालमा १८ वर्षमुनिका ५१ हजारभन्दा बढी बालक घरेलु बालश्रमिकको रूपमा सहरी क्षेत्रमा कार्यरत रहेको अनुमान छ। २००१ को एक अध्ययनले काठमाडौंमा ५० हजार घरेलु बालश्रमिक रहेको पाइन्छ।

सन् २००३ को अध्ययनले त्यस्ता बालकहरू १३-१५ घन्टा काम गर्ने गरेको पाइयो। अध्ययनले ९२ प्रतिशतभन्दा बढी बालकले बिहानै उठ्नु पर्ने र राति अबेरसम्म काम गर्नु पर्ने स्थिति छ। उनीहरूलाई पारिश्रमिक दिइँदैन, कतिपयलाई आफ्नो पारिश्रमिकका बारेमा थाहा पनि छैन। पारिश्रमिक पाउनेहरूलाई पनि मासिक ४० रुपैयाँदेखि ५०० रुपैयाँ मात्र दिइन्छ।

आधाजस्तो घरेलु बालश्रमिकहरू काम गर्दा गर्दै बिरामी हुन्छन्। त्यस्तो त काम गर्दा रोगबाट बच्ने उपाय अपनाएको हुँदैन। यस्तोमा ५७ प्रतिशत केटा छन्। यौनशोषण तथा मालिकको घरभित्रै बन्दी बस्नु पर्ने उनीहरूको बाध्यता रहेको छ।

अध्ययनअनुसार झन्डै ८० प्रतिशतले आफूले गरेको काम मन परेको र ८८ प्रतिशत आफ्ना मालिकप्रति सकारात्मक रहेको पाइयो। तर, ७२ प्रतिशतले आफ्ना अभिभावकसँग पुनर्मिलन गर्न चाहन्छन्, तर करिब करिब १८ प्रतिशतले भेट्न नचाहने बताएका थिए।


### गलैंचा कारखानाका बालश्रमिक

गलैंचा उद्योग नेपालको प्रमुख निकासीजन्य उद्योग हो र यसले ठूलो संख्याका नेपालीलाई रोजगारी पनि दिएको छ। कृषिबाट विस्तारै गैरकृषि क्षेत्रका सेवामा विस्तार हुन थालेपछि नेपालमा गाउँबाट सहरमा रोजगारीका लागि आउनेको संख्या बढ्दो छ। यसले गर्दा गलैंचा कारखानाहरूमा बालश्रमिकको प्रयोग गरियो, जहाँ उनीहरूको प्रशस्त शोषण भएको पाइन्छ। कार्पेट उद्योगहरूमा बालबालिकाको बेचबिखन र बन्दी भएर मजदुरी गर्नु पर्ने समस्या पनि देखा परेका छन्।

* अन्तर्राष्ट्रिय श्रम संगठनको २००५ को बालश्रमसम्बन्धी प्रतिवेदन

# बालश्रमविरुद्ध विश्व दिवस- १२ जुन





गलैंचा कारखानाहरूमा बालश्रमिकले दैनिक १५ घन्टाभन्दा बढी समय काम गर्छन् । चौध वर्षमुनिका केटीहरूले त्यही उमेरका केटाहरूको तुलनामा २ घन्टा बढी काम गर्ने गरेको पाइएको छ ।

औसत रूपमा यहाँ कार्यरत बालश्रमिकको औसत तलब १७ सय देखिन्छ । तर, करिब ३९ प्रतिशत बालश्रमिकले आफ्नो तलब आफैले लिन पाउँदैनन्, उनीहरूको तलब अभिभावक, आफन्त वा ठेकेदारको हातमा पुग्छ । गलैंचा कारखानाका काम गर्ने बालकहरू स्कुल जाने कुरा सम्भव देखिँदैन । केवल करिब २ प्रतिशतले कारखानामा काम गरेर पनि स्कुल पढ्ने गरेको बताएका छन् ।

गलैंचा कारखानामा काम गर्नेहरूको अवस्था नाजुक छ । गलैंचाका धुलोका कारण कतिपयमा श्वास-प्रश्वासका समस्या देखिएका छन्, लामो समयसम्म त्यस्तो खतरनाक काम गर्दा फोक्सोसम्बन्धी रोग हुने पनि उत्तिकै खतरा हुन्छ ।

गलैंचा कारखानामा काम गर्ने बालश्रमिकहरूको मानसिक र शारीरिक शोषण हुने गरेको देखिन्छ । एकातिर शारीरिक कठिनाइ अर्कोतिर मानसिक सास्ती खपेर उनीहरू काम गरिरहेका हुन्छन् । उनीहरूको शारीरिक र मानसिक शोषण गर्ने दुःख दिने वा बेला बेलामा दण्ड दिने काम कारखानाका मालिक वा ठेकेदारबाट हुने गर्दछ ।

गलैंचा कारखानामा काम गर्न आउनेहरूको बेचबिखन अर्को समस्या हो । बेचबिखनका मामलमा केटीहरू बढी जोखिममा छन् । छिमेकी, आफन्त, गाउँका जान्ने सुन्ने वा ठेकेदारमार्फत उनीहरू ल्याइएका हुन्छन्, ७० प्रतिशतभन्दा बढी यस्ता बालबालिकाहरूलाई आफू बेचिएको थाहा हुँदैन । बालश्रमिकहरूले पैसाको कारोवार हुने गरेको अनुभव सुनाउँछन् । बालमजदुरीका लागि पैसाको कारोवार हुनेमा अधिकांश ४० प्रतिशतको पैसा ठेकेदारले लिन्छन्, ३० प्रतिशत अभिभावक पनि पैसा असुल्छन् भने २० प्रतिशतको पैसा त अन्य आफन्तले नै लिन्छन् ।

सतही रूपमा हेर्दा गलैंचा कारखानामा काम गर्ने बालश्रमिकले एक कारखाना छाडेर अर्कोमा जाने स्वतन्त्रता छ । करिब ९२ प्रतिशतले कारखाना छोड्न बन्देज नभएको बताएका छन् । उता करिब ८ प्रतिशतले बन्देज भएको जानकारी दिए । तीमध्ये ६२ प्रतिशतले ऋणका कारण बन्दी बन्नु परेको बताए ।

## बाल बाँधा बालश्रम

नेपालका पश्चिम र मध्यपश्चिम (दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर)मा तराई क्षेत्रमा सदियौंदेखि कमैया प्रथा प्रचलन थियो । जमिनबाट विस्थापित थारूहरू अन्य पेसामा त्यति दखल थिएनन्, त्यसैले जीवनयापनका लागि सामूहिक लिएको ऋण तिर्न जिन्दगीभर कमैया बस्नु पर्ने अवस्था व्यवहारमा थियो । सन् २००२ जुलाईमा सरकारले कमैयामुक्तिको घोषणा गऱ्यो । तर, मुक्त कतिपय कमैयाका छोराछोरी अहिले पनि दासताको जीवनबाट माथि उठ्न नसकेको अवस्था छ ।

१७ हजार कमैया बालबालिकालाई विभिन्न काममा लगाइएको छ । उनीहरूमध्ये झन्डै ७० प्रतिशत थारू बाल कमैया दिनको १२ घन्टाभन्दा बढी समय काम गर्छन् । बाल कमैयाको कमाइमा एक रुपैयाँ छैन । ५७ प्रतिशतले खानाको रूपमा वार्षिक १ हजारदेखि २ हजार वा २, देखि ३ क्विन्टल धान प्राप्त गर्छन् । ४२ प्रतिशतले खानाबाहेकको कुनै किसिमको मासिक पारिश्रमिक पाउँदैनन् । २५ प्रतिशत बालकहरूको श्रम उनीहरूका आमाबाबुले गर्नु पर्ने कामको रूपमा जोडिन्छ, जब कि उनीहरू आफै दिनरात काम गरिरहेका हुन्छन् ।

केटीहरूको अवस्था केटाहरुको तुलनामा नाजुक छ । ५१ प्रतिशत केटीलाई पारिश्रमिकविना काममा लगाइन्छ भने त्यसरी विनापैसा काम गर्ने केटाहरू ३५ प्रतिशत मात्र छन् । ७३ प्रतिशत केटीहरूले दिनको १२ घन्टाभन्दा बढी समय काम गर्नु पर्छ । २१ प्रतिशत केटीहरू रातमा पनि काम गर्छन् । तर, त्यसरी काम गर्ने केटाहरूको प्रतिशत १३ मात्र छ । १९ प्रतिशत केटी सानै उमेरदेखि काममा लागेको पाइन्छ भने ११ प्रतिशत केटाहरूले मात्र त्यस्तो बाध्यता भोग्नु पर्दछ ।

कमैया बालश्रमिकमध्ये १५ प्रतिशत केटा र ८ प्रतिशत केटी मात्र स्कुल जान्छन् । लगभग सबै बालकले त्यसरी मजदुरी गर्नु पर्ने बाध्यता बिहान, बेलुकी खान र अभिभावकले लिएको ऋण चुक्ता गर्नका लागि हो ।

दास जस्तो कमैया प्रथा उन्मूलन भएको छ । तर, कतिपय शोषणका तरिका ज्यूका त्यूँ छन् । अभिभावकबाटै आफूले लिएको ऋण चुक्ता गर्न उनीहरूको प्रयोग हुन्छ । यसरी बाबुका कारण काममा लगाइएको संख्या करिब २० प्रतिशत छ ।

## ढुंगाखानीका बालश्रमिक

सबै खाले बालश्रम राम्रो होइन, त्यसमा पनि ढुंगाखानीमा काम गर्नु त खतरायुक्त पनि छ । बालबालिका खानीका खतरापूर्ण काममा पनि लगाएको पाइन्छ । उनीहरू खानीमा लामो समयसम्म काम गर्छन्, ठूल्ठूला भारी बोक्छन्, धुलो र पानीमा पनि काम गर्छन् । उनीहरूले घाइते वा मृत्यु हुने वा दीर्घरोगी हुनेसम्मको खतरापूर्ण स्थितिमा काम गर्छन् ।

सन् २००२ मा कन्सर्न नामक संस्थाले गरेको सर्वेक्षणमा २५ प्रतिशत त्यस्ता बालक दैनिक ४ देखि ८ घन्टा काम गर्छन् । खानी तथा भूगर्भ विभागले हालै गरेको अध्ययनअनुसार ३१ प्रतिशत बालक दैनिक १ देखि ४ घन्टा काम गर्छन् भने करिब ६९ प्रतिशतले ४ देखि ८ घन्टा काम गर्छन् ।

खानीमा काम गर्ने बालश्रमिकमध्ये ९० प्रतिशतले दैनिक ६० रुपैया कमाउँछन् भने ३० प्रतिशतको कमाइ दैनिक २० रुपैयाँ मात्र छ ।

उनीहरू खतराजन्य वातावरणमा काम गर्छन् । सामुन्ने हुन्छन् । उनीहरूमा ढुंगा फुट्दा उड्ने धुलोबाट आँखा र छातीमा इन्फेक्सन हुन सक्छ ।







चोटपटक लाग्ने, नदीमा डुब्ने, बग्ने र भिरालोबाट चिप्लने जस्ता खतरा पनि उनीहरूले भोग्नु पर्छ।

## बाल भरिया

नेपालमा भरिया प्रथा वर्षौंअघिको हो। यातायातको साधनको अभावमा भरिया बोकाएर सामान एक ठाउँबाट अर्को ठाउँमा लानु पर्ने अवस्था अहिले पनि छँदै छ। ग्रामीण क्षेत्रमा विपन्न परिवारमा बालबालिका पनि भारी बोक्ने काममा प्रयोग हुँदै आएको पाइन्छ।

सन् २००१ को ऱ्यापिड एसेसमेन्टअनुसार नेपालमा बाल भरियाको संख्या ४६ हजार अनुमान गरिएको थियो। जसमा ९० प्रतिशतभन्दा बढी एक दिनभन्दा बढीको भारी बोकेर लामो बाटो तय गर्नु पर्ने अवस्थामा छन्।

सहरमा भरियाको काम गर्नेको दैनिक कमाइ लामो दूरीमा भारी बोक्नेभन्दा तुलनात्मक रूपमा बढी छ। सहरबजारमा काम गर्नेको औसत कमाइ ९६ रुपैयाँ हुन्छ भने लामो दूरीका बाल भरियाको आम्दानी औसत ७१ रुपैयाँमात्र। सहरमा काम गर्ने भरियाहरूमध्ये ६ प्रतिशत मात्र स्कुलमा जाने गरेका छन्।

सामान्यतया १० देखि १४ वर्षको उमेरमा उनीहरू यो पेसामा लागेको पाइन्छ। लामो दूरीका बालभरियाको काम मौसमी हो। ७८ प्रतिशतले खेतीपाती सकिएपछि भारी बोक्ने काममा लागेको पाइन्छ।

## सडक बालबालिका

नेपालीमा खाते भनिनेहरू बढ्दो सडक बालकहरू नै हुन्। फालिएका सामानको पुनर्प्रयोग हुने प्रविधि र उपभोग हुन थालेपछि यस्ता बालकको संख्या बढ्दो छ। फोहरका कन्टेनर, सडक, गल्ली तथा खोला किनारामा फालिएका प्लास्टिक, सिसा, आल्मुनियम, फलाम, तामाजस्ता सामग्री सडक बालकहरूले संकलन गरी बेच्छन्। उनीहरूको गुजारा नै तिनै सामान संकलन गरेर बेच्नु हो।

उनीहरूको अध्ययनबाट कतिपय त्यस्ता बालक माग्ने पनि गर्छन् भने चोरी-ठगी गर्ने नराम्रो बानी पनि सिकेका छन्। सडकको जीवनले उनीहरूमा मानसिक विकास हुन पाउँदैनन्, कतिपय अवस्थामा उनीहरू झै-झगडा, कुटपिटमा संलग्न भएर अभद्र व्यवहार सिक्छन्।

आधा जसो सडक बालकको बस्ने, सुत्ने काम गर्ने सबै थोक सडक नै हो। अध्ययनले आधा जसो सडक बालक साथीहरूको संगतबाट सडकमा आइपुगेका हुन्। करिब २७ प्रतिशतले आफै यो काममा लागेको बताए भने २४ प्रतिशतले छिमेकीले यस काममा ल्याएको बताउँछन्।

सामान्यतया सडक बालबालिकाहरूले दैनिक ४-५ घन्टा काम गर्छन्। सामान बेचेर जम्मा गरेको पैसा जोगाउन पनि समस्या हुने भएकाले आवश्यकतानुसार मात्र काम गर्ने बानी परेको देखिन्छ।

करिब ६ प्रतिशत त्यस्ता बालक मात्र स्कुल जान्छन्। वयस्क सडक बालकहरूले पढ्नेभन्दा अन्य वैकल्पिक काम खोजी गरिरहेको पाइन्छ। तर, उनीहरूमा पनि पढ्ने उत्सुकता भने देखिएको छ।

सडक बालक भोक र रोग दुवैका सिकार छन्। उनीहरू रुघाखोकी, फोहरी जीवनशैली र खानाका कारण अस्वस्थ हुन्छन्। अध्ययनको क्रममा २७ प्रतिशतले भोकभोकै बस्नु परेको बताएका थिए।

सडक बालकहरूको जीवनशैलीका कारण उनीहरूमा एड्स र अन्य यौनजन्य रोगको खतरा पनि बढी छ। उनीहरूमध्ये निकै थोरैलाई मात्र यौन रोगका बारेमा जानकारी छ। उनीहरूमा देखिएको अर्को समस्या भनेको मादक पदार्थ र धुम्रपानको कुलत पनि हो। आधाभन्दा बढीले धुम्रपान गर्छन् भने करिब २३ प्रतिशत मादक पदार्थ पनि सेवन गर्छन्। त्यस्तै करिब ७ प्रतिशत लागूपदार्थको कुलतमा पनि लागेको पाइयो। लागूऔषधको प्रयोग उनीहरूमा बढ्दो छ।

सडकमा स्वतन्त्र भएर जिन्दगी बिताउने भएकाले यदाकदा उनीहरूमा पकेटमारी, चोरी र आपराधिक प्रवृत्ति विकसित भएको पनि पाइन्छ। उनीहरू समूह समूहबीच झै-झगडा गर्ने गर्छन्। ३६ प्रतिशतले प्रहरीसमक्ष जानु परेको बताएका छन्, ३९ प्रतिशतमाथि चोरीको आरोप लागेको छ, रातको समयको चोरीमा पनि उनीहरू संलग्न भएको पाइएको छ भने कतिपय अवस्थामा प्रहरीले शंकाका भरमा दुःख दिने पनि गर्छन्।

## बालबालिकाको ओसारपसार

पैसा प्राप्त गर्न गैरकानुनी तरिकाले बालकहरूलाई काममा लगाउनु, शोषण गर्ने, एक ठाउँबाट अर्को ठाउँमा लैजाने काम बेचबिखन हो। बालबालिकालाई देशबाहिर लगेर बेच्ने समस्या पनि देखा परेका छन्।

यौन व्यवसायमा बालबालिकाहरूको प्रयोग निकृष्टमध्येको एक काम हो। बालबालिकाहरू वेश्यालय र होटलहरूमा वेश्याको रूपमा काम गर्छन्। डान्स तथा क्याबिन रेस्टुराँ, मसाज पार्लर र गल्लीमै पनि उनीहरूलाई यौन व्यवसायमा लगाइएको पाइन्छ। सानोतिनो कारोबार गर्नेदेखि ठूलूला संस्थाले पनि बालकलाई यौन व्यवसायमा दुरुपयोग गरेको पाइन्छ। गैरकानुनी तरिकाले पैसा कमाउने प्रवृत्ति यसको प्रमुख कारण हो।

यौन व्यवसायमा ७० प्रतिशत केटी र ३० प्रतिशत केटाको प्रयोग गरिएको पाइन्छ। सामान्य तथा १५-१७ वर्ष उमेरका केटीहरू यो व्यवसायमा लगाइन्छ। ५ प्रतिशत केटीहरू त १३ देखि १५ वर्षकै उमेरमा यो पेसामा लागेको पाइएको छ।

वेश्यालयहरूका केटीहरूले औसत रूपमा दैनिक दुईभन्दा बढी ग्राहकको सेवा गर्नु पर्ने हुन्छ। रेस्टुराँमा गरिएको अध्ययनअनुसार उनीहरूले दैनिक ७-८ घन्टा काम गर्छन्। ■

## बालश्रमविरुद्ध विश्व दिवस विशेष

# अबोधमाथि अत्याचार



ज्योति देवकोटा

■ ज्योती देवकोटा/काठमाडौं

**लगातार बाह्र** वर्षसम्म सशस्त्र द्वन्द्वमा जकडिँदा राज्यले राजनीतिक अस्थिरता, आर्थिक धराशायी र सामाजिक संरचामाथिको संहारमात्र सहनु परेन, सिंगो भविष्य डोर्‍याउने एक पुस्तामाथि नै बेइमानी भयो । हो, माओवादी विद्रोह सुरु भएपछि सबैभन्दा बढी शारीरिक, मानसिक र श्रमशोषणको सिकार बन्न पुगे बालबालिकाहरू । राजनीति लक्ष्य प्राप्तिका लागि लडेको लडाइँमा बालबालिकाको श्रम गौण देखियो । युद्धकै कारण दसौं हजार बालबालिका निकृष्ट किसिमका श्रममा संलग्न हुन बाध्य भएका छन् ।

जनयुद्ध सुरु भएदेखि सहरका रेस्टुराँ, इँटाभट्टा, गलैंचा कारखानामा बालश्रमिकको संख्या ज्यामितीयरूपमा वृद्धि भयो । तर, बालबालिकासम्बन्धी सरोकार राख्ने केही गैरसरकारी संस्थाबाहेक कतैबाट पनि यसविरुद्ध सशक्त आवाज उठ्न सकेन ।

लामो समयदेखि बालअधिकारबारे वकालत गर्दै आएको बाल मजदुर सरोकार केन्द्र (सिबिन)का अध्यक्ष गौरी प्रधान भन्छन्, 'माओवादी जनयुद्धयताको तथ्यांक हेर्ने हो भने ११ प्रतिशत बालश्रम घटेको देखिए पनि यसै अवधिमा निकृष्ट प्रकारका श्रम गर्ने बालबालिकाको संख्या बढेको छ । सहरी क्षेत्रमा बालश्रमिकहरूको संख्या चुलिएको छ, जहाँ निकृष्ट बालश्रमको प्रयोग बढी हुन्छ ।'

जनयुद्ध र पारिवारिक कलहका कारण घर त्यागेर सहरमा आएर कठिन प्रकारका श्रममा संलग्न बालबालिकाको संख्या अहिले रेस्टुराँमा मात्र दस हजार छ । उनीहरूको श्रम शोषणको

## सुरुवात सरकारबाट हुनु पर्छ



**अर्जुन कार्की**
अध्यक्ष, गैरसरकारी संस्था महासंघ नेपाल

**हामीकहाँ बालश्रमिकको** कुरा उठेको एक दशक बढी भइसक्यो । तैपनि, बालमजदुरको संख्या दिनानुदिन बढ्दो छ । यसको समाधान तुरुन्तै हुन सक्दैन, तर प्रक्रियाको थालनी सरकारबाटै हुनु पर्छ । सामाजिक संघसंस्थाहरू भनेको समाधान यसरी गर्न सकिन्छ भनेर मोडेल दिने मात्र हो ।

सरकारले जसरी अन्तर्राष्ट्रिय सम्झौतामा हस्ताक्षर गरेको छ, सोहीअनुसार त्यो हस्ताक्षर कार्यान्वयनमा ल्याउन सक्नु पर्छ । माओवादी सशस्त्र विद्रोह चर्केदेखि बालमजदुरको संख्या जतातते बढ्दो छ । यसलाई सरकारले आफ्नो प्राथमिकताको सूचीमा राखेन भने सामाजिक संघसंस्थाहरू बोलेर र उनीहरूले बाहिरबाट पैसा ल्याएर मात्र समस्या समाधान हुन असम्भवप्रायः छ ।

जनताको आर्थिक अवस्था नबढेसम्म बालश्रमको अन्त्य हुन सक्दैन । अभिभावकका लागि रोजगारीका अवसर पैदा गर्नु पर्‍यो, बालबालिकाका लागि अनिवार्य र व्यवस्थित शिक्षाको व्यवस्था गर्नु पर्‍यो । यसको लागि एनजिओसँग पैसा छ, उनीहरूले गर्नु पर्छ भन्ने होइन । एनजिओहरू समस्या समाधानका वाधक होइनन् । समस्या निराकरणका लागि सरकारले ऐन कानुन बनाए जसरी कार्यान्वयन पनि गर्नु पर्‍यो । सरकारले बालश्रमलाई राष्ट्रिय समस्याका रूपमा अंगीकार नगरेसम्म समस्या निराकरण गर्न पनि मुस्किल हुन्छ ।

अहिले बालश्रमिकहरू फरक फरक ढाँचामा देखापरेका छन् । यस्ता संस्थालाई पछिल्ला वर्षमा गैससबाहेक सरकारले वास्ता गरेको नै देखिएन । बालश्रम उन्मूलनका लागि सरकारले पनि लगानी गर्नु पर्‍यो । अहिलेसम्म सरकारको भूमिका हेर्ने हो भने प्रतिवेदन बनाउने मै सीमित रहेको पाइन्छ । ■

कुनै सीमा छैन । उनीहरू दैनिक १६ घन्टा काम गर्नै विवश छन् । इँटाभट्टा र गलैंचा कारखानामा मात्र ४ हजारको संख्यामा बालश्रमिक छन् भने सबैभन्दा डरलाग्दो तथ्य घरेलु कामदारका रूपमा सहर पसेकाहरूको छ । हातमुख जोड्नका लागि सहर पसेर घरेलु कामदारका रूपमा आफ्नो श्रम बेच्ने बालबालिकाको संख्या दिनप्रतिदिन बढिरहेको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठनको बाल अधिकारसम्बन्धी एउटा कार्यक्रम (इन्टरनेसनल प्रोग्राम फर इलिमिनेसन अफ चाइल्ड लेबर)ले गत वर्ष गरेको अनुसन्धानअनुसार ५५ हजार बालबालिका सहरमा घरेलु कामदारका रूपमा कार्यरत छन् । २ लाख घरधुरी भएको काठमाडौंका एक चौथाइ घरमा काम गर्ने यी बालबालिका दैनिक १६ घन्टासम्म घोटिनु पर्छ, तर यसबापत उनीहरूले न्यूनतम ज्यालासम्म पाउँदैनन् ।

बाल गैरसरकारी संस्था महासंघका अध्यक्ष उपेन्द्रकेशरी न्यौपानेका भनाइमा यो अवस्था सहरी क्षेत्रमा पछिल्लो समयमा बढेको छ । 'कानुनले प्रतिबन्ध लगाएको भए पनि व्यवहारमा समस्या वृद्धि भइरहेको छ', अधिवक्ता न्यौपाने भन्छन् ।

पछिल्ला वर्षमा संघसंस्था तथा राज्यका लागि समेत टाउको दुखाइका विषय बनेका छन्, सहरीक्षेत्रमा रहेका बालश्रमिकहरू । घरेलु कामदार, रेस्टुराँ तथा चिया पसलमा रहेकाहरूको संख्याले श्रमको मूल्यमाथि नै खिल्ली उडाएको छ । राष्ट्रिय श्रम प्रतिष्ठानका महासचिव डा. शिव शर्मा भन्छन्, 'पढाइको व्यवस्था पनि छैन, परिश्रमको मूल्य पनि छैन, सहरी क्षेत्रमा रहेका बालश्रमिकहरूका अधिकार कुठाराघात भएका छन् ।'

नेपालले बालश्रमसम्बन्धी दुईवटा अन्तर्राष्ट्रिय अभिसन्धि पारित गर्दा दक्षिण एसियाका कुनै पनि



तेज बस्नेत

## कानुन नै अपूर्ण छ

**■ नेपालको कानुनले बालश्रमका बारेमा के भन्छ ?**

नेपालको कानुनले प्रस्ट भनेको छ, १२ वर्षमुनिका बालबालिकालाई काममा लगाउन मिल्दैन, तर उनीहरूका लागि बाँच्ने वैकल्पिक बाटो देखाएको छैन । यदि बालकहरूले काम गर्न पाउँदैनन् भने उनीहरूको भरणपोषणको व्यवस्था के त भन्ने सवालमा नेपालको कानुन मौन छ । समस्या यहीँबाट सुरु भएको हो । बालश्रम र बालअधिकारसम्बन्धी बनेको नेपालको कानुन नै अपूर्ण छ ।



**उपेन्द्रकेशरी न्यौपाने**
अध्यक्ष, बाल गैरसरकारी संस्था महासंघ तथा अधिवक्ता

**■ बालबालिकाहरूलाई श्रमबाट मुक्त गर्न कस्तो प्रकारको कानुनी प्रक्रिया अपनाउनु पर्ला ?**

हामीकहाँ कानुनको अभाव छैन, तर संरक्षणात्मक कानुनको अवधारणा खै त ? कानुन बनाउनु पर्‍यो भनेर सबैले वकालत गरे । कानुन बनेपछि बालबालिकाले काम गर्न नपाउने भए । अब उनीहरू कसरी जीवनयापन गर्छन् भन्ने अवधारणा बनाएको खै त ? कानुनीरूपमा निषेधमात्र होइन, सहज रूपमा बाँच्न पाउने कानुनको पनि व्यवस्था हुनु पर्‍यो ।

**■ गैर सरकारी संस्थाको भूमिका कस्तो छ र कस्तो हुनु पर्छ ?**

नेपालमा गैससको भूमिका जसरी हुन्छ डलर ल्याउनु हो । समग्रमा सबै क्षेत्रमा कार्यरत गैससको परिचय यस्तै छ । बाहिरबाट बालबालिकाको अधिकारको लागि आएको डलर सरकारलाई कानुन बनाइदिनु पर्‍यो भन्दै वकालत गरेर पैसा सकिन्छ । एउटै लक्ष्यका लागि दसवटा गैससले काम गर्छन्, तर प्रतिफल केही देखिँदैन । जुन उद्देश्यका लागि गैससले काम गरेका छन्, तिनीहरूलाई निरन्तरता दिनु पर्‍यो । ■

मुलुकले यो अभिसन्धि पारित गरेका थिएनन्। अभिसन्धि १३८ र १८२ ले बालश्रम उन्मूलन र निकृष्ट बालश्रमबारे वकालत गर्छन्। तर, यी अभिसन्धि पारित भएको आधा दशक बितिसक्दा पनि नेपालमा बालश्रम दिनानुदिन बढिरहेकै छ। गैरसरकारी संस्थाहरू पनि समस्याको जडतिर नगएर एउटै कामका लागि दसौंपटक आर्थिक सहयोग माग्ने र त्यसैमा रुमल्लिनाले यो समस्या टुंगो लगाउन गाह्रो भएको बताउँछन्, अधिवक्ता न्यौपाने।

सार्वजनिक भएका तथ्यांकहरूले मुलुकमा बालश्रम घटेको देखाए पनि दस वर्षयता मुलुकमा बढेको राजनीतिक अस्थिरताले यथार्तमा बालश्रमिकहरूको संख्या घटेको छैन्। अन्तर्राष्ट्रिय चासो रहँदारहँदै पनि सरकारी बेवास्ताका कारण बालश्रम बढेको आरोप लगाउँछन्, गैरसरकारी संस्था महासंघका अध्यक्ष अर्जुन कार्की। 'बालश्रम उन्मूलनका सरकारी सहयोग अपेक्षाकृत हुन सकेको छैन', उनी भन्छन्।

अन्तराष्ट्रिय अभिसन्धि पारित गरेर नेपालले बालश्रमसम्बन्धी थुप्रै कानुनसमेत बनाएको छ। तैपनि, ती कानुन व्यवहारमा लागू भएका छैनन्। उता अधिवक्ता न्यौपानेको दाबी छ, बालबालिकाको अधिकारसम्बन्धी वकालत गर्ने नेपालका कानुन नै अपूर्ण छन्।

सरकारले टुहुरा र विस्थापित भएर श्रमशोषणमा पिल्सिएकाहरूका लागि लगानी नगरेर युद्ध सामग्रीकै लागि राष्ट्रिय ढुकुटी खर्चेको आरोप बालअधिकारसम्बन्धी वकालत गर्ने संघसंस्थाले लगाउँदै आएका छन्। तर, न्यौपाने गैरसरकारी संस्थाले सरकारलाई मात्र आरोप लगाउन नहुने बताउँछन्। 'बालअधिकार र बालश्रम उन्मूलनका लागि आएको साधनस्रोत सरकारविरुद्धको लबिङमा सक्नु हुँदैन', उनी भन्छन्, 'सरकारले पूर्वाधारविना जसरी अपूर्ण ऐनकानुन बनाएर गल्ती गरेको छ, त्यो गल्ती गैससबाट हुनु हुँदैन।' ■

## बालश्रमको कारक गरिबी



**गौरी प्रधान**
अध्यक्ष, बाल मजदुर सरोकार केन्द्र

**■ नेपालमा बालमजदुरको अवस्था कस्तो छ ?**

तथ्यांक हेर्दा कतै पनि बालमजदुर बढेको पाइँदैन। ११ प्रतिशतले घटेको तथ्यांक सार्वजनिक भएको छ, तर यथार्थमा बालमजदुरको संख्या हाम्रो मुलुकमा बढिरहेको छ। सन् १९९८ को तथ्यांकअनुसार नेपालमा २६ लाख बालश्रमिक थिए। त्यसपछि मुलुकमा बढेको राष्ट्रिय अस्थिरताले बालश्रमिक बढ्ने क्रम जारी छ। अहिले सहरी क्षेत्रमा निकृष्ट किसिमका बालश्रमिकको संख्या बढेको अवस्था छ।

**■ सशस्त्र द्वन्द्व सुरु भएदेखि बालबालिकाका लागि काम गर्छु भन्ने गैससहरू पनि बढेका छन् नि ?**

पक्कै पनि नेपालमा सशस्त्र द्वन्द्व सुरु भएदेखि बालश्रमिकको संख्या आकासिएको छ। हामीले अहिले पनि मुलुकभरिका बालश्रमिकको यकिन खाका पत्तो पाउन सकेका छैनौं। तर, गैससले बालश्रम उन्मूलन गर्ने होइन, हामीले मार्गचित्र बनाउने हो। सरकारले त्यसलाई अनुसरण गर्ने हो। सरकारबाट सहयोग नभएकाले नै बालश्रमलाई उन्मूलन गर्न नसकिएको हो। सरकारले कानुन बनायो, तर त्यसको अनुगमन गर्ने सरकारी निकाय खै त ? गैससको भूमिकाले मात्र परिवर्तन आउन सक्छ भन्ने होइन।

**■ बालश्रमको बढी प्रयोग कुन क्षेत्रमा भएको छ ?**

निकृष्ट प्रकारको बालश्रम सहरी क्षेत्रमा नै बढी प्रयोग भएको छ। यस्ता जोखिमपूर्ण क्षेत्रमा काम गर्ने बालश्रमिकको संख्या १ लाख ७९ हजार छ। होटल, इँटाभट्टा, गलैंचा कारखाना र घरेलु कामदारका रूपमा उनीहरूको प्रयोग बढी भएको पाइएको छ। यस्ता क्षेत्रमा काम गर्ने बालबालिकाको श्रमशोषण बढी देखिन्छ।

**■ बढ्दो बालश्रम अन्त्य गर्न कस्तो कार्यक्रम प्रभावकारी हुन सक्छ होला ?**

बालश्रम अन्त्यका लागि गरिबी निवारण हुन जरुरी छ। त्यसपछि हामीले शिक्षालाई प्राथमिकता दिएका छौं। गाँस, वास र कपासको व्यवस्था भयो भने त बालबालिकाले काम पक्कै गर्दैनन्। पेट पाल्ने समस्याको समाधान पहिले हुन जरुरी छ। १४ वर्षमुनिकालाई बालबालिका भनिएको छ। कानुनमा उनीहरूलाई काममा लगाउन पूर्ण प्रतिबन्ध लगाउनु पर्छ। कानुन कार्यान्वयन गर्नका लागि सरकारकै भूमिका महत्त्वपूर्ण हुन जरुरी छ। अन्यथा अन्तर्राष्ट्रिय सम्झौतापत्रमा हस्ताक्षर गरेको भरमा मात्र बालश्रम उन्मूलन हुने अवस्था छैन। ■

## सहयोग जारी रहन्छ



**एन्जा इलिजावेथ**
मोनिटरिङ युनिट प्रमुख- आइपेक

**■ आइएलओले नेपालमा बाल श्रम नियन्त्रण र उन्मूलनसम्बन्धी काम गरेको एक दशक बितिसक्यो। यसैबीच के के उपलब्धि हासिल भए ?**

हामीले कार्यक्रमलाई दुई चरणमा विभाजन गरेर काम गर्‍यौं। पहिलो चरणमा हाम्रो लक्ष्य बालबालिकाको तथ्यांक खोजी गर्नु थियो र दोस्रो चरणमा कार्यान्वयन गर्ने हाम्रो लक्ष्य हो। यसैबीच हामीले निकृष्ट काममा रहेका १५ हजार बालश्रमिकलाई प्रत्यक्ष सहयोग पुर्‍याउन सक्यौं।

**■ बालश्रमको क्षेत्रमा चुनौतीहरू के के देखिए नि ?**

हाम्रो कार्यक्रम सञ्चालन हुनुमा सरकारको महत्त्वपूर्ण भूमिका छ। सरकारले बालश्रमलाई उच्च प्राथमिकता दिएको अवस्था पनि छ, तर मुलुकको राजनीतिक अवस्थाले गर्दा बालश्रमनिर्मूल पार्ने खाले कार्यक्रम सफल भएको अवस्था छैन। राजनीतिक समस्या समाधान भयो भने बालश्रम निर्मूल पार्न कुनै कठिनाइ हुने छैन।

**■ यस क्षेत्रमा धेरै गैसस पनि संलग्न छन्, तपाईंहरूले उनीहरूलाई प्रशस्त स्रोत साधन पनि उपलब्ध गराउनु भएको छ। उनीहरूको कामलाई कसरी हेर्नु हुन्छ ?**

गैसससँग काम गर्दा हामीलाई रमाइलो अनुभव रह्यो। सुरुमा काठमाडौंमा काम गर्‍यौं र पछिल्लो चरणमा काठमाडौंबाहिर पनि काम गर्‍यौं। स्थानीय तहमा प्रत्यक्ष संलग्न रहेर काम गरेका संस्थासँग मिलेर काम गर्दा प्रभावकारी भएको अनुभव रह्यो। तर, यसबीच कामदारका संगठन र रोजगारदाताहरूसँग हाम्रो महत्त्वपूर्ण साझेदारी रह्यो।

**■ आगामी दिनमा आइपेकका कस्ता कार्यक्रम हुनेछन् ?**

अब हामीले बालश्रमिकलाई मुक्त पारेर उनीहरूका लागि शिक्षाका कार्यक्रम प्रभावकारी बनाउने सोच राखेका छौं। तर, जनचेतना जगाउने कार्यक्रम पनि जारी रहन्छन्।

# सेवा शुल्क लिने प्रयास विफल

**ग्राहकबाट संकलित** बिमा शुल्कको निश्चित रकम मुनाफाको रूपमा उपयोग गर्ने दुई वैदेशिक लगानीका विमा कम्पनीको योजना असफल भएको छ। अमेरिकी विमा कम्पनी एलिकोको नेपालस्थित शाखा र भारतीय मुख्य लगानीको लाइफ इन्स्योरेन्स कर्पोरेसन (एलआइसी)ले संकलित कुल विमा शुल्कको ५ प्रतिशत रकम सेवा शुल्कका नाममा खर्च गर्न पाउनु पर्ने अडान राखेका थिए। वैदेशिक बिमा कम्पनीको हैसियतमा ती कम्पनीले उक्त रकम मुनाफाका रूपमा आ-आफ्ना मुख्य कार्यालय रहेका मुलुकहरू अमेरिका र भारत पठाउन पाउनु पर्ने दाबी गर्दै आएका थिए। तर, ग्राहकबाट संकलित रकम सेवा शुल्कका नाममा उनीहरूले उपभोग गर्न नपाउने विमा समितिको निर्णयपछि उनीहरूको योजना भत्किएको छ।

बिमा प्रिमियमका रूपमा संकलित रकम ग्राहक र बीमा कम्पनीबीचका सर्तअनुसार फिर्ता गर्नु पर्छ, अनिवार्य रूपमा। कुनै पनि व्यक्तिले आफूमाथि आइपर्न सक्ने विपत्तिमा राहत पाउन बिमा गरेको हुन्छ। यस्तो रकम जुनसुकै बेला बिमा कम्पनीले फिर्ता गर्नु पर्छ। तर, यी बिमा कम्पनीले बिमा शुल्कलाई नै सेवा शुल्कका रूपमा विदेश पठाउन पाएका भए भुक्तानीमा समेत समस्या उत्पन्न हुन सक्थ्यो।

नेपालमा शाखा स्थापना गर्दा वा संयुक्त लगानीमा बिमा व्यवसाय संचालन अनुमति लिँदा समितिले ग्राहकबाट संकलित रकम मुनाफाका रूपमा प्रयोग गर्न पाउने कुनै सुविधा दिएको छैन। बिमा समितिका उपनिर्देशक प्रकाश खनाल भन्छन्, 'यो गैरकानुनी चाहना हो। लाइसेन्स दिँदा बिमा रकम सेवा शुल्कका नाममा कम्पनीले पाउने कुनै प्रावधान छैन।' ती बिमा कम्पनी स्थापना हुँदा पाँच करोड रुपैयाँको चुक्ता पुँजीका आधारमा नेपालमा कारोवार गर्न पाएका हुन्छन्, तर अहिले उनीहरूले चाहेजस्तो ५ प्रतिशत रकम सेवा शुल्कका नाममा प्रयोग गर्न दिइने हो भने त्यो रकम ५ करोड रुपैयाँभन्दा बढी हुन सक्छ। समितिको तथ्यांकमा एलिकोको कुल बिमा शुल्क करिब १ अर्ब र एलआइसीको ४० करोड रुपैयाँ रहेको छ।






## पानीपोखरीमा पेरोडुवा कार



**पेरोडुवा कारको** नेपालका लागि अधिकृत बिक्रेता नेमलिंक इन्टरनेसनल ट्रेडर्स प्रालिको सो रुम थापाथलीबाट पानीपोखरी सरेको छ। नेपालका लागि मलेसियाका राजदूत महिन्दर सिंह र मलेसियन वाडुवा कार निर्माता कम्पनीका अध्यक्ष सहिद अब्दुल हफिज विन अबु वाकरले सोरुमको उद्‌घाटन गरेका थिए। उक्त सोरुमबाट कम्पनीका नयाँ कारको बिक्री गरिने जानकारी दिइएको छ। नेमलिंकका प्रबन्ध निर्देशक मिहिका धाक्वाले नेपालमा पेरोडुवा ब्रान्ड स्थापित बनेको बताएका छन्। सन् २००० देखि उक्त कम्पनीका गाडी नेमलिंकले बिक्री गर्दै आएको छ। हाल पोखरा र बुटवलमा पनि सोरुम संचालन गरिएको छ।

## गोर्खा ब्रुअरीका नयाँ वियर




**गोर्खा ब्रुअरीले** जोली स्यान्डी र जोली लेमोनेड नामक वियर बजारमा ल्याएको छ। नेपालको वियर बजारमा आधिपत्य जमाउँदै आएको उक्त कम्पनीका नयाँ वियरपछि नेपाली वियर बजारमा यसको प्रभुत्व अरु बढेको छ। जोली स्यान्डी अन्तर्राष्ट्रिय गुणस्तरमा तयार पारिएको छ, जसमा १ प्रतिशतभन्दा कम अल्कोहल रहेको छ। महिला पुरुष दुवै यसका लक्षित उपभोक्ता हुन्। तर, जोली लेमोनेड वियर भने अल्कोहलरहित छ, जसको काम अल्कोहलबाट टाढै रहन रुचाउने युवायुवतीका लागि निकै उपयोगी सावित हुनेछ। भिटामिन सी युक्त उक्त वियर तिर्खा मेट्न र खासगरी रिफ्रसमेन्टका लागि नयाँ पुस्ताले उपयोग गर्नेछ।

## हुन्डाईको वर्ल्डकप योजना



**विश्वप्रसिद्ध** इलेक्ट्रोनिक्स ब्रान्ड हुन्डाईले फिफा वर्ल्ड कपको अवसरमा 'हुन्डाई इलेक्ट्रोनिक्स एसएमएस वर्ल्डकप' योजना अगाडि सारेको छ। योजनानुसार इच्छुक सहभागीले वर्ल्डकपका प्रत्येक प्रतियोगिताका सम्भावित विजेता राष्ट्रको नाम एसएमएसमार्फत सम्प्रेषण गरेर यस ब्रान्डका टेलिभिजन सेटलगायतका अन्य आकर्षक उपहार जित्न सक्नेछन्।

निश्चित कोड प्रयोग गरी आफूले अनुमान गरेको विजेताको नाम प्रत्येक प्रतियोगिताको मध्यान्हसम्म एसएमएस गर्नु पर्ने प्रावधान राखिएको छ। तर, मेरो मोवाइलका ग्राहक मात्र यस योजनामा सहभागी हुन पाउनेछन्।

## माछापुच्छ्रेको एटिएम

**माछापुच्छ्रे बैंक** लिमिटेडले सुन्धारास्थित व्यापारिक केन्द्र काठमाडौं मलमा एटिएम संचालनमा ल्याएको छ। ग्राहकको सुविधालाई ध्यानमा राखी त्यहाँ एटिएम संचालनमा ल्याइएको बैंकले जनाएको छ।

बैंकले 'एनी होयेर बैंकिङ', 'इन्टरनेट बैंकिङ र 'मोवाइल बैंकिङ' पनि संचालनमा ल्याएको छ। बैंकले विद्यमान सेयरधनीहरूका लागि १६ करोड ५० लाख बराबरको हकप्रद सेयर जारी गरिएको र तत्पश्चात् बैंकको चुक्ता पुँजी ७१ करोड ५० लाख रुपैयाँ पुग्ने बताइएको छ।

# विश्वकपको ज्वरो



### विश्वकपमा विभिन्न क्षेत्रको प्रदर्शन

**दक्षिण अमेरिका** - ९ पल्ट बिजेता (ब्राजिल, अर्जेन्टिना, उरुग्वे)
**युरोप** - ८ पल्ट बिजेता (इटाली, जर्मनी, इङ्ल्यान्ड, फ्रान्स)
**उत्तर अमेरिका** - सेमिफाइनलसम्म (अमेरिका-१९३०)
**एसिया** - सेमिफाइनलसम्म (दक्षिण कोरिया - २००२)
**अफ्रिका** - क्वाटरफाइनलसम्म (क्यामरुन-१९९०, सेनेगल-२००२)
**ओसिनिया** - सहभागितामात्र (अस्ट्रेलिया १९७४- २००६, न्युजिल्यान्ड-१९८२)

**■ नवीन अर्याल/काठमाडौं**

**अर्जेन्टिनाका** ४२ वर्षीय रेफ्री होरासिओ इलिजोन्डोले आयोजक जर्मनी र कोस्टारिकाविरुद्ध खेलका लागि सिट्ठी फुकेर विश्वकै प्रतिष्ठित फुटबल प्रतियोगिता सुरु भएको औपचारिक घोषणा गर्दा संसारभरिका डेढ अर्बभन्दा बढि व्यक्तिको ध्यान एकैपल्ट जर्मनीको म्युनिख रंगशालामा गएर टक्क अडिनेछ।

विश्वकै बहुप्रतीक्षित र बहुचर्चित विश्वकप फुटबलको अठारौं संस्करण ३२ वर्षपछि घुमेर फेरि जर्मनीमा हुँदै छ। नेपाली समयानुसार जेठ २६ गते शुक्रवार राति ९ बजेर ४५ मिनेटमा यो प्रतियोगिता भव्यरूपले सुरु हुँदा म्युनिख सहर दुलहीझैं सिंगारिनेछ। सुरक्षा र सुविधाको हिसाबले जर्मनीले अठारौं विश्वकपलाई अहिलेसम्मकै अविस्मरणीय विश्वकप बनाउने घोषणा गरिसकेको छ।

अठारौं विश्वकपमा भाग लिन पाँचपल्टको विश्व च्याम्पियन ब्राजिलसहित ३२ राष्ट्रका ७ सय ७६ खेलाडी जर्मनीमा जम्मा भएका छन्, जसमा आठ नयाँ देश पहिलोपल्ट विश्वकपको अनुभव सँगाल्दै छन्। यो विश्वकपमा सात खेलाडी चौथोपल्ट विश्वकपमा सहभागी हुँदै छन्। ब्राजिलका अनुभवी काफु र रोनाल्डो, जर्मनीका गोलरक्षक ओलिभर कहान, साउदी अरबका मोहम्मद अल देइया र सामी अल जावेर तथा अमेरिकाका कासे केलियर र क्लाउडियो रेयना छन्। जसमा काफु, अल देइया र अल जावेर लगातार तेस्रो विश्वकपमा सहभागी हुँदै छन्। दुई महिनाअघि ४० वर्ष टेकेका ट्युनेसियाका गोलरक्षक अली बोउनिजेल यो विश्वकपमा बूढो खेलाडीको रूपमा सहभागी हुनेछन्। इङ्ल्यान्डका १७ वर्षीय थिओ वाल्कट सबैभन्दा कम उमेरमा विश्वकपमा सहभागी हुँदै सन् १९५८ मा ब्राजिलका चर्चित स्ट्राकर पेलेले कम उमेरमा विश्वकप खेलेको कीर्तिमान भंग गर्दै छन्। यसैगरी ३२ वर्षअघि जर्मनीमै भएको दसौं विश्वकप फुटबल प्रतियोगितामा छनोट भएको अस्ट्रेलियाको लामो समयपछि जर्मनी विश्वकपमै पुनरागमन हुँदै छ। विश्वकपमा सहभागी हुन जहाँ दक्षिण अफ्रिकी राष्ट्र टुगो २५ दिनअघि नै जर्मनी पुगेको छ, छिमेकी युक्रेन सबैभन्दा ढिलो आजै उद्घाटनको दिन आयोजनास्थल पुग्दै छ।

एक महिनासम्म चल्ने यो विश्वकप जर्मनीको १२ उत्कृष्ट रंगशालामा ६४ वटा खेल हुँदै ऐतिहासिक बर्लिन सहरमा आएर असार २६ गते सम्पन्न हुनेछ। प्रतियोगिताअन्तर्गत उद्घाटन, सेमिफाइनल, तेस्रो स्थान र फाइनल खेल ६० हजार क्षमता भएका रंगशालामा आयोजना हुनेछन् भने समूहगत अन्य खेल, पहिलो चरण र क्वाटरफाइनलका खेल ४० हजार दर्शक अटाउने क्षमता भएको रंगशालामा हुनेछ। विश्वकपलाई स्मरणीय बनाउन जर्मनीले रंगशाला मर्मतका लागि मात्र एक अर्ब ३८ करोड युरो खर्च गरेको छ। यो विश्वकपमा २३ रेफ्री र ८२ सहायक रेफ्री नियुक्त छन्। विश्व फुटबल महासंघ (फिफा)ले सार्वजनिक गरेको रिपोर्टमा ३२ लाख टिकट बिक्री भएको छ।

आयोजक जर्मनीले सुरुका दिनमा विश्वकपको प्रत्यक्ष अनुभव गर्न ३० लाखभन्दा बढी विदेशी पर्यटक जर्मनीमा ओइरिने बताए पनि हाल १० लाखमात्र विदेशी पाहुना जर्मनी भित्रिएको बताइएको छ। यसपालिको विश्वकप संसारभरिका पौने चार अर्ब व्यक्तिले टेलिभिजन स्क्रिनबाट प्रत्यक्ष हेर्ने अनुमान गरिएको छ। सन् २००२ मा दक्षिण कोरिया र जापानमा संयुक्तरूपमा भएको विश्वकप करिब ३ अर्ब व्यक्तिले टेलिभिजन स्क्रिनबाट हेरेको अनुमान गरिएको थियो। यसपालिको विश्वकपमा आयोजना हुने बाह्रवटै रंगशालामा ३० लाख व्यक्ति ओइरिने र फाइनल खेल संसारका १ अर्ब मान्छेले टेलिभिजन स्क्रिनबाट हेर्ने आशा गरिएको छ। विश्वकै ठूलो प्रतियोगिता मानिने विश्वकप फुटबलको समाचार संकलनका लागि प्रिन्ट र फोटोपत्रकार गरेर ४ हजार ४ सयजना जर्मनी आइपुगेका छन्, जसमा ब्राजिलबाट मात्र करिब २ हजार भएको आयोजक समितिले बताएको छ। प्रतियोगिता आयोजनाका लागि फिफाले सुरुमा आयोजक समितिलाई २ अर्ब ३१ करोड डलर उपलब्ध गराएको थियो। विश्वकपको महत्त्वलाई अझै बढी उचाइ दिन जर्मनीले १० वर्ष लगाएर निर्माण गरेको विश्वकै अत्याधुनिक बर्लिन ट्रेन सेवा सुरु गर्ने बताएको छ। यसका लागि जर्मनी सरकारले ८ अर्ब ५० करोड अमेरिकी डलर खर्च गरेको छ।

### कडा सुरक्षा व्यवस्था

इरानको आणविक विवाद, अमेरिकाको हस्तक्षेपकारी भूमिका, आतंकवादी समूहको धम्की र जर्मनीमा मौलाउँदो नवनाजीवादका कारण अठारौं विश्वकप शान्तिपूर्वक सम्पन्न गराउन जर्मनीलाई





अहिले हम्मे हम्मे परेको छ। त्यही पनि जर्मनीले आफ्नो दायित्व पूरा गर्ने अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा)लाई आश्वस्त तुल्याएको छ।

'सुरक्षा व्यवस्थालाई लिएर हामी सन्तुष्ट छौं', फिफा अध्यक्ष सेप ब्लाटरले विश्वकप उद्घाटनका लागि जर्मनी पुगेपछि भनेका छन्। विश्वकपको तयारीसँगै अहिले जर्मनीले सुरक्षा व्यवस्था निकै कडा पारेको छ। जर्मनीका सबै प्रहरीहरू यति बेला सुरक्षा व्यवस्था मिलाउन व्यस्त देखिन्छन्। जर्मनीको कानुनले देशमा आपत्कालीन स्थिति घोषणा नहुँदासम्म सैनिकलाई सार्वजनिक थलोमा उतार्न नपाउने बताएको छ। तर, जर्मनीका गृहमन्त्री फ्रान्ज जोसेफ जडले विश्वकपलाई ध्यानमा राखेर थप ७ हजार सैनिकको सहयोग लिने बताएका छन्। जर्मनीले यसअघि नै आणविक हतियारमा माहिर मानिएको सेना, जैविक र रासायनिक हतियारका विज्ञहरू, घटनालाई सुँघेर पत्ता लगाउन सिपालु दर्जनौं सेफर्ड कुकुर, हेलिकोप्टर र लडाकु एयरक्राफ्ट तयारी अवस्थामा राखेको छ। विश्व राजनीतिलाई ध्यानमा राखेर अमेरिका र इरानका खेलाडीलाई विशेष सुरक्षा व्यवस्थाको बन्दोबस्त गरिएको छ भने अन्य देशका खेलाडीहरूमाथि पनि हुन सक्ने सम्भावित खतरालाई ध्यान दिइएको छ। खेलाडी बस्ने होटल, अभ्यास स्थल र बसमा झिँगा पनि छिर्न गाह्रो पर्ने सुरक्षा संयन्त्र तयार पारिएको छ।

विदेशी आक्रमणबाहेक घरेलु दंगा र काला खेलाडीमाथि हुन सक्ने सम्भावित आक्रमण रोक्न रंगशाला भित्र र बाहिर सुरक्षा व्यवस्था कडा पारिएको छ। यसैगरी होटल र सार्वजनिकस्थलमा पनि पर्याप्त सुरक्षा व्यवस्था लागू गरिएको छ। पहिल्यैदेखि जर्मन दर्शकको सबैभन्दा ठूलो तारो काला खेलाडी हुँदै आएका छन्। यसमा पनि पछिल्लो समय देशभित्र विस्तार हुँदै गइरहेको नवनाजीहरूको संगठनका कारण जर्मनीको सुरक्षा व्यवस्थालाई थप सजग रहन आग्रह गरिएको छ। फेरि बेलायत, पोल्यान्ड, अस्ट्रेलिया, नेदरल्यान्ड र युक्रेनबाट आउने हल्लडबाजका कारण जर्मनीले सुरक्षा व्यवस्था चुस्त बनाएको छ। यो विश्वकपमा आठ हजारजति अस्ट्रेलियाली दर्शक, त्यतिकै उपस्थितिमा बेलायती, पोलिस, डच र युक्रेनका दर्शक आउन सक्ने बताइएको छ। बेलायती गृहसचिव चार्ल्स क्लार्कले ३ हजार बदनाम हल्लडबाजलाई जर्मनी जानबाट रोक लगाइएकाले जर्मनीलाई इङलिस समर्थकबाट ढुक्क हुन आश्वस्त पारेका छन्। तर, रंगशालाभित्र इङलिस दर्शकले प्रयोग गर्न सक्ने दोस्रो विश्वयुद्धताकाको नाजी धुनले रंगशालामा वितण्डता निम्त्याउन सक्ने सम्भावनालाई लिएर जर्मनीका सुरक्षा पदाधिकारीहरू बढी सजग देखिएका छन्। यसैले रंगशालामा धारिलो वस्तु र शंकास्पद व्यक्तिको प्रवेशमा रोक लगाइएको छ। प्रत्येक खेलका लागि ६ हजार सुरक्षाकर्मी तैनाथ गरिएको छ। उद्घाटनको दिन म्युनिख सहरमा थप सुरक्षा सतर्कता अपनाइएको छ। रंगशालादेखि ६० किलोमिटर वरपरको स्थानलाई सुरक्षानिकायले पूरै आफ्नो मातहतमा राख्नेछन् भने फिफाले थप १५ हजार स्वयंसेवक खटाउने बताएको छ। ■



## विश्वकप विजेता

| देश | विजेता | उपविजेता |
|---|---|---|
| ब्राजिल | ५ (१९५८, १९६२, १९७०, १९९४, २००२) | २ (१९५०*, १९९८) |
| जर्मनी | ३ (१९५४, १९७४*, १९९०) | ४ (१९६६, १९८२, १९८६, २००२) |
| इटाली | ३ (१९३४*, १९३८, १९८२) | २ (१९७०, १९९४) |
| अर्जेन्टिना | २ (१९७८*, १९८६) | २(१९३०, १९९०) |
| उरुग्वे | २ (१९३०*, १९५०) | - |
| इङ्ल्यान्ड | | १ (१९६६*) |
| | | - |
| फ्रान्स | १ (१९९८*) | - |
| चेकोस्लोभाकिया | - | २ (१९३४, १९६२) |
| हंगेरी | - | २ (१९३८, १९५४) |
| नेदरल्यान्ड | - | २(१९७४, १९७८) |
| स्विडेन | - | १ (१९५८*) |

*- आयोजक राष्ट्र*





**शुक्रवार जर्मनीमा** अठारौं विश्वकप सुरु हुँदा आम फुटबलप्रेमीहरूको ध्यान ब्राजिल, अर्जेन्टिना, जर्मनी, फ्रान्स, इटाली र इङ्ल्यान्डजस्ता बलिया फुटबल राष्ट्रमा मात्र केन्द्रित हुनेछैन । उनीहरू विश्वकपमा पहिलो सहभागिता जनाउन लागेको आठ राष्ट्रको प्रदर्शन कौशल हेर्न पनि उत्तिकै उत्सुक छन् । यसपालिको विश्वकपमा दक्षिण अफ्रिकी समूहबाट मात्र चार नयाँ राष्ट्र सहभागी हुँदै छन् । यसैगरी युरोपबाट तीन र उत्तर अमेरिकी समूहबाट एउटा नयाँ देश विश्वकपमा पाइला टेक्दै छ । विश्वकपको इतिहास पल्टाउने हो भने पहिलो सहभागितामै क्यामरुन र सेनेगलजस्ता अफ्रिकी राष्ट्रले ठूलो उलटफेर गर्दै आम फुटबलप्रेमीको मन जितेका थिए । क्यामरुनले सन् १९९० को विश्वकपमा डिफेन्डिङ च्याम्पियन अर्जेन्टिनालाई हराएर सबैलाई आश्चर्यचकित तुल्याएको थियो । यसैगरी सन् २००२ को पछिल्लो विश्वकपमा सेनेगलले डिफेन्डिङ च्याम्पियन फ्रान्सलाई पहिलो खेलमै पराजित गरेर दोस्रो चरणमा उक्लन रोकेको थियो । विगतको यो आश्चर्यजनक घटनाका कारण यसपालिको विश्वकपमा पनि नयाँ आगन्तुक देशले ठूलै उलटफेर गर्ने आशा सबैले गरेका छन् । तर, यी आठ देशमध्ये आगामी विश्वकपमा कसले बाजी मार्ने हो, यो पहिलो चरणको खेलले नै बताउनेछ ।

अफ्रिकाबाट टुगो, आइभोरी कोस्ट, घाना र अंगोला पहिलोपल्ट विश्वकपमा सहभागी हुँदै छन् । विश्व फुटबलमा नयाँ परिचय बनाएका यी देशहरूले अन्तर्राष्ट्रिय फुटबलमा नाम कमाइसकेका क्यामरुन, नाइजेरिया, सेनेगल, मोरक्को र दक्षिण अफ्रिकाजस्ता बलिया राष्ट्रलाई छनोट खेलमै तह लगाएका थिए । यसैगरी युरोपेली समूहबाट सर्बिया, चेक रिपब्लिक र युक्रेन तथा उत्तर अमेरिकी समूहबाट त्रिनिडाड एन्ड टोबागो पहिलोपल्ट सहभागी हुँदै छन् ।

विश्वकपमा सहभागी हुन लागेको ३२ राष्ट्रमध्ये नव आगन्तुक आठ राष्ट्रको पछिल्लो प्रदर्शन हेर्ने हो भने अफ्रिकाको हात्ती उपनाम पाएको आइभोरी कोस्ट, युरोपमा उदाउँदै गरेको चेक गणराज्य र युक्रेनमात्र यस्ता देशको रूपमा अगाडि उभिएका छन्, जसले ठूलै उलटफेर गर्ने क्षमता राख्छन्, यो विश्वकपमा । यी देशका प्रायः सबै खेलाडीहरू युरोपको शक्तिशाली क्लबहरूमा स्तरीय फुटबल खेल्दै आइरहेका छन्, लामो समयदेखि ।

आइभोरी कोस्ट यो विश्वकपकै सबैभन्दा कठिन समूह 'सी', अर्थात् 'ग्रुप अफ डेथ'मा सम्मिलित छ । यो समूहमा दक्षिण अमेरिकाको बलियो अर्जेन्टिना, युरोपको प्रभावशाली नेदरल्यान्ड र सन् २००३ सम्म युगोस्लाभियाको नाममा सातपल्ट विश्वकपमा सहभागिता जनाइसकेको सर्बिया सहभागी छ । हालै मात्र मोन्टेनेग्रोले स्वतन्त्रता पाएपछि सर्बियाको नामले विश्वकपमा भाग लिन लागेको यो देशले छनोट खेल सर्बिया एन्ड मोन्टेनेग्रोको नामबाट खेलेको थियो । यद्यपि, दुई देश अलग भए पनि रेड स्टार बेलग्रेडबाट व्यवसायिक फुटबल खेल्ने निकोला जिगिक, एथ्लेटिको म्याड्रिडका माटेजा केजमान र बोस्नियामा जन्मिएका ओसासुनाका साभो मिलोसेभिकजस्ता स्टार खेलाडी संयुक्तरूपमा टोलीबाट उत्रिने निर्णयले सर्बियालाई पनि उत्तिकै बलियो बनाएको छ, समूह 'सी'मा ।

पावर र स्पिडमा खेल्न मन पराउने अफ्रिकी राष्ट्रहरूमा सबभन्दा ठूलो आशा गरिएको आइभोरी कोस्ट इङलिस प्रिमियर लिग च्याम्पियन चेल्सीको चर्चित स्ट्राइकर डिडिएर ड्रोग्बा, आर्सनल जोडीद्वय हबिब कोलो टोउरे र इमानुअल इबोउ, सेन्ट इटिनीका डिडिएर जोकोरा, स्टारसबर्गका फुल-ब्याक अर्थर बोका र अक्जुरीका बिङगर कङ्गा अकालेजस्ता स्टार खेलाडीका कारण बलियो देखिएको छ । आइभोरी कोस्टमा समावेश २३ जना खेलाडीसँग लामो समयदेखि युरोपमा व्यवसायिक फुटबल खेलेको पर्याप्त अनुभव हुनु नै यो विश्वकपमा आइभोरी कोस्टका लागि सबैभन्दा सकारात्मक पक्ष मानिएको छ ।

अन्य अफ्रिकी राष्ट्रको सन्दर्भमा अंगोला समूह 'डी'मा एसियाको बलियो इरान, उत्तर अमेरिकाको मेक्सिको र पोर्चुगलका कारण धेरै ठूलो आशा गरिएको छैन । समूह 'इ'मा सम्मिलित घानाको सम्भावना पनि कमै देखिएको छ । यसै समूहमा युरोपको उदीयमान चेक गणराज्य, दुईपल्टको विश्व च्याम्पियन इटाली र लामो समयदेखि विश्वकप खेलिरहेको अमेरिकाको बलियो उपस्थितिका कारण । चेकले दुई वर्षअघि पोर्चुगलमा भएको युरोकपको सेमिफाइनलमा पुगेर यो विश्वकपमा आफूले ठूलो उलटफेर गर्ने झल्को देखाइसकेको छ । अर्को अफ्रिकी राष्ट्र टुगो समूह 'जी'मा पूर्व विश्वकप विजेता फ्रान्स, गत विश्वकपको सेमिफाइनलमा पुगेको दक्षिण कोरिया र स्विजरल्यान्ड सम्मिलित समूहमा छ । टुगोले विश्वकप छनोटमा गत विश्वकपमा धुम मचाएको सेनेगलजस्तो बलियो राष्ट्रलाई पन्छाएर आफ्नो क्षमता प्रदर्शन गरिसकेको छ । तर, यो विश्वकपमा ठूलो उलटफेर गर्न भने कडा अग्निपरीक्षाबाट गुज्रनु पर्नेछ, यो देशले ।

यता युरोपको बलियो राष्ट्र स्पेन, एसियाको साउदी अरब र अफ्रिकाका ट्युनेसियासँगै समूह 'एच'मा रहेको विश्वकपको नयाँ आगन्तुक युरोपेली राष्ट्र युक्रेनले भने ठूलै उलटफेर गर्ने आशा गरिएको छ । सन् १९९१ मा पूर्व सोभियत संघबाट टुक्रिएपछि विश्व फुटबलमा उदाएको यो देश छनोट खेलमा दुईपल्टको असफल प्रयासपछि विश्वकपमा देखापर्दै छ । युरो वर्ष खेलाडी आन्द्रेयी सेभचेन्कोजस्ता प्रतिभाशाली खेलाडी रहेका कारण युक्रेनले आफ्नो समूहमा राम्रै नतिजा निकाल्ने आशा गरिएको छ । तर, समूह 'बी'मा इङ्ल्यान्ड, स्विडेन र पाराग्वेजस्ता बलिया फुटबल राष्ट्रमाझ आफूलाई उभ्याएको त्रिनिडाड एन्ड टोबागोका लागि इज्जतसाथ हार्नु नै ठूलो सफलता हुनेछ । ■

# नयाँ राष्ट्रको चुनौती



आइभोरी कोस्टका ड्रोग्बा






# गर्जेलान् बूढा बाघ ?



क्रेस्पो



जिदान



बालाक

**'बाघ कहिल्यै बूढो हुँदैन'** भन्ने सम्भवतः नेपाली उक्तिलाई शुक्रवारदेखि सुरु हुने फुटबलको महाकुम्भ अठारौं विश्वकपमा स्थापित फुटबल खेलाडीले प्रमाणित गर्ने कोसिस गर्नेछन्। यदि कुनै दुर्घटना भएन भने यसपालिको विश्वकपमा तीनजना बूढा खेलाडी चम्कने आशा गरिएको छ, जो विगत लामो समयदेखि अन्तर्राष्ट्रिय फुटबलमा चम्कँदै आएका छन्।

यसपालिको विश्वकपमा युवा खेलाडीहरूको क्षमताको परीक्षा हुने निश्चित छँदै छ, त्योभन्दा पनि ठूलो परीक्षा पाका र अनुभवी खेलाडीहरूकै हुनेछ। त्यसैले एक महिना जर्मनीको विभिन्न बाह्रवटा रंगशालामा ३२ राष्ट्रका अनुभवी फुटबल खेलाडीहरू दौडदा, फुटबलप्रेमीहरूको ध्यान पनि उनीहरूतिरै मोडिने पक्का छ।

यो विश्वकपमा विशेषतः संन्यासपछि फर्किएका फ्रान्सेली राष्ट्रिय टोलीका कप्तान जिनेदिन 'जिजु' जिदानतिर स्वभाविकरूपमा जानेछ। डेढ वर्षअघि अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास लिएर छनोट खेल नै नखेलेका जिदानलाई अन्तिम समयमा प्रशिक्षक रेमोन्ड डोमेनेचले टोलीमा फर्काएका थिए। सन् १९९८ को विश्वकप आफ्नै घरेलु भूमिमा आफ्नै देशलाई जिताएका जिदानले गत महिना व्यवसायिक फुटबलबाट समेत संन्यास लिएका थिए। विश्वका महान् खेलाडी ब्राजिलका पेले र अर्जेन्टिनाका म्याराडोनापछि विश्व फुटबलकै गहना मानिएका जिजु तीनपल्ट फिफा बर्ष खेलाडी घोषित भएका छन्। सन् २००२ को विश्वकपमा घाइते भएका कारण बेन्चमा बसेका जिदानका कारण फ्रान्स पहिलो चरणबाटै बाहिरिएको थियो। हाल टोलीमा अरू अनुभवी खेलाडी स्ट्राइकर थियरी हेनरी, डिजिब्रिल सिसे, डेभिड ट्रेजेग्वेट र सिल्भियन विल्टोर्ड, मिडफिल्डर प्याट्रिक भियरा, क्लाउडियो माकालेले र डिफेन्स लिलियान थुराम उपस्थित रहेको अवस्थामा प्लेमेकर जिदानको खेललाई सबैले महत्त्वका साथ हेरेका छन्। उनले यसपछि अन्तर्राष्ट्रिय फुटबलमा कहिल्यै नफर्किने घोषणा गरेका कारण पनि बूढो बाघको खेल हेर्न सबै उद्वेलित छन्।

यसैगरी गत विश्वकपमा ८ गोल गर्दै पेलेको विश्वकपमा १२ गोल गर्ने कीर्तिमानलाई बराबरी गरेका ब्राजिलका प्रेरणादायी स्ट्राइकर रोनाल्डोको प्रदर्शन पनि लिएर उत्तिकै कौतुहल बनेको छ। उनी विश्वकपमा सर्वाधिक १४ गोल गर्ने जर्मनीका गार्ड मुलरको कीर्तिमानी गोलभन्दा २ गोलले पछाडि छन्। तीनपल्ट फिफा वर्ष खेलाडी भइसकेका रोनाल्डोलाई पछिल्लो विश्वकपमा गोल हान्न सबैभन्दा बढी सहयोग गरेका र इङ्ल्यान्डविरुद्ध क्वाटरफाइनलमा आश्चर्यजनक गोल गरेर एकाएक चर्चा बटुलेका फिफा वर्ष खेलाडी रोनाल्डिन्हो, अनुभवी रोबर्टो कार्लोस, प्रेरणादायी कप्तान काफुको खेलको पनि सबैले व्यग्र प्रतीक्षा गरेका छन्।

यसैगरी 'डेड बल'मा माहिर इङ्ल्यान्डका अनुभवी कप्तान डेभिड वेक्हाम र माइकल ओवेनको खेल हेर्न फुटबलप्रेमीहरू आतुर देखिएकै बेला अर्जेन्टिनाका कार्लोस टेभेज, हर्नान क्रेस्पो र हुँवा रोमन रिक्युल्मेको राम्रो प्रदर्शनलाई लिएर बाजी मार्नेहरूको संख्या



रोनाल्डो


**यो विश्वकपमा विशेषतः संन्यासपछि फर्किएका फ्रान्सेली राष्ट्रिय टोलीका कप्तान जिनेदिन 'जिजु' जिदानतिर स्वभाविकरूपमा जानेछ।**

पनि बढ्दै गइरहेको छ। अझ स्पेनका प्रेरणादायी कप्तान राउल गोन्जालेज, स्ट्राइकर फर्नान्डो टोरेस, मिडफिल्डर लुइस गार्सिया, नेदरल्यान्डका स्ट्राइकर रुड भान नेस्टेलरोय, अनुभवी मिडफिल्डर फिलिप्स कोकु र गोलरक्षक इडविन भान डेर सारजस्ता खारिएका खेलाडीको खेल हेर्न पनि फुटबलप्रेमी आतुर छन्।

आयोजक जर्मनीका कप्तान माइकल बालाक, कोस्टारिकाका स्ट्राइकर पाउलो वान्चुपे, पाराग्वेका रोक्यु सान्ता क्रुज, स्विडेनका हेनरिक लार्सन, जाल्टन इब्राहिमोभिक र फेड्रिक लुम्बर्ग, इरानका अली देयी, अली कारिमी र मेहदी माहदभिकिया, पोर्चुगलका स्ट्राइकर पाउलेटा, नुनो गोमेस, मिडफिल्डर डिको र लुइस फिगोजस्ता अनुभवी खेलाडीको खेल हेर्न पनि सबै लालायित छन्।

इटालीका भेट्रान स्ट्राइकर फिलिपो इन्जाघी, अलेसान्ड्रो डेल पियरो, मिडफिल्डर फ्रान्सिस्को टोटी, अलेसान्ड्रो नेस्टा, फाबियो कानाभारा र गोलरक्षक गियानलुइगी बुफोन, चेक रिपब्लिकका गोल रक्षक पिटर क्रच, जान कोलर र पाभेल नेडभेड, युक्रेनका आन्द्रेयी सेभचेन्को र साउदी अरबका पाका सामी अल जावेरले मैदानमा देखाउने जादु सबैका लागि प्रतीक्षाकै विषय बनेको छ।■

# प्रबल दाबेदार



**जुन देशमा** रोनाल्डिन्हो र रोनाल्डोजस्ता महान खेलाडी हुन्छन्, त्यो देशले कुनै पनि फुटबल प्रतियोगितामा हार्छ भनेर सायदै कसैले भविष्यवाणी गर्ने जोखिम उठाउला। यसमा पनि रोबर्टो कार्लोस, काफु तथा डिडाजस्ता अनुभवी खेलाडी थपिए भने त्यो देशले हार्छ भन्ने कल्पना पनि गर्न सक्दैनन्, फुटबल पण्डितहरू। अझ नयाँ पुस्ताका उदीयमान खेलाडी रोबिन्हो, आद्रियानो र काका यो टोलीमा थपिए भने ?

हो, शुक्रवारदेखि जर्मनीमा बहुप्रतिष्ठित अठारौं विश्वकप फुटबल प्रतियोगिता सुरु हुँदा विश्व च्याम्पियन ब्राजिलेली टोलीमा ठ्याक्कै यिनै खेलाडी समावेश हुनेछन्। पाँचपल्ट विश्वकप जितेर इतिहास रचिसकेको ब्राजिल विश्वकपमा अर्को उपलब्धि चुम्न स्विजरल्यान्डको दुई साता छोटो अभ्यास पूरा गरेर जर्मनी आइपुगेको छ। यति बेला सबैको ध्यान यही टोलीतर्फ तानिएको छ। के ब्राजिलले छैटौंपल्ट विश्वकप जितेर विश्व फुटबलमा आफ्नो अपराजयी यात्रा कायम राख्ला ?

'निश्चय नै ब्राजिल यो विश्वकपको सबैभन्दा उत्कृष्ट टोली हो', अर्जेन्टिनाका महान् खेलाडी डिएगो म्याराडोनाको भनाइ उधारो लिने हो भने यो विश्वकपको विजेता ब्राजिल नै। सन् १९३० मा उरुग्वेबाट सुरु भएको विश्वकप फुटबलमा एकपल्ट पनि नरोकिई अनवरत सहभागी हुँदै आइरहेको ब्राजिल यसअवधिमा महान् खेलाडी पेलेको प्रेरणाले सन् १९५८, १९६२ र १९७० गरेर तीनपल्ट विश्वकपमा कब्जा जमाउँदै विश्वकपको पुरानो जुलेस रिमेट ट्रफी पचाउन सफल भएको थियो। अझ नब्बेको दशकपछि विश्व फुटबलमा सशक्त बनेर उदाएको दक्षिण अमेरिकाको यो देशले सन् १९९४ र २००२ को विश्वकप जितेर आफूलाई अजय टोलीको रूपमा दर्शाइसकेको छ। सन् १९९८ को विश्वकपमा भने ब्राजिल फ्रान्ससँग फाइनलमा पराजित भयो।

यो हेर्दा शुक्रवारदेखि सुरु हुने विश्वकपको प्रबल दाबेदारको रूपमा ब्राजिललाई उभ्याउनु जायज पनि छ। त्यसमा पनि हाल विश्वकपमा भाग लिन लागेको ब्राजिली टोलीलाई अहिलेसम्मकै ब्राजिलको उत्कृष्ट टोलीको रूपमा मूल्यांकन गरिएको अवस्थामा। तीनपल्ट फिफा वर्ष खेलाडी घोषित स्ट्राइकर रोनाल्डोको फर्किंदो फर्म, भर्खरै बार्सिलोनालाई स्पेनिस लिग र युरोपियन च्याम्पियन्स लिगको दुईवटा महत्त्वपूर्ण उपाधि दिलाएर आफू गत विश्वकपभन्दा झन् तिखारिएको आभास दिलाएका लगातार दोस्रो वर्ष फिफा वर्ष खेलाडी घोषित रोनाल्डिन्होका कारण ब्राजिल खतरनाक देखिएको छ।

विश्वकप सुरु हुनुभन्दा तीनसाता अघिसम्म ब्राजिलेली खेलाडीहरू क्लब फुटबलमा व्यस्त रहनुलाई केही फुटबल विज्ञहरूले खेलाडीहरूबीच आपसी तालमेल नमिल्ने बताउँदै यो नै ब्राजिललाई छैटौंपल्ट विश्वकप जित्ने अभियानमा धोका हुने औंल्याएका छन्। तर, नेपालको युवा फुटबल परियोजनाका वरिष्ठ प्रशिक्षक तथा भारतका पूर्व स्ट्राइकर श्याम थापा ब्राजिलको प्रारम्भिक समूहमा कमजोर टोली रहनु र प्रायः सबै खेलाडी युरोपको बलियो क्लबबाट खेल्नुले ब्राजिललाई खासै अप्ठेरो नपर्ने बताउँछन्। 'राम्रो खेलाडीलाई टोलीको संरचनामा ढाल्न सजिलो हुन्छ। यसको लागि दुई साताको समय पनि पर्याप्त हुने गर्छ', सन् १९७७ मा ब्राजिलका महान् खेलाडी पेलेसँग भारतको कोलकातामा एउटा मैत्रीपूर्ण खेल खेल्ने सौभाग्य पाएका थापा भन्छन्।

ब्राजिल यसपालि समूह 'एफ'अन्तर्गत विश्वकपमा ३२ वर्षपछि फर्किएको अस्ट्रेलिया, गत विश्वकपमा छनोट हुन असफल भएको क्रोएसिया र एसियाली राष्ट्र जापानसित भिड्दै छ। यो टोलीमा छानिएका २३ मध्ये १९ खेलाडी युरोपमा खेल्दै आइरहेका छन्, जसमा मिडफिल्ड र अग्रपंक्तिबाट खेल्ने खेलाडीहरू विश्व फुटबलमै उत्कृष्ट मानिन्छन्। टोलीमा रोनाल्डोका साथै युवा आद्रियानो, रोबिन्हो र फ्रेडजस्ता अचुक निसानाका माहिर स्ट्राइकर सम्मिलित छन्। रोनाल्डो विश्वकपमा गेर्ड मुलरको सर्वाधिक १४ गोलको कीर्तिमान भंग गर्ने इतिहास नजिकै छन्। उनले विश्वकपमा १२ गोल गरेका छन्। मिडफिल्डमा ६३ अन्तर्राष्ट्रिय खेलमा २७ गोल गरिसकेका रोनाल्डिन्हो, फ्रेन्च च्याम्पियन लियोनका फ्री किक विशेषज्ञ जुनिन्हो, बायर्न म्युनिखका अनुभवी जे रोबर्टो, आर्सनलका गिलबेर्टो सिल्भा, एसी मिलानका काका र अनुभवी इमर्सनजस्ता प्रतिभाशाली, जो मिडफिल्डबाट पनि गोलपोस्टमा निसाना लगाउने खुबी राख्छन्, त्यस्ता माहिर खेलाडी सम्मिलित छन्। डिफेन्समा जहाँ अनुभवी काफु दोस्रोपल्ट ब्राजिलको नेतृत्व सम्हाल्दै छन्, १ सय १० किलोमिटर प्रतिघन्टाको तोडले 'फ्री किक' हान्न सक्ने खुबी भएका लेफ्ट ब्याक रोबर्टो कार्लोस, विगत ६ वर्षदेखि जर्मनीमा व्यवसायिक फुटबल खेलिरहेका लुसिओ, एयर बलमा माहिर हुँवा, यसै वर्ष ब्राजिलको साओ पाउलोबाट रियल म्याड्रिड स्थानान्तरण भएका सिसिन्हो जस्ता घाघडान खेलाडी समावेश छन्।

विश्वका नामुद खेलाडीले भरिपूर्ण भए पनि ब्राजिल यति बेला ३२ वर्षअगाडि जर्मनीमा व्होरेको पराजयका कारण सबैभन्दा बढी सशंकित देखिएको छ। सन् १९७४ मा जर्मनीमा भएको विश्वकपमा विश्व च्याम्पियनको नाताले भाग लिएको ब्राजिल त्यति बेला उपाधि विमुखमात्र भएन, चौथो स्थानमा झर्न पुगेको थियो। अहिले पुनः ब्राजिल विश्व च्याम्पियनको नाताले यो विश्वकपमा भाग लिँदै छ, त्यो पनि जर्मनीमै। ■

# सुमधुर भावहरू

**पछिल्लो चरणमा** साहित्यमा कलम चलाउने महिला सर्जकको संख्या बढिरहेको छ। त्यो संख्या अरू विधाभन्दा कवितामा नै बढी रहेको छ। लीला अनमोल विशेषतः कविता सिर्जनामै लागेको नाम हो। उनको सिर्जना यात्राले एक दशक नाघेको छैन। तर, ननाघेर के भो र, स्तरीय सिर्जनाको कसी कहिल्यै समयअवधि बन्न सक्दैन। अनमोल पछिल्लो कवितासंग्रह 'बाँसुरी' पढेपछि लाग्छ- परिपक्व कविता जन्मिन उमेरले छेक्न सक्दैन। विभिन्न विषयवस्तुमा लेखिएका ४६ थान कविता छन्, यो किताबमा।




द्वन्द्वका कारण तहसनहस भएको छ, मुलुक। अभिशप्त जीवन बाँच्नु आम नियति भएको छ। आतंकित रातले अवश्य सुन्दर बिहान जन्माउन सक्दैन। द्वन्द्व चर्किंदै जाँदा हाम्रा भविष्यका यात्रा झनै कठोर बन्दै गएका छन्। मुलुकको द्वन्द्वग्रत अवस्थाको चित्रण यसरी गरिएको छ:

***आतंकको उत्कृष्ट रातले***
***भोलिको इतिहास जन्माइरहेछ***
***हामी त्यही इतिहासलाई काखी च्यापेर***
***वर्तमान हिँडिरहेछौं***

अनमोलका कविता विविधतामा आधारित छन्। समसामयिक विषयको प्रधानता त छ नै, मानवीय संवेदना पनि पोखिएका छन् छताछुल्ल। सामाजिक विकृति, विसंगतिको चित्रणमात्र होइन, प्रेमका शाश्वत पक्ष पनि आएका छन्, कवितामा। अभिव्यक्तिमा सालीनता छ, अहँ उत्ताउलोपन भेटिँदैन। आफ्नो प्रिय पात्रलाई छातीको कारागारमा कैद गर्ने उत्कट भावना आएको छ यसरी कवितामा :

***कुन दिनदेखि हो कुन्नि***
***तिमी मेरो छातीको कारागारमा***
***कैदी भयौ***
***तर तिमी अपराधी होइनौ***
***बिना कारण, विनाप्रमाण***
***कसरी थुनियौ तिमी***
***मेरो मुटुको कारागारमा***
***मेरो छातीको कारागारमा***

किताबको नाम नै 'बाँसुरी', बडो प्रतीकात्मक छ यो। बाँसुरीले कवितामार्फत विभिन्न धुन निकालेको छ। सामाजिक अन्याय, अत्याचार, शोषण, दमनविरुद्ध विद्रोहको हुंकार छ। अर्कोतर्फ, प्रेमको शान्तिमय बगैंचा स्थापना हुनु पर्छ भन्ने आग्रह पनि छ, जसमा शाश्वत प्रेमको अभिव्यक्ति होस्। कवितामार्फत नारीचेतना प्रबलरूपमा अभिव्यक्त भएको छ। ■

---

# एकरूपताका लागि

**विचार सम्प्रेषणमा** भाषाको महत्त्वपूर्ण भूमिका हुन्छ। भाषामा एकरूपता आओस् भनेर विभिन्न मुलुकका प्रकाशन गृहले शैली पुस्तिका बनाएका छन्। हाम्रो मुलुकमा भने शैली पुस्तिका नबन्दा प्रकाशन गृहका संचारकर्मीमा अन्योल यथावत् छ। सबैलाई आवश्यक पर्ने शैली पुस्तिकाको आवश्यकता पहिलेदेखि नै महसुस गरिँदै आए पनि सबैको पहँचमा पुग्न सकेको छैन। यही आवश्यकता पूर्ति गर्ने उद्देश्यले पुष्पराज आचार्य, अजित बराल र सुरेश रानाभाटले 'शैली पुस्तक' नामक किताब प्रकाशित गरेका छन्।




छापा तथा विद्युतीय सञ्चारमाध्यममा शब्दको प्रयोग जथाभावीरूपमा भएको पाइन्छ, जसले गर्दा कतिपय प्रसंग अनर्थ पनि लाग्छ। जथाभावी प्रयोग गरिने अनावश्यक शब्दबारे जानकारी दिई भाषालाई सबल बनाउने जमर्को गरिएको छ यो पुस्तकमा। पदयोग, पदवियोग, ह्रस्वदीर्घका नियमले भाषा, शुद्धीकरण अभियानमा पक्कै सहयोग पुऱ्याउने देखिन्छ। लेखनको क्रममा प्रयोग हुने चिन्हबारे पनि चर्चा गरिएको छ। लेखन शैली कसरी सरल र पाठकले बुझ्ने बनाउने भन्नेमा पनि उपयुक्त तरीका सुझाइएको छ। आखिरी भागमा एउटा राम्रो किताब तयार पार्न अपनाउनु पर्ने आधारभूत अवधारणा राखिएको छ।

लेखक, पत्रकार, शोधकर्ता, प्रकाशकलगायत लेखन क्षेत्रमा लाग्ने सबैको लागि उपयोगी यो किताब नेपाली व्याकरणको आधारभूत ज्ञान दिनसमेत सफल छ। आकारमा सानो भए पनि धेरै महत्त्व बोकेको छ यो किताबले। नेपाली लेखन कस्तो हुनु पर्छ भन्ने बहसलाई अझै अगाडि बढाउन यो किताबले पक्कै सहयोगी भूमिका खेल्न सक्छ। ■

---




**किताब** : छायाँकाल
**विधा** : कविता
**कवि** : पुष्पराज आचार्य
**पृष्ठ** : ८७
**प्रकाशक** : लेखक स्वयम्




**किताब** : बन्दी गृह
**विधा** : उपन्यास
**लेखक** : भूपेन्द्रजंग शाही
**पृष्ठ** : १०९
**मूल्य** : रु १००/-
**प्रकाशक** : मिलेनियम पब्लिकेसन्स



**किताब** : आन्दोलनका उन्नाइस दिन र सडकका कविताहरू
**कवि** : गण्डकीपुत्र
**पृष्ठ** : ३२
**मूल्य** : रु २५/-
**प्रकाशक** : निर्मला खतिवडा




**किताब** : हिमाल र छहरा
**विधा** : कविता
**कवि** : गंगानाथ कोइराला
**पृष्ठ** : ७०
**मूल्य** : रु ५०/-
**प्रकाशक** : पोखराथोक साहित्य संगम



# सेराज अहमद

■ तृष्णा राज्यश्री कुँवर

**पुसमाघको धुम्म** कुइरोभित्र राजधानी सहर हराएझैं लागिरहेछ। म दुईचारवटा काम लिएर घरबाट बाहिरिएकी छु।

'हजुरले खोज्नु'भा टेलर्स यही हो जस्तो छ हजुर !', ड्राइभरले घ्याच्च गाडी रोकेपछि टेलर्सको नामपाटी हेर्दै म त्यहीँ ओर्लन्छु, ड्राइभर गाडी पार्क गर्न पार्किङतिर लाग्छ। नयाँ सडकको व्यस्त बाटो, बल्लतल्ल बाटो काटी म लमक लमक नामपाटीमुनिको ढोकाभित्र छिर्छु।

'सेराज लेडिज टेलर्स' यहाँसम्म धाउनुको मेरो मुख्य उद्देश्य अर्थोक के हुन्थ्यो र ? उही लुगा सिउन त हो। लुगा पनि उही धेरैजसोले सिउने कुर्ता सुरुवाल नै, गर्मी आए गर्मीकै, जाडो आए जाडोकै, आइमाईको जातलाई फेसनअनुसारको स्टाइल दिनै पर्ने। कपडाको पिस देखाएपछि टेलरले क्याटलग बुक मेरो हातमा थम्याएर अर्को ग्राहकको नापो लिन थाल्छ। उसलाई भ्याई नभ्याई छ, विनिताले भनेअनुसार अहिले यो निकै नाम चलेको टेलर्स रे। जल शाह, निरुता सिंह जस्ता अभिनेत्री पनि यहीँ लुगा सिलाउँछन् रे, सिलाइ, फिटिङ सबै राम्रो छ। विनिताकै सिफारिसमा चार जोर कुर्ताको पिस बोकी म त्यो टेलर्स खोज्दै यहाँसम्म आइपुगेकी हुँ। हातले इसारा गरेपछि त्यो पसलको साहुजस्तो देखिने टेलर घाँटीमा फित्ता झुन्ड्याउँदै मेरो नजिक आउँछ। म क्याटलग हेरिवरी चार थरिका नमुना देखाउँछु। ऊ फटाफट मेरो नापो लिन थाल्छ। नापो लिन सिपालु ऊ र नापो दिन अभ्यस्त म अहिले आमुन्नेसामुन्ने छौं। म सधैंझैं आफूले लाइरहेको स्वेटर खोल्छु, ओढिरहेको सल फ्यात्त ब्यागमाथि फाल्छु, जिउ खुकुलो पार्छु मानौं म मेरो शयनकक्षको पलङमा सुत्नको लागि तरखर गर्दै छु। टेलरलाई सकेसम्म सजिलो पार्ने र सही नापो दिने उद्देश्यले मेरा हात र दिमागले स्वचालित रूपमा काम थालेका हुन्। टेलरका हातहरूले मेरो कुम, कम्मर, हिप र वक्षस्थल फटाफट नाप्न थाल्छन्। मभित्र यसपटक पनि नारीसुलभ संकोचको भावना जाग्छ, अलि खुकुलै नाप दिएर भैगो भैगो भन्दै टार्दै छिटोछिटो म त्यो काम सकाउन चाहन्छु। सकेसम्म उसका औंलाहरूले मेरो शरीरको कुनै पनि भाग नछोइयोस् भन्ने मेरो चाहना हो। जहिले पनि नापो दिंदा मलाई यस्तै हुन्छ, छिटोभन्दा छिटो यो काम सकियोस् र यो सकसदेखि मुक्ति मिलोस् जस्तो लाग्छ। एक्काइसौं शताब्दी भोगिरहेका हामी नारीमा यस्तो मनस्थिति देखिनु पछौटेपनबाहेक केही होइन भनेर तर्क गर्ने मेरा साथीसँगीहरूलाई म केही भन्न पनि सक्दिनँ। तर, तिनीहरूलाई पनि ब्लाउजको नापो दिंदा यस्तै यस्तै हुने गरेको उनीहरू नै बताउँछन् पनि। मेरो शरीरको उचाइ, गोलाइ, मोटाइ र चौडाइ इन्च टेपको फित्ताभित्र कसिएर एउटा नाप तयार हुन्छ, टेलरले त्यसलाई बिल प्याडमा टिपेर काउन्टरको घर्रामा थन्क्याउँदै मलाई बिल थमाउँछ। पन्ध्र दिनपछि बल्ल लुगा तयार हुने मिति देखेर म झसंग भएँ।

'ओ भैया ! यो त अलि ढिलो भयो, सबै जाडोको लुगा हो, के जाडो सिद्दिएपछि मैले लुगा लगाउनु ? झन् नाम चलेको टेलर भनी सोध्दै खोज्दै आएँ', मैले अलि रोष देखाएँ।

'हैन हजुर ! इद भएकोले सबै कामदार घर गएका छन्, त्यसैले केही दिन बढी लाग्छ', उसले आफ्नो विवशता मिठो बोलीबाट जाहेर गऱ्यो। मलाई उसको बोली र अनुहार अघिदेखि नै कता कता चिनेजस्तो लागिरा'छ, ऊ निकै व्यस्त छ मलाई पनि अफिस पुग्न हतारै छ, तर पनि म नबोलिरहन सक्दिनँ, 'घर कता पर्छ तिम्रो ?' प्रश्न फुस्किहाल्यो।

'कपिलवस्तु हो हजुर', ऊ अर्कै महिलाको नापो लिंदै प्रश्नको उत्तर दिन्छ। 'कपिलवस्तु कहाँनिर ?' ढोकातिर उचालिएका मेरा पाइला त्यो नाम सुन्नासाथ टक्क रोकिन्छन्।

'तौलिहवा हो हजुर', ऊ मतिर हेर्न पनि भ्याउँदैन। म फरक्क ऊतिरै फर्कन्छु।

'कतै तिमी सेराज अहमद त होइनौ ?', म उसको अनुहार पढ्दै प्रश्न गर्छु।

'हो हजुर ! कसरी चिन्नु हुन्छ मलाई ?'

ऊ तीन छक्क पर्दै मलाई चिन्ने प्रयास गर्छ।

'म सलिना ! तिम्रो सानो बेलाको साथी, चिनेनौ मलाई ?', म खुसीले चिच्याउँछु।

'सलिना वो स्कुलवाली ?', ऊ चोरऔंला मतिर ठड्याउँदै मलाई चिन्ने प्रयास गर्छ। 'हाँ हम वही स्कुलवाली सलिना', मेरो मुखबाट आज वर्षौंपछि अवधी भाषाका शब्दहरू आफसे आफ झर्दै छन्।

'अरे बाफ रे बाफ ! आज कैसे भेट हो गैल ? हम्मे त विश्वासे नाइँ हो ता', सेराज आत्तिँदै मेरो नजिक आउँछ।

'बैठल जा हम आप के खातिर स्पेसल चाय मगवाइँ', ऊ मतिर मुढा तेर्स्याउँदै एकातिर एउटा फुच्चेलाई चिया लिन दौडाउँछ भने अर्को कामदारलाई अघि नाप्दै गरेको महिलाको अपुरो नाप लिन इसारा गर्छ।

'नाहीं चाय बाद मे पियब, आज फुर्सत नाइँ बा', म घडी हेर्दै भन्छु।

'एक गिलास चाय पिते मे केतना देर लागी ?', म उसको आग्रह लत्याएर हिँड्न सक्दिनँ।

उसलाई देखेदेखि नै कता कता चिनेजस्तो लागेको उसलाई पनि त्यस्तै लागेको, वर्षौंपछि पनि मैले उसलाई चिन्न सकेको र अवधी भाषा बोल्दा हामी दुवैलाई रमाइलो लागेको दुईचारवटा कुरा चियासँगै सकाएर म हिँडें। उसले मलाई आफ्नो भिजिटिङ कार्ड थम्यायो र पार्किङसम्म पुऱ्याउन पनि आयो। म गाडीभित्र बसेपछि दुई हात उचालेर नमस्ते गर्दै लुगा छिटो सिलाउने आश्वासन दिनसमेत ऊ पछि परेन। म मेरा रसाएका

आँखाभित्रको पानी लुकाउन गाडीको सिसा माथि उचाल्छु ।

कार्यालय आइसक्दा पनि, कार्यालयको व्यस्तताबीच पनि, खाजा खाँदा पनि मलाई सेराजका पानले पहेँलिएका दाँत र चस्मा चढेका खोपिल्टा आँखाले पिछा गर्न छाडेनन् । कार्यालय समयको अन्तिम घडीसम्म पुग्दा म सेराजको नम्बर डायल नगरी बस्न सकिनँ । फोन उठाउने सेराज नै रहेछ, 'सेराज हम सलिना, तोहार दकान कै बजे तक खला रही ? काम कै बजे तक बन्द नाईं होई ?' म प्रश्नको बाछिटा बर्साउँछु ।

'सलिना आप फिर काहे एहरि आवल जाई ? कौनो नापवाप लेहले मे बिगड उगड गैल का ?', ऊ मेरो प्रश्नको आसय पेसासँग जोडेर बुझ्न खोज्छ ।

'कपडा वाला नाप त ठिके बा बकिर तोहार जिन्दगी के नापनक्सा कैसे बिगड गैल, कहिके हम बुहत सोच में हैं, बताव कब फुर्सत मिली, हम्में तोहें भेटके बतियावे के बहुत मन बा', आफ्नो इच्छा म फोनमै बताउँछु ।

'हमार का बिगडल बा सलिनाजी, अच्छा कमावत खात हैं, दुकान चल निकला है, बडे बडे मन्त्री वन्त्री के जनानी, सचिव वचिवके बिटिया, हिरोइन-मोडेल सब हमार सियावल कपडा पहिनने लगी हैं । काठमान्डो मे एतना काफी है हमरे लिए', ऊ आफ्नो सफलताको फेहरिस्त तयार गरेर मलाई सुनाउँछ ।

'ऊ बात त ठिके बा बकिर हमार मन में ऊ नाहीं कुछ दसर बात गडल बा', म मेरो जिद्दीले उसलाई बेलुका भेट्नै पर्ने गरी विवश तुल्याउँछु ।

घरमा धेरै काम छन्, आज श्रीमान्ले साथीहरूलाई खाना खान डाक्नु भएको छ, दुईजना घरेलु सहायकको सहयोगमा काम उम्काउने सल्लाह दिएर श्रीमान्सँग कुरा मिलाएँ । अत्यन्त जरुरी मिटिङको नाममा झूटोसमेत बोल्न पछि परिनँ । बालक छोरीको रुघाखोकी बिसेक भएको थिएन, स्कुलबाट आएपछि तातो खानेकुरा खाएर सुत्न अह्राइवरी म भने सेराजलाई भेट्न हिँडेँ । आज म कसैकी आमा भएको कुरा बिर्सिदै छु, श्रीमतीको कर्तव्यबाट पन्छिने कोसिस गर्दै छु । घरपरिवार, लोग्ने, छोराछोरी, साथीभाइ, इष्टमित्र, आफन्त सबलाई एकातिर छाडी सेराजलाई टपक्क टिपेर म सम्साँझै एउटा रेस्टुराँभित्र छिरेँ ।

सेराज दुई घुँडाको बीचमा हात लुकाएर अप्ठेरो मान्दै मेरो अगाडिको कुर्सीमा बसेको छ । छुस्स दाह्री पालेको, बोल्दा र हाँस्दा पानले पहेँलिएका दाँत डिच्याउने सेराज र मलाई एकैसाथ देख्दा वरपर बस्नेहरूका आँखासमेत घरीघरी हामीतिर तानिने गर्छन् । म समय, परिस्थिति, आफ्नो ओहदा पारिवारिकस्तरको कुनै परवाह नगरी सेराजको जिन्दगीको नापो लिनमै रमाइरहेकी छु ।

सेराज र म प्राथमिक विद्यालयका सहपाठी थियौं कुनै बेला, उसको भाइ मेराज मेरो भाइको साथी । घरबाट स्कुलमा आएको खाजा मैले सेराजसँग बाँडेर खान्थेँ भने भाइले मेराजसँग, उनीहरूले मैलो टालोमा पोको पारेर ल्याएको नुनरोटी र चिउरा भुजा हाम्रो तातो टिफिनसँग बराबरी बाँडिचुँडी खाँदा बेग्लै मजा आउँथ्यो । आज यो रेस्टुराँको परिकार बाँडेर खान पाउँदा

म केटाकेटी नै भएकीले घरबाट हिँडडुलमा अझै बन्देज त लागेको थिएन, तर नसुहाउने मान्छेसँग संगत नगर्नु भन्ने कडा आदेश थियो । तैपनि घरकाको आँखा छल्दै लुगासहित पोखरीमा हाम फालेर पौडी खेल्दा, जीउ नै गन्हाउने गरी माछा मार्दा र भैंसीको बुई चढ्दाको आनन्द सम्झेर हामी अहिले रोमाञ्चित भइरहेका छौं ।

मुखमा त्यही मिठास झुन्डिएको छ । खेल्दा खेरि सेराज मलाई छिर्की हानेर लडाउँथ्यो, म माथि सरेको फ्रक तल तानेर लजाउँदै भाग्थेँ, सेराज कान समातेर अबदेखि त्यसो नगर्ने किरिया खान्थ्यो । रूख चढ्न सिपालु उसले झारेका आँप म फ्रकमा बटुल्थेँ, उसले मच्ची मच्ची हाँगा हल्लाउँदा मलाई खुब डर लाग्थ्यो । हामी कहिले कुलोमा माछा माथ्र्यौं, कहिले झारबैरा टिप्न खोला किनार झाडी झाडी दुगुथ्र्यौं, कहिले पुतली समात्न बारीबारी दगुथ्र्यौं । म केटाकेटी नै भएकीले घरबाट हिँडडुलमा अझै बन्देज त लागेको थिएन, तर नसुहाउने मान्छेसँग संगत नगर्नु भन्ने कडा आदेश थियो । तैपनि घरकाको आँखा छल्दै लुगासहित पोखरीमा हाम फालेर पौडी खेल्दा, जीउ नै गन्हाउने गरी माछा मार्दा र भैंसीको बुई चढ्दाको आनन्द सम्झेर हामी अहिले रोमाञ्चित भइरहेका छौं ।

'सलिना नाम त मुसलमान्नीको जस्तो छ', ऊ मलाई जहिले पनि यही भनेर गिज्याउँथ्यो । 'आज हमके मुसलमान्नी कहिके नाईं चिढइबा ?', म ऊतिर खानेकुरासँगै प्रश्न बढाउँछु ।

'ऊ बात त बचपन के है, अब त आप आफिसर मैडम हैं', सिराजलाई मेरो बारेमा थाहा रहेछ । हाम्रो कुराकानी रात्रि भोजनसम्म लम्बिएला जस्तो छ । म मोबाइल समेत स्विच अफ गरी ढुक्क बसेकी छु । कसैलाई नसम्झी म सेराजसँगै मग्न छु, ऊ पनि मक्ख छ । हामी सानो बेलाका उटपट्याङ कुरा सम्झेर खुब हाँस्छौं । तर, जब सेराजले फिरोज टेलर मास्टर अर्थात् आफ्नो बाबुको मृत्युपछि स्कुल छाड्नुपरेको, यहाँ नुनरोटी पनि खान नजुरेपछि आमाले उनीहरू पाँचै सन्तान बोकेर माइती गाउँ भारत जानु परेको अवस्था वयान गर्छ तब मुखभित्रको मिठो गाँसबाट नमिठो स्वाद आउन थाल्यो ।

मेरा धेरै साथीहरू स्कुलबाट बर्सेनि यसैगरी हराउँदै जान्थे, क्लास चढ्दै जाँदा फिस पनि बढ्दै जान्थ्यो, जुन तिर्न सम्भव थिएन, उमेर बढ्दै गएपछि मजदुरी गरी कमाएर घरमा सहयोग नपुऱ्याए पेट भरिने थिएन । 'हमार त स्कुल मे नाउँ कटा गैल', भन्दै साथीहरू भैंसी चराउनतिर लाग्थे ।

गरिब बाबुआमामा पढाउनै पर्छ भन्ने चेतना थिएन । पढेर धेरै माथि जाने आसै थिएन बरु अलि अलि पढ्नुभन्दा हातखुट्टा बलिया हुनासाथ काममा लगाइदिन बेस मान्थे उनीहरू । अनि त पाल्नु पनि परेन, पढाउन त परै जावोस् जन्माइदिए भइहाल्यो, हुर्कनासाथ कमाउन थालिहाल्छन् ।

हाम्रा धेरै होनहार र जेहेन्दार साथीहरू स्कुलबाट यसैगरी गरिबीको दुनियाँमा हराउँदै गए । सेराज मात्रै हैन ऊजस्ता प्रतिभाशाली पप्पु, चिन्टु, बिरु र जोगिन्दरहरू एसएलसीसम्म आउनै भ्याएनन् । गरिबीको दौडमा कहाँ हराए कहाँ ? सेराज हरेक वर्ष स्कुल मा होलफर्स्ट हुने विद्यार्थी, हिसाबमा कमजोर मलाई गणित सिकाउने मान्छे, खुरुखुरु पढ्न पाएको भए आज डाक्टर, इन्जिनियर, पाइलट के हुन्थ्यो होला ? तर उसको ज्ञान, बुद्धि, सीप र क्षमताले हुर्कने मौकै पाएन, बढ्ने र तिखारिने अवसर पाएन । इन्जिनियर भएर ठूलो ठूलो योजना बनाउनु पर्ने मान्छे, घरपुल बाटोको नक्सा कोर्नु पर्ने मान्छे आज आइमाईको हिप, छाती, कुम र कम्मरको लम्बाइ, चौडाइ, गोलाइ र मोटाइ नापेर जीविका चलाउँदै छ । झुकेर लुगा सिलाउँदा आँखा कमजोर बनाएको छ, उमेर छँदै बूढो देखिएको छ । यसमा उसलाई कुनै पछुतो छ जस्तो लाग्दैन, तर यस्तोमा हामी सहुलियत पाएर हुर्केकाहरूलाई निकै थकथक लाग्छ । सेराजजस्ता साथीहरू काठमाडौंमा दिनहुँ भेटिन्छन्, फुटपाथदेखि चोक गल्लीहरूमा, होटल पसलदेखि कसैका घरहरूमा । कोही घरेलु कामदार, कोही खुद्रे व्यापारी, कोही भरिया, कोही पियन पाले यस्तै यस्तै पेसाकर्मीको रूपमा कहिले कसो जम्का भेट भइरहन्छ । कसैले मलाई चिन्दैनन् कोहीलाई म आफै चिन्न सक्दिनँ । चिनेर बोलिहालेँ भने यसैगरी मन कुँडिन्छ । हो ! पढ्न पाएका भए आज यिनीहरू देशका औंलामा गन्नलायक मान्छे हुन्थे होलान्, देश हाँक्ने, प्रशासन चलाउने, विदेशमा नेपालको प्रतिनिधित्व गर्ने काम गरिरहेका भेटिन्थे होलान् । गरिबी सामाजिक विभेद, गोरो छाला र सेतो छाला, पहाडिया र मधेसियाको वर्ग विभाजनकै कारण उनीहरू जीवनको दौडमा पछाडि परे । हामी औसत दिमाग भएकाहरू उनीहरूले छोडिदिएको बाटोमा आज अगाडि छौं । मलाई सधैं आफूले सेराजहरूको भाग खोसेजस्तो लाग्छ र भन्न मन लाग्छ, 'तिमीहरू गरिब छौ र त हामी धनी छौं, तिमीहरू कजिन बाध्य छौ र त हामी कजाउन पाइरहेका छौं, तिमीहरूले छोडेको मैदानमा विनाप्रतिस्पर्धा हामी एक्लै दौडिन पाइरहेका छौं, तिमीहरू केही नभएकाले त हामी केही न केही हुन पाइरहेका छौं', बस्दा बस्दै मेरो टाउको भारी हुन्छ, मन अमिलिन्छ । कुपुकुपु खाइरहेको सेराजतिर टाउको उचालेर प्रश्न गर्छु, 'तोहार भाइ मेराज के का हालचाल बा ?', ऊ रोकिएर जवाफ दिन्छ, 'ऊ त भारत में आतंकवादी खेमा में चल गैल, के जान जियत बा कि मर गैल, ओकर कौनो पते नाहीं', सेराजको उत्तरसँगै मेरो हातको गिलास भुइँमा छन्द्रङ गर्दै खस्छ । ती काँचका छरिएका टुक्रा भरी घरि सेराज घरि मेराजको बालापनको अनुहार अट्टहास गर्न थाल्छ, मलाई भाउन्न हुन्छ म घुप्लुक्क त्यहीँ लड्छु । ■

# बन्नुपर्छ छुट्टाछुट्टै



तस्वीरहरू : समय

▲ कमलादीस्थित प्रज्ञा प्रतिष्ठान

**भाषा/साहित्य** संगीत नाट्य र ललितकलाको छुट्टै एकेडेमी बन्नु पर्छ भनी दुई दशकदेखि उठ्दै आएको बहसले अहिले तातो रूप लिन थालेको छ। लोकतान्त्रिक आन्दोलनको सफलतापछि स्रष्टाहरूले यो विषय प्रमुखतासाथ उठाउँदै आएका छन्। सबै विधाको समुचित विकासका लागि विगतमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको भूमिका प्रभावकारी नभएको अवस्थामा छुट्टै एकेडेमी स्थापना हुनु पर्ने उनीहरूको धारणा छ। कलाकार किरण मानन्धर भन्छन्, 'साहित्य, कला, संगीत, नृत्यलगायत सबै विधालाई एउटै एकेडेमीअन्तर्गत राख्दा प्रभावकारी नभएको स्पष्ट देखिएको छ। तसर्थ, अब पनि सबै विधाको लागि एउटै एकेडेमी भए पुगिहाल्छ नि भनेर पुरानो गल्ती दोहोर्‍याउनु हुँदैन।'

ललितकला लोकतान्त्रिक अभियानको नामबाट कलाकारहरू जागरुक भएर लागेका छन्, ललितकला एकेडेमी स्थापनाका लागि। नाफा, नेपाल आर्ट काउन्सिलको पुनर्संरचना हुनु पर्छ भनी जुर्मुराएका कलाकारहरूले एकेडेमी स्थापनाको मागलाई मूल एजेन्डा बनाएका छन्। हुन पनि, अहिले पनि नाफामा दरवारिया दबदबा कायम छ भने ४४ वर्षदेखि शाही सरकारका पूर्व उपाध्यक्ष कीर्तिनिधि विष्टले आर्ट काउन्सिलको अध्यक्ष पद ओगटेका छन्। अभियानका संयोजकसमेत रहेका कलाकार मानन्धर भन्छन्, 'मुलुकमा लोकतन्त्र आए पनि कलाकारले त्यो अनुभूत गर्न पाएका छैनन्। त्यसैले उनीहरू संघर्षमा छन्, हक प्राप्त नभएसम्म पछि हट्नेछैनन्।' प्रज्ञाप्रतिष्ठानको कलाकौशल विभाग खारेज भएर छुट्टै ललितकला एकेडेमी नबनेसम्म कलाकारले प्रज्ञाप्रतिष्ठान बहिष्कार गर्ने अभियानले जनाएको छ।

त्यस्तै संगीतकर्मीले पनि छुट्टै एकेडेमीको माग उठाउँदै आएका छन्। विश्वका धेरैजसो मुलुकमा हरेक विधाको छुट्टाछुट्टै एकेडेमी भएको अवस्थामा लोकतन्त्र स्थापनापछिको सरकार विभिन्न बहाना झिकेर यो मुद्दाबाट पछि हट्न नमिल्ने विचार राख्छन्, संगीतकर्मी रायन। उनी भन्छन्, 'गीत-संगीतलाई वास्तविकरूपमै जनताका सामु पुर्‍याउनको लागि पनि छुट्टै संगीत एकेडेमी आवश्यक पर्छ।' उता साहित्यकार वैरागी काइँला नयाँ एकेडेमी गठनको विषयलाई सकारात्मकरूपमा लिए पनि फरक मत राख्छन्। उनी भन्छन्, 'प्रत्येक विधाको छुट्टाछुट्टै एकेडेमी बने पनि अहिलेको प्रज्ञाप्रतिष्ठानचाहिँ मूल एकेडेमीको रूपमा रहनु पर्छ, जहाँ सबै विधाको विषयमा बृहत्तर अन्तरसंवाद हुन सकोस्।'

राजा महेन्द्रले चार दशकअघि सर्जकहरूलाई दरवारको इसारामा चलाउन सकियोस् भन्ने उद्देश्यले प्रज्ञाप्रतिष्ठान स्थापना गरेका थिए। भाषा, गैरप्राज्ञिक मनसायले स्थापित प्रज्ञाप्रतिष्ठान स्थापनाकालदेखि नै आम सर्जकको संस्था बन्न सकेन। त्यसैले होला, साहित्य, भाषा, कला, संगीतका सर्जकलाई प्रज्ञाप्रतिष्ठानले समेट्न सकेन भन्ने गुनासो पहिलेदेखि नै सार्वजनिक हुँदै आएको छ। साहित्यकार नारायण ढकाल भन्छन्, 'धेरै विधाको एउटै एकेडेमी हुँदा एउटा विधाको प्राज्ञले अर्को विधाको अस्तित्व स्वीकार नगर्ने अवस्था आउँछ। त्यसैले प्रत्येक विधाको विशिष्टीकरणका लागि पनि छुट्टै एकेडेमी चाहिन्छ।'

प्रज्ञाप्रतिष्ठानले साहित्य, कला, संगीत, संस्कृति, समाजशास्त्रलगायत सबै विधालाई समेट्ने भनिए पनि स्थापनाकालदेखिको इतिहास कोट्याउँदा पनि प्रज्ञाप्रतिष्ठानको नेतृत्व तहमा साहित्यकारहरूकै वर्चस्व कायम रहेको देखिन्छ। एकजना लैनसिंह वाङ्देललाई छाडेर अहिलेसम्म प्रज्ञाप्रतिष्ठानका सबै उपकुलपति साहित्यकार नै रहेका छन्। त्यसो त उपन्यासकार वाङ्देलको साहित्यिक व्यक्तित्व पनि उत्तिकै प्रखर छ।

विधागत रूपमा एकेडेमी बन्नु पर्छ भन्नेमा आम साहित्यकारको मतैक्य छ। साहित्यकार अमर गिरी भन्छन्, 'प्रज्ञाप्रतिष्ठानको पुनर्संरचना अहिलेको प्रमुख अभियान हो, यसै अभियानअन्तर्गत नयाँ एकेडेमीको अवधारणालाई पनि मूर्तरूप दिनुपर्छ।'

छुट्टाछुट्टै एकेडेमी स्थापना गर्दा सरकारलाई पर्ने थप आर्थिक भारको कुरासमेत उठिरहेको छ। तर, यो नयाँ एकेडेमी नबनोस् भन्नाका लागि झिकिएको एउटा बहानामात्र हो भन्ने तर्क राख्छन्, साहित्यकार हरिगोविन्द लुइँटेल। उनी भन्छन्, 'सांस्कृतिक संस्थानलाई संगीत, नाट्य र नाफालाई ललितकला एकेडेमीको रूपमा विकास गर्न सकिन्छ। यसो गर्दा सरकारलाई थप व्ययभार खासै पर्दैन।'

नयाँ एकेडेमी गठनका लागि विगतमा प्रयास नभएका भने होइनन्, तर तिनले मूर्तरूप पाएनन्। २०५१ सालको एमाले अल्पमत सरकारका पालामा नयाँ एकेडेमीसम्बन्धी अवधारणा प्रस्तुत गर्न एउटा कार्यदल नै बनेको थियो। संगीतकार अम्बर गुरुङ, रामेश, रायन र नरराज ढकाल रहेको उक्त समितिले त्यति खेर नै संगीत, नाट्य, साहित्य, भाषा र ललितकलाको छुट्टाछुट्टै एकेडेमी बन्नु पर्ने सुझाव दिएको थियो। एमाले सरकारबाट हटेपछि नयाँ एकेडेमीको विषय नै बेबारिसे बनेको थियो। संगीतकार अम्बर गुरुङ दुखेसो गर्छन्, 'नयाँ एकेडेमी बन्नु पर्छ भन्ने आम सर्जकको मागलाई त्यसपछिका सरकारले राजनीतिक चस्माले मात्र हेरे।'

■ छत्र कार्की/काठमाडौं



◀ नेपाल ललितकला संस्था

# बोल्ड एन्ड ब्युटिफुल



**गत साता प्रतिनिधिसभाबाट** आमाको नामबाट नागरिकता पाउन सक्ने प्रावधान पारित हुँदै गर्दा नायिका तथा ग्याम्प मोडलिङकी चर्चित अनुहार पूजा प्रधान इन्टरनेट मनोरञ्जन पत्रिका साइबरसंसार डटकमका लागि 'स्विमसुट' फोटो खिचाइरहेकी थिइन्, काठमाडौँनजिक त्रिशूली नदीमा । प्रतिनिधिसभाको यो निर्णय पूजाले जब बेलुकी थाहा पाइन्, उनी दंग परिन् ।

आफ्नो मनपर्दो 'कर्ली' कपाल सम्म्याउँदै पूजाले भनिन्, 'पारिवारिक जीवनमा पुरुषहरूबाट तितो व्यवहार भोगेका मेरी आमाजस्ता हजारौँले बाबुबाटै नागरिकता दिलाउनु पर्ने अवस्था अब रहेन ।'

पूजाको बाबुआमाको सम्बन्ध उति राम्रो भएन । सानै उमेरमा प्रेमविवाह गरेकी उनकी प्रधान आमाको सम्बन्ध गुरुङ बाबुसँग खासै जमेन । एक्ली आमाले तीन सन्तान हुर्काउन कम्ता संघर्ष गर्नु परेन । छोराछोरी हुर्किए अनि नागरिकताका लागि त्यही पुरुषसँग हात फैलाउनु पर्‍यो ।

तीन सन्तानमध्ये माहिली पूजाले सानैमा यी सबै कुरा भोगेकाले हुन सक्छ, उनमा समाज र व्यक्तिहरूप्रति संघर्ष गर्ने र केही गरेर देखाउने भावना पलाएको थियो । सानैमा उनी भविष्यमा 'श्रीदेवी' बन्छु भन्थिन् । कलाप्रतिको लगाव र पर्दाको आकर्षण त्यति बेलै उनमा गाँसिएको थियो ।

यतिखेर नेपाली ग्ल्यामर उद्योगमा उनको स्थिति के छ त ? २१ वटा म्युजिक भिडियो, पाँचवटा साना-ठूला पर्दाका चलचित्र र ग्ल्यामरस छवि पाएकी छन् उनले ।

पन्ध्र वर्षकै उमेरमा ग्याम्प मोडलिङ र त्यसपछि चलचित्र 'हिरो'मा मौका पाएकी उनी लोकगीतको म्युजिक भिडियोमा सबैभन्दा भाग्यमानी मोडलका रूपमा चिनिन्छिन् । अहिले म्युजिक भिडियोकी चर्चित अनुहारका रूपमा गनिएकी उनको पोल्टामा वनमा काँडा छ, माझीदाइ, छमछम नाचिदेऊलगायत दसवटा गीत छन्, जसलाई लोकगीतको व्यवसायिक आँकडामा सबैभन्दा बढी बिक्री भएका एल्बमका रूपमा लिइन्छ ।

लोकभिडियोमा चर्चित पूजाको अनुहार मूलधारको नेपाली चलचित्रमा चर्चामा आउन सकेन, किन ? 'म सोच्थेँ, राम्रो काम गर्‍यो भने मानिस खोजीखोजी आउनेछन्, तर म गलत रहेछु', पाँच वर्षपछि नेपाली चलचित्रमा अभिनयको दोस्रो चरण सुरु गरेकी पूजाको 'अभिमन्यु'ले राजधानीबाहिर राम्रो प्रतिक्रिया पाएकोमा उनी खुसी छन् । उनी भन्छिन्, 'देशमा शान्ति छाउने स्थिति छ, चलचित्र स्वभाविक रूपमा बढी बन्नेछन् र मेरो चलचित्र क्षेत्रमा पुनः प्रवेशलाई दर्शकले राम्रो रूपमा लिनेछन् ।'

सफलताको यो कथाले मात्र खुसी भइरहेकी होइनन् पूजा, साइबर संसारले उनलाई 'स्विमसुट'मा प्रस्तुत गरेपछि सकारात्मक-नकारात्मक दुवै किसिमका प्रतिक्रियाले उत्साहित बनेकी हुन् । 'समाज कुरा काट्नका लागि हो', फोटो हेरेर नकारात्मक टिप्पणी गर्नेहरूप्रति लक्षित हुँदै पूजा भन्छिन्, 'उनीहरू महिला दास नै रहून्, घरबारमै सीमित हुन् र समाजको आसयभन्दा भिन्न काम नगरून् नै भन्ने चाहन्छन् ।'

एक्काइस वर्षीया पूजाले स्विमसुट सेसनपछि पाएको नकारात्मक प्रतिक्रियालाई आलोचनात्मक रूपले हेरेकी छन् । 'खासमा समाजसँग म अलि अभ्यस्त छुइनँ । उसले बनाएका कतिपय बन्धनप्रति मलाई घृणा छ । समाजले पुरुषहरूका लागि मात्र स्वतन्त्रता निश्चित गरेको छ, महिलाका लागि होइन । यस्तो समाजको खुसीका लागि मात्र म प्रस्तुत हुन सक्दिनँ', उनी आक्रोश व्यक्त गर्छिन्, 'यस्तो विद्रोह गर्नेलाई अनेक उपनामले विभूषित गर्ने प्रयास गर्छ समाजले ।'

यसको अर्थ के होइन भने उनी विवाह, प्रेम र यौनका मामिलामा पनि खुला छिन् । उनी प्रेमलाई 'सही व्यक्तिको सही समयमा छनोट' ठान्छिन् भने त्यस्तो व्यक्तिसँगको विवाहलाई उचित ठहर्‍याउँछिन् । तर, त्यो सही व्यक्तिसँग विवाहअघि हुने यौनजन्य क्रियाकलापप्रति उनी अलि लजालु छिन् ।

विवाहअघि समाजसँग संघर्ष गर्न रुचाए पनि विवाहपछि उनी अहिलेको जस्तो खुला हुन नसक्ने बताउँछिन् । बिहेपछि समाजसँग उनले सम्झौता गर्छिन् त ? 'बिहेपछि म एक्ली हुन्नँ', उनको तर्क छ, 'श्रीमान्सँगै उनको परिवारसँग जोडिएको सामाजिक मान्यता पनि सँगसँगै हुन्छ । त्यसले मेरो भावना बुझ्लाजस्तो लाग्दैन । तर, बुझ्यो भने संसारकी खुसी महिलाहरूमध्ये म पनि एक हुनेछु ।'

तर उनले अहिले नै बिहेबारे सोचेकी छैनन् । देशमा शान्ति स्थापनालगत्तै चलचित्र निर्माणमा आएको सकारात्मक प्रभावमै केन्द्रित हुन चाहन्छिन् । उनी अबको एक दशकमा आफूलाई एक असल अभिनेत्रीको रूपमा उभ्याउन संघर्षरत हुने चाहना व्यक्त गर्छिन् ।

■ अच्युत कोइराला/काठमाडौँ

तस्वीर : साइबरसंसारडटकम

# सौखले गायक

**दिनरात नभनी** वर्षौंसम्म साधना गर्दा पनि नारायणगोपालका गीत गाउन हम्मे पर्ने गायकलाई माथ गरिदिए, गत साता होटल सोल्टीमा रघु शाहले । कहिल्यै गायकका रूपमा माइकका अगाडि नआएका रघु शाहले नारायणगोपालका पन्ध्रवटा गीत लगातार गाउँदा कसैले विश्वासै गरेनन्, उनले संगीत साधना गरेका छैनन् भनेर ।

उनी सांगीतिक पारिवारिक पृष्ठभूमिबाट आएका पनि होइनन् र नारायणगोपालका गहकिला गीत गाएर तीन घन्टासम्म दर्शकलाई मन्त्रमुग्ध बनाउदा पनि आफूलाई गायक भनेर चिनाउन चाहँदैनन् । 'म नारायणगोपालका गीतलाई असाध्यै माया गर्छु, उनका लोप हुन लागेका गीत बचाउनु पर्छ भन्ने मान्यतालाई प्राथमिकता दिन्छु, बस् म यत्ति हुँ,' उनी सुनाउँछन् ।

उनी यसअघि कहिल्यै गीत गाउन स्टेजमा गएका थिएनन् । साथीसँगीले भनेका थिए, 'पहिले गीत गाएको छैनस्, पन्ध्रवटा गीत गाउँदा गाह्रो पर्ला ।' मैले गाइसकेपछि सबैले भने, 'स्वरका लागि रियाज गरेकै हुनु पर्छ ।'

५० वर्षको उमेर उकालो लाग्दै गर्दा पहिले कहिल्यै गीत नगाएको व्यक्तिका लागि नारायणगोपाल गीत गाउन कम्ती चुनौतीको विषय थिएन । 'मैले गाएर देखाउने प्रयास गरेँ', नारायणगोपालका सदावहार गीतले भरमग्दुर मनोरञ्जन दिन सफल भएका शाहको भनाइ छ ।

यो कार्यक्रमबाट उठेको पैसा नारायणगोपाल संगीत शिक्षालयमा संगीत सिक्न आउने विद्यार्थीहरूका लागि छात्रवृत्ति दिने बताएका छन् शाहले । 'म गायक त हुइनँ, मौका मिल्यो र स्वरले साथ दियो भने फेरि पनि पक्कै गाउनेछु ।' ■



तस्वीरहरू : समयरु



# 'शक्तिशाली' जिम्मेवारी

**बोधराज निरौला,** पेसाले शिक्षा तथा खेलकुद मन्त्रालयका सहसचिव हुन् । तर, उनले यसै साता नेपाली खेलकुदको सर्वोच्च खेलसंस्था राष्ट्रिय खेलकुद परिषद् (राखेप)को गहन जिम्मेवारी पाएका छन् । यसअघि अर्थ मन्त्रालयमा बसेर काम गरिसकेका निरौला राखेपको 'शक्तिशाली' मानिने सदस्य-सचिव पदमा नियुक्त भएका छन् । लोकतन्त्र बहालीपछि यो पद करिब एक महिना रिक्त रहेको थियो ।

'मेरो तत्कालको काम भनेको परिषद्को दैनिक काम सञ्चालन गर्नु र आसन्न दसौं सागको तयारी गर्नु हुनेछ', मन्त्रीस्तरीय निर्णयपछि अर्को व्यवस्था नभएसम्म परिषद् सञ्चालन गर्ने गहन जिम्मेवारी पाएका निरौलाले *समय*सँग भने ।

निरौला राखेपका सोह्रौं सदस्य-सचिव हुन् । उनी मन्त्रालयबाटै खेलकुद परिषद्को सदस्य-सचिव बन्ने दोस्रा व्यक्ति हुन् । यसअघि २०५२ सालमा मन्त्रालयकै शरदकुमार भट्टराई छोटो समयका लागि राखेपको सदस्य-सचिव नियुक्त भएका थिए । ■






युवराज घिमिरे

## शून्य समय

# के जनता सधैं भेडै बन्नु पर्छ ?

**विश्व प्रख्यात** चिन्तक तथा बौद्धिक विद्रोही नोम चोम्स्कीले 'पब्लिक रिलेसन'लाई सामान्य जनताको सोच र दिमाग नियन्त्रित गर्ने धन्धाका रूपमा चित्रण गरेका छन् । यसलाई उनले जनताको सोच र चिन्तनलाई नियन्त्रित गर्ने धनीहरू तथा निहीत स्वार्थवाला वर्गको अभियानका रूपमा प्रस्तुत गरेका छन् र त्यसमा सञ्चारमाध्यमको भूमिकाको पनि आलोचना गरेका छन् । चोम्स्कीको विश्व मान्यतामा अमेरिका स्वयं नै त्यस्तो मुलुक हो, जसले यस्तो अभियान आफ्नो निहित स्वार्थका लागि आविष्कार मात्र गरेको हैन, त्यसलाई निरन्तरता पनि दिएको छ ।

यो अभियानद्वारा सञ्चारमाध्यमलाई निकै हदसम्म प्रभावित गरिँदा त्यसले जनताको सत्य तथ्य जान्ने अधिकार पनि विचलित भएको उनले तर्क प्रस्तुत गरेका छन् । लाग्छ, यस्तो अभियान विश्वका विभिन्न मुलुकहरूमा अपनाइएको छ केही मौलिक र स्थानीय संशोधनका साथ । नेपालमा हालैको राजनीतिक परिवर्तनपछि खासगरी पुनःस्थापित प्रतिनिधिसभाले सामान्य नागरिकको दिमाग र सोचलाई प्रभावित गर्ने कोसिस गरेको छ, त्यो अद्भुत प्रकृतिको छ ।

वैशाख ११ गतेको शाही घोषणापछि आन्दोलन स्थगित हुनु स्वभाविकै थियो । पुराना गल्तीहरू नदोहोऱ्याउन जनतासमक्ष यसबीच पटक पटक शपथ लिएका नेताहरूप्रति उनीहरूले विश्वास गर्न थाल्नु पनि अर्को स्वभाविक प्रक्रिया मान्नु पर्छ । तर, अमेरिकी कर्पोरेट शैलीमा नै प्रतिनिधिसभाले आफूलाई सर्वोच्चदेखि लिएर सर्वशक्तिशाली घोषित गर्ने काममा जनताकै नाम बेचेर उनीहरूको सोच तथा राजनीतिक प्रतिबद्धताको उपहास गरेको छ । अर्को शब्दमा प्रतिनिधिसभाले जनतालाई केवल नेताको अनुसरण गर्ने भेडाको रूपमा प्रस्तुत गरेको छ । 'तिम्रो चाहना र मान्यता सांसदको शब्दबाट प्रभावित र परिभाषित हुनु पर्छ । तिमी आन्दोलनमा किन आयौं, त्यसको लक्ष्य तिमीले हैन, प्रतिनिधिसभा र सांसदहरूले भन्नेछन् ।'

अर्थात् दक्षिण एसियामा केही ठूलाबडाहरूको समूहले (एलिट्स)ले सम्पूर्ण रूपमा 'आमचिन्तन'लाई नियन्त्रण गर्ने मात्र हैन, त्यो उनीहरूले ठेक्काअन्तर्गत पर्ने दाबी गर्दै आएका छन् । र, सर्वसाधारण जनतालाई आफ्नो त्यो हैसियत स्वीकार गर्न बाध्य र विवश पनि तुल्याउँदै आएका छन् । हालैको आन्दोलनले राजाको विरोध गरे पनि राजाको त्यो प्रवृत्ति ग्रहण गरेको प्रतिनिधिसभाविरुद्ध पनि जनता उत्रन सक्ने कुरा सदनले बुझ्न सकेको छैन । यो आन्दोलन विशेष प्रवृत्तिका साथै विशेष वर्गीय चरित्रविरुद्ध पनि हो ।

वर्तमान सरकारले प्रतिनिधिसभालाई आफ्नो 'मसल पावर'का रूपमा प्रयोग गरेको छ जनताका नाममा । त्यस्तै शक्ति प्रदर्शन गर्न पछि हटेन, माओवादी पनि काठमाडौंमा गत साता आयोजित आमसभामा जबरजस्ती भीड एकत्र गर्न । बसहरू जबरजस्ती अपहरण गरिए, बलपूर्वक नागरिकहरू ल्याइए । अवश्य पनि माओवादी समर्थक र कौतुहलतावश पनि मानिस ठूलो संख्यामा उपस्थित थिए आमसभामा । तर, 'जबरजस्ती'का सिकारहरूको संख्या पनि कम थिएन । अनि प्रतिनिधिसभामा उपस्थित दल र माओवादी वर्गीय चरित्रमा अन्तर नै के भयो र ? जनता निर्भीक र स्वतन्त्ररूपमा आफ्नो यात्रा निर्धारण गर्न सक्तैन भने ऊ भेडो बन्न बाध्य हुन्छ ।

अस्तिसम्म राजा र अहिले राजनीतिक दलहरू तथा पुँजीमा नियन्त्रण भएको वर्ग- उद्योगी व्यवसायी समूह एकातिर र अर्कोतर गैर-सरकारी संस्थाहरूको ठूलो संजाल (केही अपवादबाहेक)ले पनि त्यही जनविरोधी वर्गीय चरित्र प्रदर्शन गरिरहेका छन् जनताका नाममा । हिजो राजाको अभिनन्दन र त्यसमा ल्याइएका भीडले जनतालाई 'भेडा'का रूपमा प्रस्तुत गरेको थियो अवश्य पनि । जन्मजात राजा महान् हुन्छन् र जनता पिछलग्गु, यही नै थियो राजाका तर्फबाट लाद्न खोजिएको सन्देश ।

र राजा ज्ञानेन्द्रको त्यो सोचलाई संचारमाध्यममा ठूलाठूला विज्ञापनमार्फत स्वागत गरिएका थिए, पहिला असोज १८ र पछि माघ १९ गते । 'पावर अफ प्रोपोगन्डा' माथिको विश्वास र सत्तासँगको निकटताको खास अर्थ राख्ने हुनाले त्यसो गरिएको थियो । उता सुशासन, पारदर्शिता र भ्रष्टाचार विरोधको अभियानमा संलग्न गैससहरूमा अब तिनै दुर्गुण हावी भएको देखिन्छ । वंशवाद नभनौं, तर पारिवारिक घेराबाट संचालित छन् तिनीहरूमध्ये अनेक । अथवा राजनीतिकका नाममा हावी भएको विशेष वर्गवाद विशेष परिवारवादका रूपमा गैससमाथि हावी भएको छ ।

राजनीतिक जस्तै व्यापारिक-औद्योगिक तथा गैससमा 'मर्यादा' वा 'नैतिक मूल्य'मा ह्रास आउँदा यी विचलन देखा परेका हुन् । र, यसले गर्दा समाजका विकृतिहरूलाई हरेक संस्था, समाज या राष्ट्रको लघुरूप भएको तर्क दिँदै बेवास्ता गर्न सहज भएको छ । त्यो प्रवृत्तिले ती विचलनलाई निरन्तरता पाउन सहज बनाउँछ । राजनीतिक दलहरू जस्तै व्यापारिक-औद्योगिक संस्थाहरू तथा गैससको सार्वजनिक अनुहार र दायित्व पनि हुने हुनाले उनीहरूको 'स्क्रुटिनी'का केही संयन्त्रहरू निर्माण हुनै पर्छ । एक्सन एडले हुरु गरेको 'सार्वजनिक अडिट' एउटा अत्यन्तै सकारात्मक पक्ष हो, तर त्यसको व्यापकीकरणमा माथि उल्लिखित संस्थाहरूलाई पनि त्यसमा सामेल गरिनु आवश्यक छ ।

अनि यी सबैमा संचारमाध्यम कहाँ त ? स्वभाविकरूपमा ऊ सार्वजनिक दायित्वबाट मुक्त हुन सक्तैन । अवश्य पनि यसको स्वतन्त्रका र स्वायत्ततालाई राज्य र विद्रोही पक्षले कुण्ठित गर्ने प्रयास गर्नु कदापि हुँदैन । तर, 'सार्वजनिक अडिट्' वा अन्य संस्थागत स्क्रुटिनीको दायराबाट ऊ मुक्त हुन सक्दैन । किनकि सञ्चारमाध्यम जवाफदेहिताको घेराबाट उम्कन पाउँदैन । सरकारको नियन्त्रण र हस्तक्षेपका माथि रहने संचारमाध्यमको स्वविवेकीय संवेदशीलता तथा दायित्व अझ ठूलो र फराकिलो हुनु आवश्यक छ । त्यसो भए मात्र विशेष वर्ग या शक्ति सम्पन्नहरूको समन्वयबाट स्थापित हुने यथास्थितिवाद तथा त्यसका कारण ठूलो संख्यामा 'भेडा' बन्दै आएका जनता 'जज' बन्न सक्नेछन् । र, सानो वर्गको विशेषअधिकार शान्तिपूर्ण तरिकाले विपरित हुनेछ सर्वसाधारणमा । ■

वैशाख ११ गतेको शाही घोषणापछि आन्दोलन स्थगित हुनु स्वभाविकै थियो । पुराना गल्तीहरू नदोहोऱ्याउन जनतासमक्ष यसबीच पटक पटक शपथ लिएका नेताहरूप्रति विश्वास उनीहरूले गर्न थाल्नु पनि अर्को स्वभाविक प्रक्रिया मान्नु पर्छ । तर, अमेरिकी कर्पोरेट शैलीमा नै प्रतिनिधिसभाले आफूलाई सर्वोच्चदेखि लिएर सर्वशक्तिशाली घोषित गर्ने काममा जनताकै नाम बेचेर उनीहरूको सोच तथा राजनीतिक प्रतिबद्धताको उपहास गरेको छ । अर्को शब्दमा प्रतिनिधिसभाले जनतालाई केवल नेताको अनुसरण गर्ने भेडाको रूपमा प्रस्तुत गरेको छ ।